
# गण्डकी प्रदेशको वन क्षेत्रको रणनीतिक योजना (वि.सं.२०८१–२१००)




वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

२०८१

# कार्यकारी सारांश

गण्डकी प्रदेश वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदा र पर्यापर्यटनको दृष्टिकोणले सम्पन्न रहेको छ। यस प्रदेशको कूल भूभागको ३५.८५ प्रतिशत वन तथा ५.४ प्रतिशत बुट्टयानले ढाकेको छ। प्रदेश भर विभिन्न ८ वटा वानस्पतिक क्षेत्र र २४ वानस्पतिक प्रकार रहेकोमा सबैभन्दा धेरै चिलाउने-कटुस वनले २३.४५ प्रतिशत र पहाडी साल वनले २३.०९ प्रतिशत वनको भूभाग ओगटेको छ।

वन पैदावारको अलावा विभिन्न किसिमका वातावरणीय सेवाहरु प्रदान गरिरहेको यस प्रदेशमा २५० भन्दा बढी प्रजातिका व्यापारिक महत्वका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरु पाइन्छन्। यसबाट स्थानीय रोजगारी र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुगेको पाइन्छ। यस प्रदेशमा हालसम्म ३,९७१ वटा सामुदायिक वन उपभोक्ता समुह, १,१३३ वटा विपन्नका लागि उपलब्ध गराइएको कबुलियती वन, १ वटा व्यवसायिक कवुलियती वन, ३८ वटा धार्मिक वन, १ वटा साझेदारी वन, १ वटा चक्ला वन र ४२१ वटा दर्तावाला निजी वन रहेको तथ्याङ्कले देखाउँछ।

आ.व. २०८०/८१ मा प्रदेश भित्रको सामुदायिक वनहरुबाट ५,४४,९८७ घनफिट काठ र ७६० चट्टा दाउरा, साझेदारी वनबाट १८,०७१ घनफिट काठ र ३२ चट्टा दाउरा, सरकारद्वारा व्यवस्थित वनबाट ४७,७६८ घनफिट काठ र १५४ चट्टा दाउरा र निजी वन तथा नम्वरी आवादी जग्गामा भएका रुखहरुबाट १४,६३,०९१ घनफिट काठ र १७१८ चट्टा दाउरा वार्षिक रुपमा उत्पादन भएको पाइन्छ। गण्डकी प्रदेशमा आंशिक रूपमा फैलिएको चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्ष तथा यस प्रदेशमा मात्र सम्पुर्ण रूपमा फैलिएको अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रले गण्डकी प्रदेशको कुल भूभागको ४५.६८ प्रतिशत ओगटेको छ र समग्रमा  नेपालको कूल संरक्षित क्षेत्रको करीव २९.१७ प्रतिशत (१०,०३९.५१ वर्ग कि.मि.) भूभाग यस प्रदेशमा पर्दछ।। प्रदेशमा कुल कार्बन उत्सर्जन ४२५३.४२ गिगाग्राम कार्वन डाइअक्साइड बराबर (Gg $CO_2$-eq) र कुल कार्वन संचितिकरण २३३०.७९ गिगाग्राम कार्वन डाइअक्साइड बराबर (Gg $CO_2$-eq) रहेको छ।

प्रदेशमा अवस्थित वन व्यवस्थापनका लागि सङ्घीय वन नीति २०७५; वन ऐन, २०७६ तथा वन नियमावली २०७९ लागू भएको छ भने गण्डकी प्रदेशले आफ्नो वन ऐन, २०८० र वन नियमावली, २०७९ बनाई लागू गरेको छ। यसै गरी प्रादेशिक वन नियमावलीको मस्यौदा तयार गरी छलफलको क्रममा रहेको छ। हालै राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१-२१००) तयार भै लागु भैरहेको छ। तथापी गण्डकी प्रदेशको लागि छुट्टै रणनीतिक योजना तयार भैसकेको छैन।

गण्डकी प्रदेशमा समग्र वन क्षेत्र सन् २००० को तुलनामा वृद्धि भएको भएता पनि स्थान विशेष वन अतिक्रमण, वन विनाश र क्षयीकरण भने भइरहेको छ। वनको दिगो व्यवस्थापन हुन नसकी

वनको उत्पादकत्व अत्यन्तै न्यून रहेको छ। हाल करिब ४० प्रतिशत सामुदायिक वनको कार्ययोजना नवीकरण हुन सकेको छैन।

गण्डकी प्रदेशमा वन व्यवस्थापन, वन पैदावरमा आधारित औद्योगिक विकास, ताल तथा तलैया संरक्षण, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा संवर्धन र दिगो जलाधार व्यवस्थापनमा विविध समस्या र चुनौतीको बाबजुद पनी वन स्रोत, संस्थागत संरचना र दक्ष जनशक्तिको समुचित प्रयोग गरी यस प्रदेशमा वन व्यवस्थापन, पर्यापर्यटन तथा हरियाली प्रवर्धन गर्दै स्थानीय रोजगारी र राष्ट्रिय समृद्धिमा योगदान पुर्याउन सक्ने प्रशस्त अवसरहरु रहेका छन्।

गण्डकी प्रदेशका दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, पर्यावरणीय सन्तुलन, जलाधार संरक्षण तथा दिगो व्यवस्थापन, शहरी हरियाली प्रवर्धन, गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन एवम् वन उद्यम विकास, स्थानीय रोजगारी वृद्धि र दिगो आर्थिक विकासका लागि यो रणनीति तर्जुमा गरिएको छ। प्रदेशको वनको रणनीति निर्माण गर्दा वनको दिगो व्यवस्थापनः जलवायु, उत्पादकत्व वृद्धि र वन उद्यमद्वारा स्थानीय रोजगारीको सिर्जना र प्रादेशिक अर्थतन्त्रमा योगदान दिने उद्देश्यलाई मुलभूत आधारको रुपमा लिइएको छ। रणनीतिक योजना तयार गर्दा विशेष गरी सन्दर्भ सामाग्री अध्ययन, सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया, प्रदेश तथा संघका नीति निर्माता तहसँग छलफल तथा स्थलगत भ्रमण र उपभोक्ताहरुसँग अन्तरक्रिया जस्ता सहभागितामूलक विधि तथा प्रक्रियाहरू अवलम्वन गरिएका छन्। यस रणनीतिको समय सिमा २० वर्ष (वि.सं. २०८१-२१००) रहनेछ।

रणनीतिको **दूरदृष्टि** "वनको दिगो व्यवस्थापनः जलवायु उत्थानशील समाज, सशक्त र समृद्ध वन समुदाय" र **ध्येयको रुपमा** "समग्र प्रदेशको वनको दिगो व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व बृद्धि र वन उद्यमद्वारा स्थानीय रोजगारीको सृजना र प्रादेशिक अर्थतन्त्रमा योगदान दिने" रहेको छ। यस रणनीतिको मूल **लक्ष्य** "सक्षम, सक्रिय र सशक्त समुदाय मार्फत वन, वन्यजन्तु, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्न वन विनास र क्षयीकरण नियन्त्रण गर्ने रहेको छ र यस लक्ष्यलाई परिपूर्ति गर्नको निमित्त वनको दिगो व्यवस्थापन, एकीकृत जलाधार दिगो व्यवस्थापन, वन्यजन्तु, जैविक विविधता, जडिबुटि तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन तथा दिगो व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनताको अभिवृद्धि, जलउत्पन्न विपद् न्यूनीकरण तथा तीनै तहका सरकार र स्थानीय समुदाय तथा सरोकारवालाहरुसँग सहयोग, समन्वय र सहकार्य गर्ने उद्देश्यहरु लिइएको छ।

यस रणनीतिले विषयगत क्षेत्र (वनसँग प्रत्यक्ष सरोकार रहने) र अन्तर निकायगत सम्वन्धित क्षेत्र गरी २२ वटा विभिन्न क्षेत्र समेटेको छ। यस रणनीतिका सफलतापूर्वक कार्यान्वयन र लक्षित उद्देश्यहरु प्राप्ति गरी प्रदेशको वनको दिगो व्यवस्थापन मार्फत प्रदेशको समृद्धिमा योगदान गर्न संघ, प्रदेश र स्थानीय तहका साथै समाजका सबै वर्ग, तहतप्का, निजी क्षेत्रसँग समन्वय, सहकार्य र समझदारीका साथ अगाडी बढाउनु पर्ने हुन्छ। संघीय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० र प्रादेशिक कानूनहरु बमोजिम यस रणनीति कार्यान्वयनको निरन्तर र आवधिक रुपमा निगरानी,

निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सहितको अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ। रणनीतिको अनुगमन तथा मूल्याङ्कनका लागि सबै सरोकारवालाहरुको सहभागितामा वस्तुपरक सूचक (Indicator) हरु सहितको अनुगमन योजना बनाउनु पर्ने हुन्छ। यस रणनीतिले लक्षित उपलब्धि प्राप्त गर्न सके/नसकेको र यसको कार्यान्वयनको अवस्थाको बारेमा ५ वर्षको अवधिमा सबै सरोकारवालाहरु सँगको सहभागितामा समीक्षा गर्नु पर्ने हुन्छ।

यस रणनीतिको कार्यान्वयन पश्चात् गण्डकी प्रदेशको सम्पूर्ण वनक्षेत्रको वनको प्रकार, व्यवस्थापनको पद्धति, भौगोलिक अवस्था, उपभोक्ताको चाहना अनुसार वन व्यवस्थापन कार्य योजना निर्माण गरी काठ उत्पादन वृद्धि भई प्रदेश काष्ठजन्य वन पैदावारमा आत्म निर्भर हुनेछ। यसका अतिरिक्त लामो समय देखि नवीकरण हुन नसकेका सम्पूर्ण सामुदायिक वनहरुलाई कार्ययोजना अद्यावधिक र नवीकरण गराइ क्रियाशिल बनाइनेछ। यसबाट वन अतिक्रमण नियन्त्रण, वन डढेलोमा कमी, मिचाहा प्रजातिको प्रकोप र फैलावटमा नियन्त्रण हुनुका साथै उपभोक्ताहरुको काठ दाउरा लगायतका वन पैदावारको आवश्यकताको सरल आपूर्ति हुनेछ।

प्रदेशमा सञ्चालनमा रहेका वनजन्य उद्यमहरुले सरल र नियमित रुपमा कच्चा पदार्थ प्राप्त गर्नेछन्। यसका साथै प्रदेशमा निजी क्षेत्रको लगानी अभिवृद्धि भई वनमा आधारित उद्योगहरुको विकास र विस्तार हुनेछ।

वनबाट स्थानीय रोजगारी र समृद्धिमा योगदान पुग्नेछ। जलवायुजन्य जोखिममा कमी आउनेछ। समुदायको जलवायु उत्थानशीलता बढ्नेछ। स्थानीय समुदायहरुको जलवायु अनुकूलन क्षमता बढ्ने अपेक्षा लिइएको छ।

# विषय-सूची

मन्तव्य ..... i
प्रस्तावना ..... iii
कृतज्ञता ज्ञापन ..... iv
शब्दावली ..... vi
कार्यकारी सारांश ..... viii
खण्ड १ः पृष्ठभूमि ..... 1
१.१ भौगोलिक अवस्था ..... 1
१.२ वनको अवस्था ..... 1
१.३ वन व्यवस्थापनको अवस्था ..... 3
१.३.१ सरकारद्वारा व्यवस्थित वन ..... 3
१.३.२ सामुदायिक वन ..... 3
१.३.३ वन संरक्षण क्षेत्र, तालतलैया र प्राणि उद्यान ..... 4
१.४ नेपालको संविधान र वन व्यवस्थापन ..... 5
१.५ नीतिगत तथा कानूनी व्यवस्था ..... 6
१.६ चुनौती र अवसरहरु ..... 7
१.६.१ चुनौती ..... 7
१.६.२ अवसरहरु ..... 9
१.७ रणनीतिको आवश्यकता ..... 11
१.८ रणनीतिको अवधि र सिमा ..... 11
खण्ड २: वनको रणनीतिक योजना तर्जुमा प्रक्रिया ..... 13
खण्ड ३: दूरदृष्टि, ध्येय,लक्ष्य र उद्देश्यहरु ..... 14
३.१ दूरदृष्टि (Vision) ..... 14
३.२ ध्येय (Mission) ..... 14
३.३ लक्ष्य (Goal) ..... 14
३.४ उद्देश्यहरु (Objectives) ..... 14

खण्ड ४: रणनीति निर्माणका मार्गदर्शक सिद्धान्तहरु ....................................................... 16
खण्ड ५: रणनीतिक क्षेत्रहरु ....................................................... 17
५.१ विषयगत क्षेत्र (वन  सँग प्रत्यक्ष सरोकार रहने) ....................................................... 17
५.१.१ दिगो वन व्यवस्थापन ....................................................... 17
५.१.२ खर्क र चरण क्षेत्र व्यवस्थापन ....................................................... 20
५.१.३ वन संरक्षण र सदुपयोग ....................................................... 20
५.१.४ वन्यजन्तु संरक्षण र जैविक विविधता व्यवस्थापन ....................................................... 23
५.१.५ जडीबुटी र गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन र खेती विस्तार ....................................................... 25
५.१.६ एकीकृत जलाधार व्यवस्थापन (नदी प्रणालीमा आधारित) ....................................................... 26
५.१.७ वन पैदावारमा आधारित उद्यम विकास र वन पैदावारको आपूर्ति ....................................................... 27
५.१.८ पर्यापर्यटन, वन्यजन्तु पालन र प्रजनन ....................................................... 28
५.१.९ मानव-वन्यजन्तु सहअस्तित्व ....................................................... 28
५.२ अन्तर निकायगत सम्वन्धित क्षेत्र ....................................................... 29
५.२.१ शहरी वन प्रवर्धन तथा व्यवस्थापन ....................................................... 29
५.२.२ ताल तलैया तथा सिमसारको संरक्षण, विकास र उपयोग तथा व्यवस्थापन ....................................................... 30
५.२.३ कृषि-वन प्रणालीको विकास र विस्तार ....................................................... 31
५.२.४ जलवायू परिवर्तन अनुकूलन र न्यूनीकरण ....................................................... 31
५.२.५ जलवायुजन्य विपद् व्यवस्थापन ....................................................... 32
५.२.६ कार्वन उत्सर्जन न्यूनिकरण तथा कार्वन व्यापार ....................................................... 33
५.२.७ वातावरणीय सेवाको भुक्तानी ....................................................... 33
५.२.८ निजी वन प्रवर्द्धन र विस्तार ....................................................... 34
५.२.९ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण ....................................................... 34
५.२.१० वन सुशासन प्रवर्धन र विस्तार ....................................................... 35
५.२.११ अध्ययन, अनुसन्धान, प्रविधि विकास र प्रसार ....................................................... 36
५.२.१२ वन सूचना प्रणाली विकास तथा संचालन ....................................................... 36
५.२.१३ वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र तथा प्राणी उद्यानको व्यवस्थापन ....................................................... 36

खण्ड ६: रणनीतिको कार्यान्वयनमा संघ, प्रदेश, र स्थानीय तहको भूमिका र समन्वय .............37
६.१ संघको भूमिका र समन्वय.........................................................................37
६.२ प्रदेशको भूमिका र समन्वय.......................................................................38
६.३ स्थानीय तहको भूमिका र समन्वय...............................................................38
६.४ अन्तर निकाय समन्वय...............................................................................39
६.५ अन्तर प्रादेशिक वन ..................................................................................39
खण्ड ७: संस्थागत तथा कानूनी संरचना..................................................................40
७.१ संस्थागत संरचना......................................................................................40
७.२ संघीय नीति तथा कानूनहरुः.......................................................................40
७.३ प्रादेशिक नीति, नियम तथा कानूनहरु..........................................................41
खण्ड ८: रणनीति कार्यान्वयन, अनुगमन, मूल्यांकन र पुनरावलोकन ..............................43
८.१ कार्यान्वयन रणनीति..................................................................................43
८.२ मानव संसाधन  व्यवस्थापन .......................................................................43
८.३ रणनीति सञ्चार योजना ..............................................................................44
८.४ अनुगमन र मूल्याङ्कन रणनीति ....................................................................44
८.५ रणनीतिको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन.........................................45
८.६ जोखिम व्यवस्थापन ..................................................................................45
खण्ड ९: रणनीतिक कार्यान्वयनको वित्तीय व्यवस्था ..................................................47
खण्ड १०: अपेक्षित उपलब्धि .................................................................................48
सन्दर्भ-सामाग्री ....................................................................................................50
अनुसूची १: प्रदेशको वन क्षेत्रको विभाजन विवरण......................................................52
अनुसूची २: जिल्लाअनुसार वन क्षेत्रको विवरण..........................................................53
अनुसूची ३: स्थानीय तहअनुसार वन क्षेत्रको विवरण...................................................54
अनुसूची ४: रणनीति कार्यान्वयनका सूचकहरु............................................................60

# खण्ड १: पृष्ठभूमि

## १.१ भौगोलिक अवस्था

नेपालको संविधान अनुसार नेपालले  सङ्घीय संरचनाको शासकीय स्वरुप अवलम्बन गरेको छ जस अन्तर्गत नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र सङ्घीय सरकार गरी ३ तहका सरकारको रूपमा विभाजन गरिएको छ। यो विभाजनले यस गण्डकी प्रदेशमा म्याग्दी, मुस्ताङ्ग, पर्वत र बागलुङ्ग, गण्डकी अञ्चलका गोरखा, लमजुङ्ग, मनाङ्ग, स्याङ्गजा, कास्की र तनहुँ एवं नवलपरासी (बर्दघाट-सुस्ता पूर्वको भू-भाग) गरी जम्मा ११ जिल्लाहरु समेटिएको छ। यस प्रदेशमा भौगोलिक क्षेत्रफलको दृष्टिकोणबाट नेपालकै सबैभन्दा ठूलो पोखरा महानगरपालिका साथै, २६ नगरपालिका र ५८ गाँउपालिका गरी जम्मा ८५ स्थानीय तह र ७५९ वडाहरु रहेका छन्।

भौगोलिक रूपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीन वटै धरातलीय स्वरूपलाई समेटेको छ। सुप्रसिद्ध धवलागिरी, नीलगिरी, माछापुच्छ्रे, मनास्लु, अन्नपूर्ण हिमशृङ्खला रहेको यस गण्डकी प्रदेश २७°२६'१५'' उत्तरी अक्षांश देखि २९°१९'५०'' उत्तरी अक्षांश सम्म र ८२° ५२'४५'' पूर्वी देशान्तर देखि ८५°१२'०५'' पूर्वी देशान्तर सम्म फैलिएको छ। नेपालको कुल भूभागको १४.६७ प्रतिशत अर्थात २१,९७४ वर्गकि.मि. क्षेत्रफल गण्डकी प्रदेशले ओगटेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८०)। राष्ट्रिय जनगणना २०७८ का अनुसार यस प्रदेशमा कूल २४,६६,४२७ जनसंख्या बसोबास गर्दछन्। यस प्रदेशको जनसंख्या बृद्धिदर ०.२५ प्रतिशत र जनघनत्व ११५ व्यक्ति प्रति वर्ग किलोमिटर रहेको छ।

यस प्रदेश जलस्रोत तथा जलप्रवाहका दृष्टिकोणबाट समेत सम्पन्न प्रदेशको रुपमा रहेको छ। गण्डकी बेसिनका नामले प्रख्यात यस क्षेत्रमा त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, दरौदी, सेती, मादी, मार्दी, म्याग्दी खोला, कालीगण्डकी, बडीगाड गरी ११ वटा नदीहरु हिमालबाट उत्पत्ति भएर बग्ने स्थानीय नदीहरु हुन्। यसबाहेक यस प्रदेशमा थप ३६८ वटा साना ठूला उपजलाधारहरु रहेका छन्। संसारकै अग्लो स्थान (४,९१९ मि.) मा रहेको तिलिचो ताल, हिमताल तथा हिमनदीहरु एवम् रामसार सूचिमा सुचीकृत फेवाताल लगायतका तालतलैया र अन्य सिमसार क्षेत्रहरु यस प्रदेशका महत्वपूर्ण सम्पदाका रुपमा रहेका छन्।

## १.२ वनको अवस्था

गण्डकी प्रदेशमा दुई किसिमका वनहरू छन् - राष्ट्रिय वन तथा निजि वन। राष्ट्रिय वनले सरकारको स्वामित्वमा रहेको सबै प्रकारको वन क्षेत्र जनाउँदछ भने निजि वनले निजि व्यक्तिको निजि दर्तावाला भन्ने जनाउँदछ। यस्ता प्रकारका वनहरू एवं प्रदेश भित्र जल, हिमनदी, खुल्ला

चट्टान, घाँसेमैदान गरि २१,८९,९१६ हेक्टर वनक्षेत्र रहेको देखिन्छ (वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र)।

वन, संरक्षित क्षेत्र, जैविक विविधता तथा जलाधार स्रोत सम्पदा र पर्यापर्यटनको दृष्टिकोणले गण्डकी प्रदेश राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको प्रदेशको रुपमा रहेको छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, काठमाण्डौले सन् २०२२ मा प्रकाशन गरेको प्रतिवेदन अनुसार गण्डकी प्रदेशमा सन् २००० मा रहेको कूल ७,१६,९४० हेक्टर वन क्षेत्र बढेर सन् २०१९ मा ७,८७,८६५ हेक्टर कायम भएको छ भने बुट्टयान क्षेत्र १,२०,५१६ हेक्टरबाट घटेर १,१८,६४८ हेक्टर भएको छ। यस प्रदेशको कूल भूभागको ३५.८५ प्रतिशत वन र ५.४ प्रतिशत बुट्टयानले ढाकेको छ। कूल भूभागमा उपलब्ध वनक्षेत्रको दृष्टिकोणबाट प्रदेशको सबैभन्दा बढी वनक्षेत्र नवलपरासी बर्दघाट सुस्ता पूर्व नवलपुर (६४%) मा रहेको छ भने सबैभन्दा कम मुस्ताङ (८%) मा रहेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८०)। यो पप्रदेशभित्र रहेको वनक्षेत्रको विभाजन अनुसूचीमा १ मा, जिल्लागत वन क्षेत्रको विवरण अनुसूचीमा २ मा र प्रदेशमा रहेका ८५ वटै स्थानीय तहमा रहेको वनक्षेत्रको तथ्यांक अनुसूची ३ मा दिइएको छ।

वृक्ष सुधार तथा बिउ संरक्षण नेपालको सन् २००० को वानस्पातिक प्रकारको नक्साङ्कन बमोजिम प्रदेश भर विभिन्न ८ वटा वानस्पतिक क्षेत्र र २४ प्रकारका वानस्पतिक प्रकार रहेको देखिन्छ। जस अनुसार प्रदेशमा चिलाउने कटुसको वनले १,९२,०९८ हेक्टर अर्थात २३.४५ प्रतिशत ढाकेको छ भने पहाडि सालको वनले १,८९,१५८ हेक्टर अर्थात २३.०९ प्रतिशत वन ओगटेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८०)।

यस्तै छत्र घनत्वको आधारमा गण्डकी प्रदेशको वनलाई तीन तहमा विभाजन गरिएको छ। प्रदेशको बहुसंख्यक वनमा ५० प्रतिशत भन्दा बढी छत्र घनत्व रहेको छ भने उच्च पहाड र हिमाली क्षेत्रमा औसतमा ३० प्रतिशत भन्दा कम छत्र घनत्व रहेको देखिन्छ। सविकको वन अनुसन्धान तथा सर्वेक्षण विभागले सम्पन्न गरेको वनस्रोतको गणना अनुसार नेपालको औसत वृद्धि मौजदात १६४.७६ घनमीटर प्रतिहेक्टर रहेकोमा तराईमा १६१.६६ घनमीटर प्रतिहेक्टर, चुरेमा १४७.४९ घनमीटर प्रति हेक्टर, मध्य पहाडमा १२४.२६ घनमीटर प्रतिहेक्टर र उच्च हिमालमा २२५.२४ घनमीटर प्रतिहेक्टर रहेको (वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०१५) मा गण्डकी प्रदेशमा तराई वन कम रहेको र चुरे एवम् मध्य पहाडको वन अत्याधिक बढी रहेको र उच्च हिमालका रुपमा रहेका मनाङ्ग, मुस्ताङ्ग तथा म्याग्दीका भूभागहरुमा वन क्षेत्र कम रहेको परिप्रेक्ष्यमा यस प्रदेशको वनको वृद्धि मौज्दात राष्ट्रिय औसत भन्दा निकै कम रहेको अनुमान गर्न सकिन्छ।

JICA (2017) को अध्ययन अनुसार प्रदेशमा रहेको साल, खोटे सल्लो र चिलाउने रुख प्रजातिको हालको अवस्थामा मध्यम आकारका पोल साइजको पहाडी साल वन पाइन्छ र साल र चिलाउने भन्दा खोटे सल्लोको वन धेरै अग्लो र ठूलो भेटिन्छ।

वन क्षेत्रले काठ, दाउरा, जडिबुटी, घाँसपात, स्याउला लगायतका वन पैदावारको अलावा विभिन्न किसिमका वातावरणीय सेवाहरु प्रदान गरिरहेको छ। यस प्रदेशमा यार्सागुम्बा, जटामसी, कुटकी, निरमसी, विषमा, चिराइतो, पाँचऔले, पदमचाल, सर्पगन्धा, झ्याउ, काकोली, डाँलेचुक, सुनगाभा, ओखर, सतुवा, पाखनवेद, सुगन्धवाल, सुनपाती, धुपी, दालचिनी, तेजपात, कुरिलो, सेतो मुसली, बुधनी फूल, मजिठो जस्ता करीब २५० प्रजातिका व्यापारिक महत्वका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरु पाइन्छन्। यसबाट स्थानीय रोजगारी र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुगेको पाइन्छ। नेपालमा पाइने कूल २९३ रैथाने (इन्डेमिक) फूल फुल्ने वनस्पतिहरु मध्ये सबैभन्दा बढि १०२ वटा प्रजाति गण्डकी प्रदेशमा पाइन्छ (Rajbhandari et al, 2021)। यसमध्ये सबैभन्दा बढी मुस्ताङ्गमा ३४ प्रजाति, काँस्कीमा २१ प्रजाति, गोरखामा १८ प्रजाति, मनाङ्गमा १३ प्रजाति, म्याग्दीमा ८ प्रजाति, बाग्लुङ्गमा ६ प्रजाति र लम्जुङ्गमा २ प्रजातिका रैथाने (इन्डेमिक) फूलफुल्ने वनस्पतिहरु अभिलेख भएका छन् (Rajbhandari et al, 2021)।

## १.३ वन व्यवस्थापनको अवस्था

### १.३.१ सरकारद्वारा व्यवस्थित वन

नेपाल सरकारको मिति २०७७/१०/११ को निर्णयबाट बैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज हुनु पूर्व यस प्रदेशका एक वटा चक्ला वन (३,९३९हे.) र एकवटा साझेदारी वन (६७३हे.) का साथै १०९ वटा सामुदायिक वनका २१,५१० हेक्टर वन क्षेत्रमा वन संवर्धन प्रणालीमा आधारित वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई सञ्चालनमा रहेको थियो। यसमध्ये सबै भन्दा बढी नवलपरासी बर्दघाट – सुस्ता पूर्वका ४८ वटा सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा रहेका थिए।

### १.३.२ सामुदायिक वन

यस प्रदेशमा हालसम्म ३,९७१ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई २,६२,०६४ हे. वन क्षेत्र समुदायलाई हस्तान्तरण गरिएको छ। सामुदायिक वनबाट लाभावन्वित हुने परिवारको संख्या ४,७३,३४४ रहेको छ। औसतमा प्रति परिवार सामुदायिक वनको क्षेत्रफल ०.५४ हे. रहेको छ। यस प्रदेशका ३०.३ प्रतिशत सामुदायिक वनहरूले १०० देखि २०० हेक्टर बन क्षेत्र ओगटेका छन् भने २९.९ प्रतिशत सामुदायिक वनहरुले २०० देखि ५०० हेक्टर सम्म बन क्षेत्र ओगटेका बन छन् (सामुदायिक वन अध्ययन केन्द्र, २०२३)। त्यस्तै, १,१३३ वटा

विपन्नका लागि उपलब्ध गराइएको कबुलियती वन (५,३७६.२१ हेक्टर), १ वटा व्यवसायिक कवुलियती वन (०.९६ हेक्टर), ३८ वटा धार्मिक वन (३५५.८२ हेक्टर), १ वटा साझेदारी वन (६७२.८६ हेक्टर), १ वटा चक्ला वन (३,८३८.८२ हेक्टर) र ४२१ वटा दर्तावाल निजी वन (२८५हेक्टर) रहेको तथ्याङ्कले देखाउँछ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, २०८०)। समुदायको माग बमोजिम उपभोक्ताहरुलाई नजिकको पायक पर्ने प्राय सबै सरकारद्वारा व्यवस्थित वन; संरक्षण, संवर्धन र सदुपयोगका लागि सामुदायिक वनको रुपमा हस्तान्तरण गरि सकिएको हुँदा पछिल्लो समयमा सामुदायिक वन हस्तान्तरणको क्रम कम भएको पाइन्छ।

गण्डकी प्रदेशको वन निर्देशनालयका अनुसार आ.व. २०८०/८१ मा प्रदेश भित्रको सामुदायिक वनहरुबाट ५,४४,९८७ घनफिट काठ र ७६० चट्टा दाउरा, साझेदारी वनबाट १८,०७१ घनफिट काठ र ३२ चट्टा दाउरा, सरकारद्वारा व्यवस्थित वनबाट ४७,७६८ घनफिट काठ र १५४ चट्टा दाउरा र निजी वन तथा  नम्बरी आवादी जग्गामा भएका रुखहरुबाट १४,६३,०९१ घनफिट काठ र १७१८ चट्टा दाउरा उत्पादन भएको पाइन्छ। प्रदेशका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन गरी काठ, दाउरा तथा पर्यावरणीय सेवाहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रसस्त सम्भावना रहेको पाइन्छ।

### १.३.३ वन संरक्षण क्षेत्र, तालतलैया र प्राणि उद्यान

गण्डकी प्रदेशको कुल भूभागको ४५.६८ प्रतिशत तथा नेपालको कूल संरक्षित क्षेत्रको करीब २९.१७ प्रतिशत (१०,०३९.५१ वर्ग कि.मि.) भूभाग यस प्रदेशमा आंशिक रुपमा फैलिएको चितवन राष्ट्रिय निकुञ्ज र ढोरपाटन शिकार आरक्ष तथा  पुर्ण रूपमा फैलिएको अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र यसै प्रदेशमा पर्दछन्।यी संरक्षण क्षेत्रहरु पर्यटकहरुको प्रमुख रोजाइका रुपमा रहेका छन्। सन् २०२३ मा मात्रै १७३ वटा देशका १,९१,५५८ जना पर्यटकहरुले अन्नपूर्ण संरक्षण क्षेत्र प्रबेश गरेको देखिन्छ (NTNC, unpublished)।

यस प्रदेशमा बाघ, हात्ती, चितुवा, गैंडा, चित्तल, सुनगोहोरो, गौर, रतुवा, अजिंगर, कालो भालु, रातो भालु, सालक, वन विरालो, रेडपाण्डा, हिउँचितुवा, ध्वाँसे चितुवा, नाउर, झारल, कस्तुरी मृग, चमेरो, धनेश, मयुर, सारस, चिल, डाँफे, मुनाल, गिद्ध, र अन्य आगन्तुक चराहरु प्रदेशमा पाइन। अन्नपूर्ण संरक्षण क्षेत्र भित्र पुतली, सरिसृप, र उभयचर अभिलेख गरिएको छ। (Baral et. al, 2019)

वि.सं.२०६८ सालमा स्थापना भएको गण्डकी प्रदेशको काँस्की, पर्वत र स्याङ्गजा जिल्लामा पर्ने पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, वनस्पति, जलश्रोत र प्राकृतिक सौन्दर्यको दृष्टिकोणले सम्पन्न रहेको छ।फेवातालसँग जोडिएको अन्तर्राष्ट्रिय महत्वको १६४.७ हेक्टर क्षेत्रफल रहेको विश्व शान्ति जैविक विविधता उद्यान पनि यसै प्रदेशमा रहेको छ।नेपाल सरकारले पर्यटकीय तथा

पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण फेवाताल र आसपासको पञ्चासे, ढिकुरपोखरी, चापाकोट, पुम्दीभुम्दी र सराङकोटलगायत पानी ढलले ओगटेको क्षेत्रलाइ समेटर १२३ वर्ग किलोमिटर भूभागलाई फेवाताल संरक्षित जलाधार क्षेत्र घोषणा गरेको छ। संघीय सरकारले तनहुँको व्यास नगरपालिका र भानु नगरपालिकाका ४ वटा वडाहरू भित्रका ८ वटा सामुदायिक वन र ५ वटा कबुलियती वन समेटेर कुल ४२८ हेक्टरको भानु प्राणी उद्यान घोषणा गरी निर्माण गरिरहेको छ भने प्रदेशले पोखरा महानगरपालिकामा पञ्चभैया जुलोजिकल पार्क निर्माणका लागि प्रयासरत देखिन्छ।

गुणस्तरीय बीउ उत्पादन मार्फत वनको विकासलाई मध्यनजर गदै संघीय सरकार अन्तर्गतको वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्रले हालसम्म गण्डकी प्रदेशमा राइखन्यू, टिमुर, चिउरी, रिट्ठा, हर्रो, बर्रो, अमला, बडहर, रुद्राक्ष, तेजपात र बेल प्रजातिका लागि विभिन्न ९ स्थानमा वन बीउ बगैंचा स्थापना गरी बीउ उत्पादन कार्य गरिरहेको छ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, पोखराले गरेको अध्ययन अनुसार प्रदेशमा कुल कार्बन उत्सर्जन ४२५३.४२ गिगाग्राम कार्वन डाइअक्साइड बराबर (Gg $CO_2$-eq) र कुल कार्वन संचितिकरण २३३०.७९ गिगाग्राम कार्वन डाइअक्साइड बराबर (Gg $CO_2$-eq) रहेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, २०८०)।

चितवन-अन्नपूर्ण भूपरिधि रणनीति तथा कार्यान्वयन योजना (Chitwan-Annapurna Landscape Strategy and Action Plan, 2015-25) कार्यक्रमको अधिकांश भूभाग यसै प्रदेश भित्र पर्दछ।

प्रदेश स्थापना भए पश्चात यहाँको वन, वातावरण, जैविक विविधता व्यवस्थापन, जलाधार संरक्षण र व्यवस्थापन लगायतका क्षेत्रमा पछिल्ला वर्षहरुमा औसतमा वर्षेनी रु. ९१ करोड ९२ लाख (आ.व. २०७८/०७९) देखि ९८ करोड ५३ लाख (आ. व. २०८०/८१) बजेट विनियोजन भएकोमा औसत वार्षिक खर्च ७८ प्रतिशत हुने गरेको छ। संघ सरकारले औसतमा वर्षेनी बजेट शसर्त बजेटको रुपमा अनुदान उपलब्ध गराउँदै आएको छ। प्रदेशले वन पैदावारको विक्रि वितरणबाट वर्षेनी राजश्व संकलन गर्ने गरेको पाइन्छ र प्रदेश वन नियमावली कार्यान्वयनमा आएपछि यो परिमाणमा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ।

## १.४ नेपालको संविधान र वन व्यवस्थापन

नेपालको संविधानको मौलिक हक र राज्यका नीति अन्तर्गत राज्यका विभिन्न तहका सरकारले एक अर्का बीचको समन्वय, सहअस्तित्व र सहकार्यमा स्वस्थ र स्वच्छ वातावरण कायम राख्ने र राष्ट्रिय हित अनुकूल प्राकृतिक स्रोतको संरक्षण, संवर्धन र अन्तरपुस्ता बीच समताका आधारमा उपयोगी हुने गरी दिगो वन व्यवस्थापन गर्न निर्देशित गरेको छ।

यसको धारा ३० मा सम्पूर्ण नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक प्रदान गर्नुका साथै वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्थाले वन संरक्षण र व्यवस्थापन गरी स्वच्छ वातावरण सिर्जना गर्ने तर्फ निर्देशित गरेको छ। यसैगरी संविधानको धारा ४३ मा सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य  हुने व्यवस्था गरेको छ। यसैगरी संविधानको धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी राज्यका नीतिको व्यवस्था गरेको छ। यसले राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको आधारमा उपलब्ध प्राकृतिक स्रोत, साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिने व्यवस्था गरेको छ। यसका साथै वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वनक्षेत्र कायम गर्ने, वन, वन्यजन्तु, पक्षि, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्धनसंवर्धनर दिगो उपयोग गर्ने व्यवस्था संविधानले गरेको छ। यसको साथै वन, वातावरण, वनस्पति, जैविक विविधता र जलाधार संरक्षणमा संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको व्यवस्था र बाँडफाँडका बारेमा संविधानको अनुसूची ५ देखि ९ सम्म व्यवस्था गरेको छ। यस अन्तर्गत संघको एकल अधिकारमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति तथा कार्बन सेवा (अनुसूची-५) र प्रदेशको एकल अधिकार सूचीमा मूलतः प्रदेश भित्रको राष्ट्रिय वन (अनुसूची-७) र स्थानीय तहको एकल अधिकारमा जलाधार तथा वन्यजन्तुको संरक्षण (अनुसूची-८) रहेको छ। यस बाहेक संघ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची-७) मा अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, वन संरक्षण क्षेत्र र जैविक विविधता तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची (अनुसूची-९) मा वन जंगल, वन्यजन्तु, चराचुरुङ्गी, वातावरण, पर्यावरण तथा जैविक विविधतालाई राखेको छ।

## १.५ नीतिगत तथा कानूनी व्यवस्था

प्रदेशमा अवस्थित वनव्यवस्थापनका लागि सङ्घीय वन नीति,२०७५, वन ऐन, २०७६ तथा वन नियमावली २०७९ बनाई लागू गरेको छ। संघीय वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन,२०७३ र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली,२०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०,मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२,संरक्षण क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड, २०८०, मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड, २०८०, पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८०, वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०, व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०, वन्यजन्तुबाट भएको क्षतीको राहत वितरण निर्देशिका-

२०८०,राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (२०१८-२०२४) आदि निर्माण गरी नेपालको समग्र वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता संरक्षण र व्यवस्थापनका कार्य गर्दै आएको छ।

प्रदेशमा अवस्थित वनव्यवस्थापनका लागि गण्डकी प्रदेशले समेत आफ्नो वन ऐन, २०८० बनाई लागू गरेको छ भने प्रादेशिक वन नियमावलीको मस्यौदा तयार गरी छलफलको क्रममा रहेको छ। गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ८ बमोजिम प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन, विकास र सदुपयोग गर्न रणनीतिक योजना बनाउन सक्ने व्यवस्था गरेको छ।

गण्डकी प्रदेशले वन, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ निर्माण गरी लागू प्रदेशका महत्वपूर्ण वनस्पति सम्पदा र चौतारी संरक्षण कार्यलाई अगाडी बढाइ रहेको छ। यसको साथै गण्डकी प्रदेश वातावरण संरक्षण ऐन,२०७६ तथा प्रदेश वातावरण संरक्षण नियमावली. २०७९ एवं गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन,२०७५ तथा ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली,२०७६समेत जारी गरी कार्यान्वयन गरिरहेको छ।

यस प्रदेशमा हाल नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र JICA नेपालले सन् २०२२ बाट पाँच वर्षीय दिगो वन व्यवस्थापनको माध्यमबाट स्याङ्जा, पर्वत र तनहुँ जिल्लामा जलवायू अनुकूलन (Climate Change Adaptation through Sustainable Forest Management) आयोजना जिल्लामा सञ्चालन गरिरहेको छ हाल कास्की र लमजुङ्ग जिल्लामा विस्तार गर्ने कार्यक्रम रहेको छ। यस्तै हरित जलवायु कोषको अनुदान सहयोगमा सन् २०२१ बाट शुरु भएको ७ वर्षीय Improving Climate Resilience of Vulnerable Communities and Ecosystems in the Gandaki River Basin, Nepal आयोजना नेपाल सरकार, वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC) र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (IUCN) ले सञ्चालन गरिरहेका छन्।

## १.६ चुनौती र अवसरहरु

### १.६.१ चुनौती

गण्डकी प्रदेशको समग्र वनक्षेत्र सन् २०१९ मा औसतमा ०.५२ प्रतिशत प्रति वर्षको दरले वृद्धि भएको देखिन्छ तर स्थान विशेष वन अतिक्रमण, वन विनाश र क्षयीकरण भइरहेको छ (वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०२२)। वनको दिगो व्यवस्थापनको अभावमा वनको उत्पादकत्व अत्यन्तै न्यून रहेको छ। वनको अनुमानित औसत वार्षिक वृद्धिदर ३ घनमीटर प्रति हेक्टर रहेको छ। गाउँबाट शहरतिर हुने बसाई सराई र उपभोक्ताहरुको वनको उपयोग तथा आवश्यकतामा आएको परिवर्तनका कारण सामुदायिक वनको संरक्षण, व्यवस्थापन र सदुपयोगमा उपभोक्ताहरुको क्रियाशिलतामा कमी आएको छ। करीव ४० प्रतिशत सामुदायिक वनको कार्ययोजना नवीकरण

हुन सकेको छैन। वन संरक्षण तथा व्यवस्थापन र यसको दिगो उपयोग संघ तथा प्रदेश सरकारको प्राथमिकतामा पर्न सकेको छैन। फलस्वरुप यसले आवश्यक बजेट तथा कार्यक्रम प्राप्त गर्न सकेको छैन। प्रदेशमा ठूलो संख्यामा वन कर्मचारीहरु संघबाट समायोजन भएर आएको भएता पनि अझै दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति हुन सकेको छैन। प्रदेशका कार्यालयहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै - कार्यालय भवन, सवारी साधन, कम्प्युटर , सफ्टवेयर तथा अन्य सामाग्रीहरुको टड्कारो खाँचो छ।

गण्डकी प्रदेशमा वन व्यवस्थापन, वन पैदावारमा आधारित औद्योगिक विकास, ताल तथा तलैया संरक्षण, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा संवर्धनसंवर्धनर दिगो जलाधार व्यवस्थापनमा निम्न चुनौतीहरु रहेका छन्:-

- वन, वनसँग जोडिएको सार्वजनिक स्थान, ताल तलैया तथा महत्वपूर्ण स्थानहरुमा अवैध अतिक्रमण नियन्त्रण गर्न राजनीतिक प्रतिबद्धताको अभाव र प्राविधिकको कमिले नसक्नु,
- दिगो वन व्यवस्थापन मापदण्डको अभाव र नेपाल सरकारले वि.सं. २०७७ सालमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि-२०७१ खारेज गरे पश्चात विकल्पको अभावमा वन संवर्धन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्य अगाडी बढाउन नसक्नु,
- प्रदेशमा रहेको सबै किसिमका वनहरुलाई वन व्यवस्थापन प्रणालीमा नसमेटिनु/वन संवर्धन संवर्धन प्रणालीमा लैजान प्राविधिकको कमिले नसक्नु,
- जलवायु परिवर्तनबाट सिर्जित समस्याहरुलाई नियन्त्रण र न्यूनीकरण गर्न नसक्नु,
- भूसंरक्षण एव वातावरणमैत्री दिगो विकासको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न नसक्नु,
- वर्षेनी वन डढेलो, मिचाहा प्रजातिको प्रकोप र फैलावट, बाढी पहिरो तथा डुबान क्षेत्रहरु बढ्दै जानु,
- छाडा चरिचरन र अवैध चोरी कटानी तथा शिकारी जस्ता वन अपराधहरु कम गर्न नसक्नु,
- वन अपराधको अनुसन्धान, तहकिकात, अभियोजन र निर्णय हुन नसकी थुप्रै वन मुद्दाहरु फरयौट हुन नसक्नु,,
- वन क्षेत्र उपलब्ध गराउँदा भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुले वातावरणीय प्रभाव कम गर्न स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको व्यवस्था गर्न प्राविधिकको कमिले कार्यान्वयन हुन नसक्नु,
- विदेशबाट आयात भइरहेको काठ र काठजन्य पैदावारको स्वदेशी काठको विकल्प दिन नसक्नु,
- वन पैदावारमा आधारित उद्योगहरुलाई पर्याप्त मात्रामा कच्चा पदार्थको निरन्तर आपूर्ति हुन नसक्नु,

- वन क्षेत्र, यसको दिगो व्यवस्थापन र विकास सरकारको प्राथमिकतामा पर्न नसक्नु,
- सामुदायिक वनमा क्रियाशिलता घट्ने, बाँझो जमिन बढ्ने, बाँझो जमिनमा मिचाहा प्रजाति बढ्ने प्रक्रियालाई रोकथाम गर्न नसक्नु,
- मानव वन्यजन्तु द्वन्द्व बाट भएको जनधनको क्षतिको समयमा नै सरल तरिकाले राहत उपलब्ध गराउन नसक्नु,
- प्रदेशका संवेदनशील जलाधारको उपयुक्त र दिगो व्यवस्थापन हुन नसक्नु,
- मिचाहा प्रजातिको अतिक्रमणको ज्ञानको कमीले न्यूनिकरण गर्न नसक्नु,
- प्रदेशबाट उत्पादित गैरकाष्ठ वन पैदावारको प्रशोधन र अन्तिम वस्तु उत्पादन गर्न नसक्नु,
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन, व्यवसायीकरण र बजारीकरण गर्न नसक्नु,
- गैरकाष्ठ वन पैदावारले समुचित मूल्य नपाउनु,
- वन ऐन तथा नियमावली भन्दा फरक कानून र संस्थाहरुबाट सञ्चालन गर्न खोज्ने प्रवृति र प्रकृतिलाई सम्बोधन गर्न नसक्नु।

### १.६.२ अवसरहरु

यस प्रदेशमा तराईको उष्ण प्रदेशीय साल वन, उष्ण प्रदेशीय मिश्रित हार्डवुड फरेष्ट, खयर-सिसौ नदीतटीय वन, पहाडी साल वन देखि उपोष्ण प्रदेशीय खोटे सल्लोको वन, उत्तिसको वन, कटुस चिलाउनेको वन, गुराँसको वन, बाँझको वन, ठिगुरे सल्लाको वन, खर्क आदि गरी तराई देखि हिमालसम्म पाइने वहुसंख्यक वन र वनस्पति पाइन्छ। यस प्रदेशमा महत्वपूर्ण गैरकाष्ठ वन पैदावारको उपलब्धता रहेको छ र निजि क्षेत्र वन उद्यम विकास तथा नवीनतम प्रविधि परिचालनमा सक्रिय देखिएको छ। यस प्रदेशका सबै स्थानीय तहहरुमा प्राकृतिक वनक्षेत्र उपलब्ध रहेको छ।

प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत सबै जिल्ला र स्थानीय तहसम्म विस्तारित सबल र सक्षम वन संगठनहरु (वन निर्देशनालय, ११ डिभिजन, ६४ सब डिभिजन वन कार्यालय र २ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, ताल संरक्षण तथा विकास प्राधिकरण) रहेको छ। मन्त्रालय र मातहतका कार्यालयहरुमा उच्च शिक्षा अध्ययन गरेका दक्ष वन अधिकृतहरुको बाहुल्यता रहेको छ। प्रदेशमा वन सम्बन्धी जनशक्तिका लागि क्षमता अभिवृद्धि गर्न पोखरामा वन विज्ञान अध्ययन संस्थान र प्रादेशिक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र उपलब्ध रहेको छ। विविध समस्या र चुनौतीको बाबजुद माथि उल्लेखित वन, जलाधारको स्रोत, संस्थागत संरचना र दक्ष जनशक्तिलाई समुचित उपयोग गर्दै यस प्रदेशमा वन व्यवस्थापन, पर्या-पर्यटन तथा हरियाली प्रवर्धन गरी स्थानीय रोजगारी र राष्ट्रिय समृद्धियोगदान पुर्याउन सक्ने प्रशस्त अवसर रहेका छन्।

- वन संरक्षण, संवर्धन र दिगो व्यवस्थापन मार्फत वनको उत्पादन र उत्पादकत्व वृद्धि , स्थानीय रोजगारी सिर्जना मार्फत आर्थिक समुन्नति तर्फ लैजाने पर्याप्त अवसर रहेको,
- वनको वैज्ञानिक रुपमा दिगो व्यवस्थापन गरी उत्पादकत्व अभिवृद्धि गर्दै वनबाट स्थानीय रोजगारी तथा समृद्धि बढाउने प्रबल सम्भावना रहेको,
- प्रदेशमा भूगोल र वनको प्रकार अनुसारको वन क्षेत्रको तथ्याङ्क अद्यावधिक गरी यसको एकिकृत तथ्याङ्क प्रणाली राखी तथ्याङ्कमा आधारित निर्णय प्रक्रिया र नीति निर्माण गर्ने अवसर रहेको,
- प्रदेशमा रहेका समुदायमा आधारित वन उपभोक्ता समूहहरुको क्षमता अभिवृद्धि गरी वनको संरक्षण, संवर्धन र व्यवस्थापन गर्न सकिने अवसर रहेको,
- वनमा आधारित साना तथा मझौला उद्योगहरुको विकास गर्न सकिने प्रचुर सम्भावना रहेको,
- प्रदेशमा बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावारलाई दिगो व्यवस्थापन, खेती विस्तार र प्रशोधन मार्फत स्थानीय रोजगारी र जीविकोपार्जन तथा प्रादेशिक समृद्धिमा योगदान बढाउन सक्ने सम्भावना रहेको,
- प्रदेशमा करीब २५ प्रतिशत बाँझो रहेको खेतबारीमा व्यापारिक महत्व र अत्याधिक माग भएका मूल्यवान जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गरी स्थानीय रोजगारी मार्फत आप्रवासनलाई नियन्त्रण गर्न सकिने अवसर रहेको,
- वन पैदावार तथा जडीबुटी विकास, विस्तार र उद्योग व्यवसाय अभिवृद्धि गर्न लगानी तथा नवीनतम प्रविधि प्रयोगलाई बढावा दिन निजी क्षेत्रलाई सहभागी गराउन सकिने सम्भावना रहेको,
- प्रदेशका महत्पूर्ण नदी प्रणाली र उपजलाधारहरु, ताल तलैया र सिमसार क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी विकासका पूर्वाधारहरुको संरक्षणमा सहयोग पुर्याउन सकिने,
- शहरी हरियाली प्रवर्द्धन गरी प्रमुख शहर तथा नगरपालिकाहरुलाई सफा, सुन्दर, स्वस्थ्य र बसोबास योग्य बनाउन सकिने अवसर रहेको,
- समुदायमा आधारित वन व्यवस्थापन मार्फत मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने र वन्यजन्तुबाट पिडत समुदायलाई शीघ्र राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने अवसर रहेको,
- पर्यापर्यटनको विकास र विस्तार गरी अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्न सकिने अवसर रहेको,
- निजी क्षेत्रमा वन नर्सरी स्थापना गरी विविध प्रकारको काष्ठ एवं गैह्र काष्ठ बोट बिरुवाहरुको उत्पादन बिक्री गर्ने अवसर रहेको,
- पर्यावरणीय सेवा भुक्तानी (Payment for Environmental Services) प्रणाली विकास गरी वन संरक्षण व्यवस्थापनमा लगानी भित्राउन सक्ने अवसर रहेको,

- यस प्रदेशको दिगो वन व्यवस्थापन मार्फत बढोत्तरी भएको कार्वन ब्यापारबाट वित्तीय सहयोग प्राप्त गर्ने  सम्भावना रहेको,
- प्रदेशमा सञ्चालित वन सम्बन्धी विभिन्न आयोजनाहरु (जस्तै: JICA Nepal, GCF, USAID को सहयोगमा सञ्चालित) बाट लगानी, क्षमता अभिवृद्धि, नयाँ प्रविधि प्राप्त गर्ने अवसर रहेको छ।

## १.७ रणनीतिको आवश्यकता

गण्डकी प्रदेशमा दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, पर्यावरणीय सन्तुलन, जलाधार संरक्षण तथा दिगो व्यवस्थापन, शहरी हरियाली प्रवर्धन, गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन एवं वन उद्यम विकास, स्थानीय रोजगारी वृद्धि र दिगो आर्थिक विकासका लागि एकीकृत रुपमा सबै क्षेत्रलाई समेटी लैजान हालसम्म रणनीतिक योजना तयार भैनसकेको परिप्रेक्ष्यमा गण्डकी प्रदेशको लागि एउटा छुट्टै रणनीति को आवस्यकता परेको देखिन्छ।

यो रणनीतिले गण्डकी प्रदेशको वन क्षेत्रको समग्र क्रियाकलापहरुलाई समेटी कार्यान्वयन गर्न यो रणनीति तर्जुमा गरिएको छ। साथै प्रदेश वन क्षेत्रबाट बार्षिक काठ र अन्य गैह्रकाष्ठ वन पैदावारहरुको उत्पादन क्षमता, वन क्षेत्रले दिन सक्ने रोजगारी आदिको तथ्याङ्क पनि उपलब्ध गर्नु पर्ने हुनाले यो रणनीति तयार गरिएको छ। साथै, यो प्रदेशमा बन क्षेत्रसँग  सम्बन्धित चुनौति तथा अवसरहरुको पनि विश्लेषण गर्नु पर्ने र सो अनुसार कार्यक्रमहरू तर्जुमा गरी,   कार्यान्वयन समेत गर्नु पर्ने भएकोले पनि यो रणनीति तयार गरिएको छ।

यस रणनीतिले संविधानतः प्रदेशको एकल अधिकारको रुपमा रहेको राष्ट्रिय वनको प्रभावकारी व्यवस्थापनका साथै संघ, प्रदेश र स्थानीय तहहरुको  साझा अधिकारको  सूचीको विषयहरुलाई पनि समेटेको छ।

यो रणनीतिमा उल्लेख भएका कार्यनीतिहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्दै लैजानुपर्ने हुन्छ। हालको उपलब्ध सूचना एवं तथ्याङ्कहरुको आधारमा यो रणनीतिले वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्य  परिपूर्ति गर्ने अपेक्षा गरिएको छ। क्रियाकलापका सूचक, समयसीमा र कार्यसम्पादन गर्ने निकायको छोटकरी रुपरेखा अनुसूची ४ मा दिइएको छ।

## १.८ रणनीतिको अवधि र सिमा

यस वन सम्बन्धी रणनीतिको अवधि २० वर्ष (वि.सं. २०८१-२१००) रहनेछ। यो रणनीति हालसम्म उपलब्ध सरकारी, औद्योगिक प्रतष्ठान , तथ्याङ्क प्रतिवेदन एवं अन्य प्रकाशित सन्दर्भ सामग्रीहरुको आधारमा तयार गरिएको छ।

साथै यो रणनीति विभिन्न निकायका वन क्षेत्रसँग सम्बन्धित जानकारवाला, सरोकारवाला तथा नीति निर्माताहरुको राय सुझाव र उपलब्ध तथ्याङ्कहरुमा आधारीत छ।

# खण्ड २: वनको रणनीतिक योजना तर्जुमा प्रक्रिया

गण्डकी प्रदेशको वनको रणनीतिक योजना तयार गर्दा निम्न अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएका छन्:-

क) वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरु सँग विचार विमर्श, छलफल तथा अन्तरक्रिया ,

ख) गण्डकी प्रदेशमा रहेका ११ जिल्लालाई चार समूहमा विभाजन गरी कास्की, लमजुङ, तनहु र म्याग्दी जिल्लामा वनसँग सम्बन्धित सरोकारवालाहरु सँग विस्तृत कार्यशाला गोष्ठी सम्पन्न गरी रणनीति तयारीका प्रक्रिया र यसले समेट्नु पर्ने विषयका सम्बन्धमा सुझाव संकलन गरेको,

ग) प्रतिनिधिमूलक वन क्षेत्रको स्थलगत निरीक्षण र समुदायहरुसँग अन्तरक्रिया गरी वनको अवस्था र उपभोक्ताहरुको चाहना, समस्या र समाधानका उपायहरुका सम्बन्धमा सुझाव संकलन गरेको,

घ) नीति तथा योजना आयोग, गण्डकी प्रदेशका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया गरी नीति निर्माताहरुको राय, सुझाव संकलन गरेको,

ङ) गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया गरी प्रदेशका राजनीतिक नेतृत्वहरुको वन, वनस्पति तथा जैविक विविधता व्यवस्थापनका लागि राय, सुझाव र नीतिगत निर्देशन संकलन गरेको,

च) त्रिभुवन विश्वविद्यालयको वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका सम्बन्धित पदाधिकारीहरु तथा प्राज्ञिक व्यक्तित्वहरुसँग छलफल तथा अन्तर्क्रिया गरी विज्ञको रुपमा प्रदेशको वन रणनीतिले समेट्नु पर्ने विषयवस्तु र अंगिकार गर्नुपर्ने सिद्धान्तहरुको बारेमा विज्ञ परामर्श संकलन गरेको,

छ) स्थलगत भ्रमण, सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषण तथा विभिन्न सरोकारवाला विज्ञहरुसँगको सल्लाह, सुझाव र परामर्शको आधारमा रणनीतिको प्रारम्भिक मस्यौदा तयार गरेको।

ज) तयार मस्यौदा माथि विज्ञ सहित वन तथा वातावरण मन्त्रालयमा पदाधिकारीहरुसँग छलफल र अन्तरक्रिया र त्यहाँबाट प्राप्त सुझावलाई समेत समावेश गरी रणनीतिको अन्तिम मस्यौदा तयार गरेको,

झ) सङ्घीय वन तथा वातावरण मन्त्रालय र मातहतका विभागहरूका पदाधिकारी तथा नेपालमा वनक्षेत्रका केही विज्ञहरुसँग मस्यौदामा छलफल गरी प्राप्त सुझावहरुलाई समेटी मस्यौदा परिमार्जन गरेको,

# खण्ड ३ः दूरदृष्टि, ध्येय,लक्ष्य र उद्देश्यहरु

## ३.१ दूरदृष्टि (Vision)

वन तथा जलाधारको दिगो व्यवस्थापनः जलवायु उत्थानशील समाज, सशक्त र समृद्ध वन समुदाय।

## ३.२ ध्येय (Mission)

समग्र प्रदेशको वन तथा जलाधारको दिगो व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व बृद्धि र वन उद्यमद्वारा स्थानीय रोजगारीको सृजना गरी प्रादेशिक अर्थतन्त्रमा योगदान दिने।

## ३.३ लक्ष्य (Goal)

सक्षम, सक्रिय र सशक्त समुदाय मार्फत वन, वन्यजन्तु, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने।

## ३.४ उद्देश्यहरु (Objectives)

वन, वन्यजन्तु, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने वृहत्तम लक्ष्यलाई परिपूर्ति गर्न यस रणनीतिमा देहायका उद्देश्यहरु राखिएको छः

क) वनविनाश र क्षयीकरण नियन्त्रण गर्दै वनको दिगो व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

ख) दिगो जलाधार व्यवस्थापन, जलवायु परिवर्तनजन्य विपद् न्यूनीकरण र वन उद्यमको विकास गरी स्थानीय समुदाय र समाजको जीविकोपार्जन वृद्धि र जलवायु उत्थानशीलता विकास गर्न सहयोग पुर्याउने,

ग) जलाधार तथा वनको दिगो व्यवस्थापन गर्न सक्षम, क्षमतावान, सबल, सुशासनयुक्त र सुदृढ वन प्रशासन निर्माण गर्ने,

घ) कच्चा पदार्थको सरल, सुलभ र सदैव आपूर्तिको व्यवस्था मिलाई वन पैदावारमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने,

ङ) जडिबुटि तथा गैरकाष्ठ वन पैदावार क्षेत्रको संरक्षण, संवर्धन तथा दिगो व्यवस्थापन, एवं औद्योगिक प्रवर्धन र विकास गर्ने,

च) तीनै तहका सरकार र स्थानीय समुदाय तथा सरोकारवालाहरुसँग सहयोग, समन्वय र सहकार्यमा वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्ने,

छ) वन क्षेत्रको विषयमा अध्ययन अनुसन्धानवाट ज्ञान भण्डार र आधार तथ्यांकको अभिलेखीकरण मार्फत प्रभावकारी व्यवस्थापन गर्ने,

ज) वनबाट हुने जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई अभिवृद्धि गरी स्थानीय आयआर्जन को माध्यम  बनाउने,

झ) समुदायमा आधारित वन व्यवस्थापनलाई थप सशक्त  र प्रभावकारी वनाउने।

# खण्ड ४: रणनीति निर्माणका मार्गदर्शक सिद्धान्तहरु

यस प्रदेशको वनको रणनीति निर्माण गर्दा तल उल्लिखित सिद्धान्तहरुलाई मुलभूत आधारको रुपमा लिइएको छः

क) वनको उत्पादन र सतत् रुपमा उत्पादकत्व (काष्ठ, गैरकाष्ठ र पर्यावरणीय) वृद्धि,

ख) वन संवर्धन प्रणाली र यसका सिद्धान्तमा आधारित वनको दिगो व्यवस्थापन,

ग) समुदायमा आधारित वन व्यवस्थापनलाई अग्राधिकार तथा प्राथमिकता दिदैं वन तथा गैरकाष्ठ वन पैदावारहरुमा आधारित उद्यम विकासको सुनिश्चितता, अभिवृद्धि, व्यवसायीकरण र बजारीकरण,

घ) जैविक विविधता संरक्षण र दिगो विकास बीच सामञ्जस्यता ,

ङ) वातावरणीय सेवा प्रवर्धन र पर्यापर्यटन अभिवृद्धि,

च) जलवायु उत्थानशील तथा अनुकूलित वन व्यवस्थापन,

छ) वन विकासमा लैङ्गिक तथा सामाजिक समावेशीकरण,

ज) स्थानीय तह, संघ र प्रदेश बीच समन्वय, सहकार्य र सहअस्तित्व,

झ) वन प्रशासन सुदृढीकरण, सुशासन, सहभागीता र पारदर्शीता,

# खण्ड ५: रणनीतिक क्षेत्रहरु

माथि उल्लेखित उद्देश्यहरुको परिपूर्तिका लागि खण्ड ४ मा दिइएका रणनीति निर्माणका मार्गदर्शक सिद्धान्तलाई आधार मानी वन व्यवस्थापनका विषयगत क्षेत्र तथा अन्तर निकायहरुसँग सम्बन्धित क्षेत्र छट्याई निम्न बमोजिमका मुख्य रणनीतिक क्षेत्रहरु निर्धारण गरिएको छ। यसरी तयार गरिएको रणनीतिक क्षेत्रलाई कार्यान्वयन तहमा लैजान विभिन्न क्रियाकलापहरु समेटिएको कार्यनीति समेत प्रस्ताव गरिएको छ।

## ५.१ विषयगत क्षेत्र (वन सँग प्रत्यक्ष सरोकार रहने)

### ५.१.१ दिगो वन व्यवस्थापन

प्रदेशमा रहेका सरकारद्वारा व्यवस्थित वन तथा समुदायमा आधारित सबै किसिमका वनहरुलाई दिगो व्यवस्थापनको अवधारण र सिद्धान्तको आधारमा व्यवस्थापन गरिनेछ। संघले तयार गरेको एकीकृत रणनीतिक योजना र मापदण्डलाई आवश्यकता अनुसार प्रादेशिक तहमा परिमार्जन तथा अनुकूलित गरी लागू गरिनेछ।

यस सम्बन्धमा ***"वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन र वन पैदावरको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने"*** रणनीति अंगिकार गरिनेछ। यस रणनीतिको प्राप्तिका लागि निम्नानुसारको कार्यनीति तथा क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(१) प्रदेशमा रहेको समस्त वन स्रोतको सर्वेक्षण तथा नक्सांकन (प्रमुख प्रजातिहरूको वृद्धि मौजदात र अवस्था) गरी प्रादेशिक तथ्याङ्क अद्यावधिक गर्ने,

(२) सबै किसिम र व्यवस्थापन पद्धतिका वनहरूमा वनको प्रकार, प्रजाति, अवस्था एवं वनका विशेषताहरु र स्थान विशेष पहिचान र सोको आधारमा वन व्यवस्थापन योजना तयार गरी लागू गर्ने,

(३) वनको उत्पादन र उत्पादकत्व लाई स्थायी रूपमा सुनिश्चित गर्दै प्रजाति अनुरुप पहिचान गरिएको संवर्धन प्रणाली अनुसार वनको व्यवस्थापन गर्ने,

(४) वनको आकार, क्षेत्रफल र सम्भावित उपयोगका आधारमा वनको कार्ययोजना तयारी तथा नवीकरण गर्ने,

(५) काठको उपज, र अन्य सबै वन पैदावरहरूको वनको बृद्धि मौजदात र तिनीहरूको सम्बन्धित वार्षिक वृद्धिको आधारमा उपज नियमन (Yield regulation) गर्ने,

(६) समयानुकूल वनको स्वास्थ्य निगरानी (Forest Health Monitoring) र रोकथाम गर्ने प्रणाली तथा सामर्थ्य विकास गर्ने,

(७) वन व्यवस्थापनको लागि आवश्यक आधुनिक प्रविधि (Artificial Inteligence) र उपकरणको व्यवस्था गर्ने,

(८) वन पैदावर कटानी गर्दा अत्याधुनिक औजारहरुको प्रयोगलाई बढावा दिने र कटान तथा मुछान पद्धतिमा सुधार गरी कटान गर्दा हुने काठको क्षतिलाई कम गर्ने,
(९) प्रदेशको उच्च हिमाली भेगमा भएका घाँसे मैदान (खर्कसमेत) हरुको दिगो व्यवस्थापन गर्ने।

वन सम्वर्धन प्रणाली, वनको प्रकार, उचाई, मोहडा आदिमा भर पर्ने हुनाले गण्डकी प्रदेशमा रहेको वन क्षेत्रको वर्गीकरण गरि सोहि अनुसार Irregular Shelterwood System, Selection System, Coppice with Standard, Coppice System पहिचान गरि लागु गर्ने। खर्कहरुमा Protection System र उपयुक्त Rotational grazing लागू गर्ने।

### ५.१.१.१ सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन

प्रदेश भित्रको पहुँच योग्य अधिकांश सरकारद्वारा व्यवस्थित वन समूहलाई हस्तान्तरण गरि सकिएको भएता पनि अझै करीब ६६ प्रतिशत वनक्षेत्र संरक्षित क्षेत्र (शिकार आरक्ष , निकुञ्ज र संरक्षण क्षेत्र) भित्र र सरकारद्वारा व्यवस्थत वनको रुपमा रहेको छ। नवलपरासी बर्दघाट (सुस्ता पूर्व) १ वटा चक्ला वन बाहेक अरु सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन हुन सकिरहेको छैन।

यसको दिगो व्यवस्थापनका लागि निम्नानुसारको कार्यनीति सञ्चालन गरिनेछ।

(१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन कार्ययोजना बनाई व्यवस्थित गर्ने,
(२) वन क्षेत्रहरूको विगत र वर्तमानको अवस्था, यसको प्रभावकारिताको अनुगमन गर्ने,
(३) सरकारद्वारा व्यवस्थित वनको महत्वपूर्ण र रणनैतिक स्थानमा सम्भव भएसम्म सीमाङ्कन तथा तारबार गर्ने,
(४) सरकारद्वारा व्यवस्थित वनलाई उपयुक्तता र मागको आधारमा समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा परिणत गर्ने,
(५) वनभित्र गाइवस्तुको छाडा चरीचरन निरुत्साहित गरी वन व्यवस्थापन योजनामा तोकिए बमोजिम केही विशेष क्षेत्रफलमा घुम्ती चरण (Rotational grazing) को व्यवस्था गर्ने,
(६) सरकारद्वारा व्यवस्थित वनमा वन डढेलो, वन अतिक्रमण, चोरी कटानी तथा मिचाहा प्रजाति नियन्त्रण अभियान सञ्चालन गर्ने,
(७) तन्तु संवर्धन (Tissue Culture) प्रविधि मार्फत उच्च आनुवंशिक गुण (Superior Genotype) भएका बिरुवा उत्पादन गर्ने,
(८) जलवायु उत्थानशील र स्थानीय हावापानी एवं परिस्थिति अनुरुप रुख विरुवाको वृक्षारोपण गर्ने,
(९) आर्थिक रुपमा उच्च सम्भावना र माग हुने मुख्य प्रजातिहरुको बीउ बगैंचा निर्माण, विकास र विस्तार गर्ने,
(१०) वन प्राविधिक र सरोकारवालाहरुलाई वन व्यवस्थापन विषयमा क्षमता अभिवृद्धि गर्ने।

### ५.१.१.२ समुदायमा आधारित वनको व्यवस्थापन

गण्डकी प्रदेश समुदायमा आधारित वन व्यवस्थापनको दृष्टिकोणले महत्वपूर्ण प्रदेशका रुपमा रहेको छ। यस प्रदेशको करीब एक तिहाइ राष्ट्रिय वन समुदायमा आधारित विशेषतः सामुदायिक वन, साझेदारी वन, कवुलियती वन र धार्मिक वनको रुपमा समूहलाई हस्तान्तरण गरिएको छ। समुदायमा आधारित वन व्यवस्थापनको सुदृढीकरण मार्फत वनको दिगो व्यवस्थापन र उपभोक्ता समूहको आवश्यकता परिपूर्ती गर्दै वन मार्फत समृद्धि प्राप्ति गर्न यस ***"समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढिकरण गर्ने"*** रणनीति लिइनेछ।

यसका लागि देहायका कार्यनीति सञ्चालनमा लगिनेछ।

(१) स्थानीय समुदायको चाहना र क्षमता अनुसार प्रदेश भित्रको पायक पर्ने सम्पूर्ण वन क्षेत्र सहभागितामूलक वन व्यवस्थापनको आधारमा व्यवस्थापन गर्ने,

(२) सामुदायिक वनलाई प्रदेशको प्रमुख प्राथमिकताको वन कार्यक्रमको रुपमा सञ्चालन गर्ने,

(३) सामुदायिक वनको कार्ययोजना समयमै नवीकरण गर्ने र हालसम्म नवीकरण हुन नसकेका कार्ययोजना २ वर्ष भित्र नवीकरण सम्पन्न गर्ने,

(४) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने,

(५) विभिन्न प्रकार, अवस्था, आकार र क्षमताका सामुदायिक वनका लागि समुचित वन व्यवस्थापन मोडेलको विकास गरी लागु गर्ने,

(६) स्थानीय समुदायको काठ, दाउरा तथा कृषि औजार लगायत दैनिक आवश्यकताका वन पैदावारको आपूर्तिलाई सरल, सुलभ र सहज बनाउने,

(७) वन समूहको प्रयोग र आवश्यकता भन्दा बढी भएका वन पैदावार विक्री वितरणको लागि सरल र पारदर्शी प्रक्रिया को बिकास र अवलम्वन गर्ने,

(८) उच्च हिमाली भेगमा भएका खर्क र घुम्ती चरिचरण प्रणालीलाई सामुदायिक वनको कार्ययोजनामा राखी व्यवस्थित र सहजिकरण गर्ने,

(९) सङ्घीय सरकारसँगको समन्वयमा सामुदायिक वनलाई स्थायी लेखा नं. (प्यान) मा दर्ता गर्ने प्रक्रियालाई सहज गरी, सामुदायिक वनले तीन तहको सरकारमा विभिन्न रुपमा कर तिर्नु पर्ने प्रणालीमा सहजिकरण गर्ने,

(१०) समुदायमा आधारित वन व्यवस्थापन समूह तथा उपभोक्तालाई वन क्षेत्रबाट हुने चोरी शिकार तथा गैरकानुनी व्यापार नियन्त्रण गर्न समुदायमा आधारित चोरी शिकार नियन्त्रण लगायतका कार्यक्रम मार्फत जिम्मेवार बनाउने,

(११) वन उपभोक्ता समूहहरुको समूह परिचालन, अभिलेख व्यवस्थापन, वन व्यवस्थापन विषयमा तालिम, भ्रमण जस्ता क्षमता अभिवृद्धि कार्यक्रम नियमित सञ्चालन गर्ने,

(१२) हैसियत विग्रिएका वनलाई पर्यापर्यटन एवं वनजन्य उद्यम विकास र वनको हैसियत सुधारका लागि व्यवसायिक कवुलियती वन हस्तान्तरण सहजिकरण गर्ने,

(१३) गाउँमा बसोबास गर्ने विपन्न वर्गका उपभोक्ताहरुको वन संरक्षण र विकासमा निरन्तर सहभागिता बृद्धि गर्न विपन्नका लागि प्रत्यक्ष आयआर्जनका कार्यक्रम सञ्चालन गर्न वन समूहलाई प्रोत्साहन गर्ने,

(१४) धार्मिक वनमा धार्मिक महत्वयुक्त वृक्षारोपण, संरक्षण तथा व्यवस्थापन गर्ने, प्रदेशमा रहेका विपन्नमुखी कवुलियती वनलाई पुनर्जीवितगरी वनको विकास र गरिबी न्यूनीकरणमा योगदान गर्ने,

(१५) कबुलियती वनमा उच्च व्यवसायिक मूल्यका फलफूल तथा जडीबुटी खेती प्रवर्धन गर्ने,

(१६) सल्लोको एकल प्रजाति वनलाई क्रमशः चौडापाते र सल्लोको मिश्रित वनमा रुपान्तरण गर्ने,

(१७) जंगली खाद्य प्रजातिहरुको आनुवांशिक संरक्षण र प्रवर्धन गर्ने।

## ५.१.२ खर्क र चरण क्षेत्र व्यवस्थापन

नेपालको उच्च, मध्य र तल्लो पहाडी भागमा छरिएर रहेको खर्कहरुले नेपालको कूल भूभागको करिब २२.६ % छेत्रफल ओगटेको छ (स्रोतः खर्क नीति २०६८)। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सन् २०२४ मा प्रकाशित तथ्यांक अनुसार यस प्रदेशमा घाँसे मैदानको क्षेत्रफ़ल ४,८२,०७७ हेक्टर अर्थात् कुल भूभागको २२.०१% रहेको पाइन्छ। त्यस्ता भूभागमा जडिबुटी खेति गरी आर्थिक उपार्जन गर्नु पर्ने देखिन्छ। गण्डकी प्रदेशमा रहेको खर्क, प्राकृतिक चरण क्षेत्र, घाँसे मैदान एवं झाडी बुट्यान क्षेत्र बाँझो जमिन व्यवस्थापन गर्ने दृष्टिकोणले निम्न कार्यनीतिहरु प्रस्ताव गरिएको छ।

- प्रदेशमा रहेको खर्कहरुको तथ्यांक तयार गर्ने,
- खर्कहरुमा उपलब्ध बोट बिरुवाहरुको वैज्ञानिक व्यवस्थापन गर्न योजना बनाउने,
- हिमाली जडिबुटीहरुको उपलब्धता सर्वेक्षण गरी निकासी प्रवर्धन गर्ने।

## ५.१.३ वन संरक्षण र सदुपयोग

प्रदेश भित्रको वन अतिक्रमण, चोरी कटानी, मिचाहा प्रजातिको फैलावट तथा वन डढेलो वन संरक्षणको मुख्य चुनौतीको रुपमा रहेको छ। यसका साथै पूर्वाधार विकासका लागि अन्यत्र जमिन नखोजी वनमा नै पूर्वाधार निर्माण गर्ने कार्यले वनको जग्गा अतिक्रमित हुनुका साथै वन खण्डीकरण (Forest fragmentation) बढेको पाइन्छ। तसर्थ, वनको दिगो संरक्षण र सदुपयोग गर्न निम्न बमोजिम्ला कार्यहरु संचालन गरिने छ।

### ५.१.३.१ वन अतिक्रमण नियन्त्रण

(१) अतिक्रमित वन क्षेत्रको पहिचान, तथ्याङ्क अद्यावधिक र नक्साङ्कन गर्ने,

(२) प्रदेश भित्रको अन्य संवेदनशील वनको नक्साङ्कन गरी नियमित अनुगमन गर्ने,

(३) नयाँ अतिक्रमणलाई स्थानीय समुदाय, राजनीतिक दल तथा सुरक्षा निकायको समन्वय र सहकार्यमा तत्काल हटाई तारवार गरी वृक्षारोपण गर्ने,

(४) वन अतिक्रमण नियन्त्रणका लागि आवश्यक साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने,

(५) वन अतिक्रमणमा खटिने कर्मचारीको जीवन बिमा गर्ने,

(६) वन कर्मचारीले आफुले गरेको कामको यथार्थपरक विवरण सहितको १५ रोजा माथिल्लो निकायमा बुझाउने र माथिल्लो निकायले यसको प्रभावकारी अनुगमन गर्ने,

(७) वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ को कार्यान्वयन गरी पुराना अतिक्रमण हटाउने,

(८) वन अतिक्रमण गरी बसेको स्थानमा कुनै पनि सरकारी सुविधाहरु जस्तै विद्युत, खानेपानी, विद्यालय आदि उपलब्ध नगराउने व्यवस्था गर्ने,

(९) नयाँ वन अतिक्रमण भएमा सोको जिम्मेवार वन पदाधिकारीका साथै सुरक्षा निकाय, र प्रमुख जिल्ला अधिकारीलाई समेत जिम्मेवार बनाउने प्रणालीको विकास गर्ने,

(१०) प्रदेशका संवेदनशील स्थानमा रहेका खाली जग्गा तत्कालै वृक्षारोपण गरी व्यवस्थापन गर्ने,

(११) वन अतिक्रमण बढी हुने संवेदनशील समय (जस्तैः राष्ट्रिय तथा स्थानीय निर्वाचन, राजनीतिक अस्थिरता र आन्दोलनको समय, बाढी पहिरोको मौसम आदि) मा वन गस्ती व्यापक बनाउने।

### ५.१.३.२ मिचाहा प्रजातिको नियन्त्रण

प्रदेश वनक्षेत्र, खेती नगरिएका बाँझो कृषि भूमि तथा सिमसारहरुमा मिचाहा वनस्पति तथा रोग किराहरु व्यापक रुपमा फैलिँदो छ। यसलाई समयमा नियन्त्रण गर्न नसकिएमा पारिस्थिकीय प्रणालीले प्रदान गर्ने वस्तु तथा सेवाको उपलब्धता र गुणस्तरमा नकरात्मक प्रभाव पर्ने हुँदा यसलाई नियन्त्रण गर्न "**मिचाहा प्रजातिको फैलावट तथा रोग-कीरा नियन्त्रण, जीवन्तता (Vitality) र स्वस्थता (Health)**" कायम गर्ने रणनीति कार्यान्वयनका लागि देहायका कार्यनीति लागु गरिनेछः

(१) प्रदेश भित्र पाइएका र भविष्यमा प्रवेश गरी महामारीको रुप लिन सक्ने मिचाहा प्रजातिको जानकारीर अभिलेख तयार गर्ने,

(२) विदेशी रुखर बिरुवा प्रजातिहरुलाई अध्ययन अनुसन्धान पश्चात मात्र आयात गर्न दिने व्यवस्था गर्ने,

(३) सङ्घीय तथा प्रादेशिक सरकारी तथा गैरसरकारी निकाय, विश्व विद्यालय तथा प्राज्ञिक निकायहरुको सहयोग, समन्वय र सहकार्यमा अध्ययन अनुसन्धान कार्य गर्ने,

(४) संवेदनशील क्षेत्रमा मिचाहा प्रजातिका झाडी/बिरुवा उखेल्ने, गोड्ने तथा फुल्ने समय भन्दा अगाडी नै हटाउने,

(५) वन व्यवस्थापन कार्य गर्दा मिचाहा प्रजातिहरुलाई अनिवार्यरुपमा हटाउने व्यवस्था गर्ने,

(६) मिचाहा प्रजातिलाई बायो-ब्रिकेट, बायोचार वा कम्पोस्टमलमा प्रयोग गर्न प्रोत्साहन गर्ने,

(७) मिचाहा प्रजाति नियन्त्रण सम्बन्धी अनुसन्धानका लागि आवश्यक श्रोत साधनको व्यवस्था गर्ने,

(८) मिचाहा प्रजातिलाई प्रयोग गरी वन उद्यम गर्न चाहने उद्यमीलाई निशुल्क रुपमा झाडी उखेली लैजान सक्ने र अनुदानको व्यवस्था गर्ने,

(९) पर स्थानीय रुखर बिरुवा प्रजातिहरुलाई अध्ययन अनुसन्धान पश्चात मात्र सघन रुपमा लगाउन दिने व्यवस्था गर्ने,

(१०) मिचाहा प्रजाति नियन्त्रण सम्बन्धी प्रादेशिक रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(११) प्राकृतिक वन वा वृक्षारोपण गरिएको क्षेत्रमा रोगव्याधी, किरार फट्याङ्ग्राको प्रकोपबारे अनुगमन गर्ने,

### ५.१.३.३ वन डढेलो नियन्त्रण

गण्डकी प्रदेशमा वर्षेनी वन डढेलोबाट ठूलो मात्रामा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधताका साथै ठूलो मात्रामा जनधनको क्षति हुने गर्दछ। जलवायु परिवर्तनका कारणले तापक्रम वृद्धि , हावामा आद्रताको कमी, हावाहुरीको बढोत्तरी, सुख्खा आदिका कारणले वन डढेलोलाई उपयुक्त वातावरण तयार गर्दछ। यसमा मानिसले जानाजानी र लापरवाहीका कारण वनमा आगो लगाउँदा वन डढेलो नियन्त्रण बाहिर जाने गर्दछ।

यसलाई नियन्त्रण गर्न "**वन डढेलो नियन्त्रणद्वारा वन विनाश तथा वन क्षयीकरण न्यूनीकरण**" गर्ने रणनीति कार्यान्वयनका लागि देहायका कार्यनीति लिइनेछः

१. वन डढेलो लागेपछि निभाउने भन्दा वन डढेलो लाग्नै नदिने ९एचभखभलतष्खभ० कार्यहरुलाई प्राथमिकताका साथ सञ्चालन गर्ने,

२. आगलागीको जोखिम युक्त स्थानहरू सङ्केत गरी वन नक्सा तयार गर्ने,

३. वन डढेलो विरुद्ध जनचेतना जगाउन र व्यवस्थापनको लागि आधुनिक प्रविधि र उपायहरुको प्रयोग गर्ने,

४. वन डढेलो विषयलाई विद्यालय शिक्षामा समावेश गर्ने र स्थलगत अभ्यासमा जोड दिने,

५. वन व्यवस्थापन योजना निर्माण गर्दा पर्याप्त र वैज्ञानिक अग्न रेखा निर्माण र नियमित व्यवस्थापन गर्ने,

६. पातपतिङ्गर र ज्वलनशील पदार्थहरूको वैकल्पिक ९जस्तै - पेलेट, कम्पोष्ट, ब्रिकेट, बायोचार आदि० प्रयोग गरी वन डढेलोको जोखिम कम गर्ने,

७. वन डढेलो लागेमा तत्काल नियन्त्रणका लागि द्रुत प्रतिकार्य टोली ९त्तगष्अप च्भकउयलकभ त्भक० परिचालन गर्ने,

८. वन डढेलो व्यवस्थापनमा तालिम प्राप्त जनशक्ति र उच्च प्रविधिको प्रयोग गर्ने,
९. वन डढेलो न्यूनीकरण गर्न वन भित्र भएर जाने विद्युतीय हाइटेन्सन लाइन र ट्रान्सफर्मरहरु नेपाल विद्युत प्राधिकरणको सहयोग र समन्वयमा उचित व्यवस्थापन गर्ने,
१०. वन डढेलो सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने,
११. वन डढेलो निभाउनको लागि सामुदायिक दायित्वको प्रावधान गर्ने,
१२. वन डढेलो नियन्त्रणका लागि सचेतना जगाउने कार्यमा स्थानीय जनसमुदायलाई परिचालन गर्ने,
१३. वन समूहहरुको क्लस्टर बनाई वन डढेलो नियन्त्रणका लागि द्रुत प्रतिकार्य दस्ता निर्माण गरी तालिम तथा औजार प्रदान गरि परिचालन गर्ने,
१४. वन डढेलो नियन्त्रण दस्ताहरुलाई कार्य प्रभावकारिताको आधारमा वन समूहले आर्थिक सहयोग प्रदान गर्ने र विमाको व्यवस्था गर्ने,
१५. वन डढेलो लाग्न भन्दा अगाडि डढेलो विरुद्धको सचेतना कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने,
१६. काठ घाटगद्दि स्थललाई वन डढेलोबाट सुरक्षत राख्न आवश्यक सबै व्यवस्था मिलाउने,
१७. डिभिजन वन कार्यालय, सा।वा।उ।स र सुरक्षा निकायहरुलाई वन डढेलो नियन्त्रण गर्न आवश्यक सबै औजार तथा सुरक्षा सामग्री उपलब्ध गराउने,
१८. वन डढेलो नियन्त्रणमा खटिने कर्मचारी तथा समुदायलाई जीवन विमाको व्यवस्था गर्ने,
१९. वन डढेलोबाट अङ्गभङ्ग हुने व्यक्तिको सम्पूर्ण उपचार सरकारले गर्ने र मृतकका परिवारलाईवन्यजन्तुबाट क्षति हुँदा दिने राहत बराबर क्षतिपूर्ति उपलब्ध गराउने।
२०. वन डढेलोको एउटा मुख्य कारण मावन वन्यजन्तु द्वन्द्ध रहेकाले यो समस्याको समाधान गर्ने प्रविधि र उपायरूको खोजि गरि कार्यन्वयन गर्ने।

## ५.१.४ वन्यजन्तु संरक्षण र जैविक विविधता व्यवस्थापन

गण्डकी प्रदेश वन, वनस्पति तथा वन्यजन्तु, भूदृश्य, भौगोलिक स्थिति तथा जलवायुको दृष्टिकोणले अत्यधिक विविधतायुक्त प्रदेश रहेको छ। यसमा विभिन्न वर्गका वनस्पति तथा वन्यजन्तुको दृष्टिकोणले प्रशस्त विविधता भएतापनि वन अतिक्रमण, वन डढेलो, चोरी शिकारी, मिचाहा प्रजातिको फैलावट, वन खण्डिकरण, वासस्थानको विनाशले गर्दा यस प्रदेशका वन्यजन्तुको संरक्षण र जैविक विविधताको व्यवस्थापनमा चुनौती थपिएको छ।

यसर्थ,"***प्रदेशको वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने***" रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु कार्यान्वयन गरिनेछः

१. भू-परिधिस्तरको जैविक विविधता संरक्षण र प्रमुख प्रजातिका लागि सीमा वारपार ९त्चबलकदयगलमबचथ० समन्वय र संरक्षणलाई प्राथमिकता दिने,

२.	प्रदेश भित्र रहेको जैविक विविधता हटस्पट ९द्यष्यमष्खभचकष्तथ जयतकउयतं० हरुको पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्ने,

३.	वन्यजन्तुको वासस्थान व्यवस्थापन गरी पानीको स्रोत संरक्षण (ध्वतभचजयभि ªबलबनभ्मभलत० तथा घाँसे मैदान व्यवस्थापन गर्ने,

४.	महत्वपूर्ण वनस्पति तथा वन्यजन्तु प्रजाति संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

५.	विभिन्न वन्यजन्तुको बहन क्षमता तय गरी व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

६.	लोप हुन लागेका महत्वपूर्ण वनस्पतिहरुको संरक्षण तथा व्यवस्थापन योजना बनाई लागु गर्ने,

७.	अवैध चोरी शिकारी नियन्त्रण गर्न अवैध चोरी शिकारी नियन्त्रण टोली गठन र प्रभावकारी परिचालन गर्ने,

८.	वन्यजन्तुका लागि उपयुक्त जैविक मार्गको पहिचान, घोषणा र व्यवस्थापन गर्ने,

९.	वनस्पति अन्वेषण ९एबिलत भहउयिचबतष्यल० अभियान सञ्चालन गरी प्रदेश भित्र रहेका सबै प्रकारका रैथाने वनस्पतिहरुको पहिचान, संरक्षण र व्यवस्थापन गर्ने,

१०.	संघ सँगको समन्वयमा प्रदेशका वनस्पति ९ँयिचब या न्बलमबपष एचयखष्लअभ० प्रकाशन गर्ने,

११.	जंगली खाद्य प्रजातिहरूको आनुवंशिक स्रोत ९न्भलभतष्अ चभकयगचअभक० संरक्षण र प्रवर्धन  गर्ने,

१२.	पंक्षी संरक्षण क्षेत्र साथै महत्वपूर्ण पंक्षी क्षेत्र ९क्ष्उयचतबलत द्यष्चम ब्चभब० पहिचान गरी घोषणा गर्ने र भएकालाई व्यवस्थापन गर्ने,

१३.	प्रदेशमा अवस्थित ताल तलैया तथा नदीहरुमा प्रदूषण नियन्त्रण गर्ने,

१४.	प्रदेशको पँचभैया वन्यजन्तु उद्धार तथा उद्यानको समुचित पूर्वाधार निर्माण र व्यवस्थापन गरी वन्यजन्तु उद्धार र पर्या-यर्यटनलाई प्रवर्धन गर्ने,

१५.	मानव(वन्यजन्तु द्वन्द्व कम गर्न मानव वन्यजन्तु सह अस्तित्तवका विषयमा योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

१६.	समस्याग्रस्त वन्यजन्तु प्रजाति विशेष द्वन्द्व न्यूनीकरण कार्ययोजना बनाई लागु गर्ने,

१७.	वनमा आधारित आदिवासी जनजाति समुदायको प्रथाजनित अभ्यास तथा प्रणालीहरुको संरक्षण र सम्वर्धन गर्ने।

१८.	प्रदेश वन्यजन्तु अपराध नियन्त्रण इकाई र जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाई परिचालन गर्ने ,

१९.	कानुन कार्यान्वयन गर्ने निकाय र वन्यजन्तु अपराध नियन्त्रणमा समुदायको संलग्नता क्षमता अभिवृद्धि गर्ने,

२०.	संरक्षण कार्यको प्रभावकारिताका लागि उपलब्ध प्रविधिको उपयोग गर्ने।

## ५.१.५ जडीबुटी र गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन र खेती विस्तार

गण्डकी प्रदेश जातीय वनस्पति विज्ञान (Ethnobotanical) प्रयोग, र व्यापारिक दृष्टिकोणले महत्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डारको रूपमा परिचित रहेको छ। स्थानीय रोजगारी सिर्जना र प्रदेशको आर्थिक समृद्धिमा योगदान गर्न सक्ने जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्राकृतिक रुपमा वन क्षेत्रबाट अत्यधिक दोहन भइरहेको छ। अत्यधिक माग भएका र व्यापारिक रुपले महत्वपूर्ण जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पर्याप्त मात्रामा खेती प्रवर्धन र उद्यम विकास हुन सकेका छैनन्।जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको माग, बजार र मूल्यको अनिश्चितताले यसको विकास, विस्तार र दिगोपनामा चुनौती थपिएको छ।

यसका लागि ***"जडीबुटी तथा गैरकाष्ठ वन पैदावरको संरक्षण , संवर्धन तथा दिगो व्यवस्थापनका साथै उद्यम विकास गर्ने"*** रणनीति प्राप्तिका लागि देहायको कार्यनीति र क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(१) गैरकाष्ठ वन पैदावार प्रजातिहरुको वैज्ञानिक अध्ययन र श्रोत सर्वेक्षण गर्ने,

(२) गण्डकी प्रदेश भित्र पाइने महत्वपूर्ण गैरकाष्ठ वन पैदावर प्रजातिहरुको सूची, चिनारी, उपयोग र बजारको विवरण सरल भाषामा तयार गरी प्रकाशित गर्ने,

(३) गण्डकी प्रदेशमा प्राकृतिक रुपमा पाइने ओखर, टिमुर, सतुवा, तेजपात, रुद्राक्ष, भोजपत्र, अलैंची, अल्लो, लोक्ता, आदिको खेती प्रविधी विकास र विस्तार गर्ने,

(४) महत्वपूर्ण गैरकाष्ठ वन पैदावारको खेती विस्तारका लागि आवश्यक गुणस्तरीय बीउ विजन, विरुवा र अन्य आवश्यक सामग्रीहरु सरल र कम खर्चमा उपलब्ध गर्ने,

(५) गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापन गर्दै उपभोक्ताहरुलाई प्रदेशस्तरको "प्रमाणीकरण प्रमाण पत्र" उपलब्ध गराउने,

(६) महत्वपूर्ण गैरकाष्ठ वन पैदावरलाई प्रशोधन गरी मुख्य वस्तु (Important final product) तयार गरी विदेश निकासीको सम्भावना अध्ययन गर्ने,

(७) गैरकाष्ठ वन पैदावारलाई प्रशोधन गरी "सारतत्व" निकाली विक्री वितरण गर्ने उद्योग स्थापना र सञ्चालनलाई प्रोत्साहन गर्ने,

(८) वन उद्यम सम्बन्धी सीप तथा क्षमता विकास सम्बन्धी तालिमलाई प्राथमिकता प्रदान गर्ने,

(९) गैरकाष्ठ वन पैदावारको स्वदेश तथा विदेशमा उपलब्ध बजारको अध्ययन र अनुसन्धान गर्ने,

(१०) निरमसी, वन लसुन, लघुपत्र, भोजपत्र, जटामसी र पाँचऔंले जस्ता लोपोन्मुख जडीबुटी तथा गैरकाष्ठ वन पैदावारलाई प्रशोधन र बजारीकरणको लागि अध्ययन अनुसन्धान गर्ने,

(११) डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय र निजी वन उद्यमी बीचको समन्वय र सहकार्यमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार खेती प्रवर्धन र उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(१२) काष्ठ तथा गैरकाष्ठ वन पैदावारको राजश्व तथा गैह्रकरमा सामयिक परिवर्तन र सुधार गर्न संघलाई सहजिकरण गर्ने,

(१३) काष्ठ तथा गैरकाष्ठ वन पैदावारको समग्र डाटाबेश तयार गरी नियमित प्रकाशन गर्ने।

## ५.१.६ एकीकृत जलाधार व्यवस्थापन (नदी प्रणालीमा आधारित)

यस प्रदेशमा ८५ प्रतिशत भन्दा बढी पहाडी भू-भाग रहेको अनुमान छ। काली गण्डकी, सेती नदी, मादी, दरौदी, मर्स्याङ्दी, आँधीखोला जस्ता सयौं नदी र खोलाखोल्सी यस प्रदेशमा उत्पति भएर बग्छन्। यस प्रदेशको भौगोलिक बनावटले गर्दा बाढी, पहिरोको जोखिम अत्यधिक रहन्छ।

यसका लागि जमिनको सुरक्षा, पानीको संरक्षण तथा पुर्नभरणका साथै विरुवालाई आवश्यक पर्ने खाद्य पदार्थ (Nutrients) हरुको संरक्षण गरी दिगो व्यवस्थापन गर्ने उद्देश्यका साथ ***"भू तथा जलाधार संरक्षण र दिगो व्यवस्थापन गर्दै भूमिको उत्पादकत्व कायम गर्ने"*** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलाप प्रस्ताव गरिएको छः

(१) प्रदेशका जिल्लागत जलाधारको वर्गीकरण अनुसारको सुख्खा खडेरी, विपदग्रस्त क्षेत्र पहिचान गरी भूमि, जल तथा जलाधारको संरक्षण एवं व्यवस्थापन गर्ने,

(२) पानीका मूलहरुको संरक्षण गर्ने, पोखरी निर्माण गर्ने र जमिन कटान रोक्नको लागि उपयुक्त प्रजातिको वृक्षारोपण तथा व्यवस्थापन गर्ने,

(३) दिगो, प्रभावकारी तथा किफायती भू-संरक्षणको लागि जैविक इञ्जिनियरिङ (Bio engineering) प्रविधिको उपयोग, विकास र व्यवस्थापन गर्दै भूमीको उत्पादकत्व कायम गर्ने,

(४) नदी किनारको दुवै छेउमा नदीको चौडाइको दोब्बर खुला क्षेत्रको रूपमा छोड्ने व्यवस्था गरी नदीको प्राकृतिक वहावलाई कायम राख्ने,

(५) संघीय कानून बमोजिम जलविद्युत आयोजना निर्माण गर्दा छोड्नुपर्ने जलप्रवाह (E-flow) अनिवार्य रुपमा छोड्नुपर्ने बाध्यकारी व्यवस्था गर्ने,

(६) मुख्य जलाधार क्षेत्रमा भूक्षयलाई बढावा दिने खोरिया फडाँनी निरुत्साहित गर्ने,

(७) प्रभावकारी भू तथा जलाधार व्यवस्थापन कार्यका लागि संघीय भू-संरक्षण ऐन तथा नियमावली कार्यान्वयन ल्याउने र प्रादेशिक कानून तर्जुमा गर्ने,

(८) पहाडी भूभागमा पर्याप्त वातावरणीय र जलप्रवाह प्रणालीको अध्ययन गरेर मात्रै सडक लगायतका पूर्वाधार आयोजनाहरु निर्माण गर्ने,

(९) भौतिक संरचनाको निर्माण गर्दा उपल्लो तटीय र तल्लो तटीय सम्पर्क र सम्बन्धलाई जीवन्त राख्ने गरी गर्ने,

(१०) प्रदेशका फेवाताल लगायत महत्वपुर्ण ताल तलैयाको दिगो संरक्षण गर्ने,

(११) बैज्ञानिक आधार र तरिकाको निर्माण गरि मात्र नदीको ढुङ्गा, गिट्टी र बालुवा झिक्न पाउने व्यवस्था गर्ने।

## ५.१.७ वन पैदावारमा आधारित उद्यम विकास र वन पैदावारको आपूर्ति

यस प्रदेशमा वन पैदावारमा आधारित विशेषगरी समिल, फर्निचर, जडीबुटी प्रशोधन, भेनियर/प्लाइबोर्ड उद्योग, हाते कागज उद्योग, अल्लो कपडा उद्योग आदि विभिन्न जिल्लाहरुमा दर्ता भई सञ्चालनमा रहेका छन् भने कतिपय घरेलु तथा साना उद्योगहरु विना दर्ता पारिवारिक तवरले सञ्चालनमा रहेका पनि पाइन्छन् ।

प्रदेशमा ***वन पैदावारमा आधारित उद्योगहरु स्थापना तथा प्रवर्द्धन गरी स्थानीय रोजगारी तथा अर्थतन्त्रमा योगदान बढाउन निजी क्षेत्रको सहभागिता सुदृढ गरी लगानी मैत्री वातावरण निर्माण गर्ने*** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) नीजि क्षेत्रलाई काष्ठ तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी उद्योग व्यवसायमा लगानी गर्न प्रोत्साहन गर्ने,

(२) "एक पालिका: अनेक वन उद्यम" कार्यक्रम सञ्चालन गरी स्थानीय रोजगारी र आय बृद्धि गर्ने,

(३) स्वदेशी उद्योगलाई आवश्यक पर्ने काष्ठ तथा गैरकाष्ठ वन पैदावार कच्चा पदार्थ सरल रुपमा उपलब्ध गर्ने,

(४) निजी क्षेत्रलाई काठको आयु र टिकाउपना बढाउन उपयुक्त सिजनिङ्ग तथा ट्रिटमेण्ट उद्योग स्थापना र सञ्चालन गर्न आवश्यक ज्ञान, शीप, क्षमता र लगानी उपलब्ध गराउने,

(५) सरकारी भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा स्वदेशी काठ प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था गरी, लागु गर्ने,

(६) देशभित्रै कटानी र व्यापार प्रक्रियालाई सरल बनाउँदै आन्तरिक रूपमा उत्पादित काठको प्रयोगलाई प्रवर्धनगर्ने,।

(७) ससाना वन उद्यमहरुका लागि प्रगति र प्रदर्शनमा आधारित अनुदान र ठूला उद्योगहरुका लागि सस्तो ब्याजमा सरल कर्जाको व्यवस्था गर्ने,

(८) वनको जग्गामा स्थापना हुने औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्रमा निश्चित क्षेत्रफल वनजन्य उद्योगका लागि अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था गर्ने,

(९) प्रदेशमा बाँस र बाँसजन्य सामाग्रीको व्यवसायीकरण गर्न सक्ने सम्भावना रहेकोमा आवश्यक ज्ञान, शीप, क्षमता र लगानी उपलब्ध गराउने,

(१०) वन नर्सरी स्थापना तथा उत्पादित विरुवा विक्री वितरणका लागि निजी क्षेत्रलाई आवश्यक तालिम उपलब्ध गराउने र सहजिकरण गर्ने,

(११) सङ्घीय सरकार मातहतमा भएको वनस्पति विभाग, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी एवं सिंहदरबार बैद्यखानाहरु सँग समन्वय र सहकार्य गरी जडीबुटी उत्पादन र खेती विस्तार गर्ने,

(१२) गण्डकी प्रदेशमा सरकारी सेवामा रहेका राजपत्रांकित प्रथम र विशिष्ठ श्रेणीका कर्मचारीहरू र प्रदेश सभा सदस्यज्यूहरुले एवम् प्रदेश सरकारका पदाधिकारी ज्यू तथा समस्त वन कर्मीहरुले प्रदेशमा उत्पादित अल्लोको कपडा अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउने,

(१३) प्रदेशमा अमन्त्रित पाहुनाहरुलाई काठ वा अन्य वन पैदावारबाट निर्मित "मायाको चिनो" दिने व्यवस्था गर्ने।

## ५.१.८ पर्यापर्यटन, वन्यजन्तु पालन र प्रजनन

गण्डकी प्रदेश पर्यापर्यटनको राजधानीको रुपमा सुपरिचित छ। यस प्रदेशमा रहेका हिमाल, पहाड, ताल तलैयाका साथै प्राकृतिक छटाहरु स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्न उपयुक्त छन्। ***सामुदायिक वन, स्थानीय संस्कृति र प्राकृतिक पद मार्गहरुलाई पर्यापर्यटनको विशिष्ठ माध्यम बनाउने र वन्यजन्तु पालन र प्रजननलाई स्थानीय रोजगारी तथ समृद्धिसँग जोड्ने रणनीति*** प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) विद्यमान र सम्भावित पर्यटकिय गन्तव्यहरुको पहिचान गरी अभिलेखीकरण गर्ने,
(२) सामुदायिक वन र नीजि क्षेत्रको लगानीमा सामुदायिक वनहरु भित्र पर्यापर्यटनको अवसर सिर्जना गर्ने,
(३) प्रदेशमा पर्यटकहरुलाई आकर्षित गर्न पर्यटकिय गन्तव्यहरुको प्रचार प्रसारलाई व्यापक गर्ने,
(४) सामुदायिक वन उपभोक्ताहरुलाई पर्यापर्यटन सम्बन्धी तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने,
(५) पर्यापर्यटन उद्यम विकासको लागि सस्तो र सहुलियत ब्याजदरमा ऋण प्रवाह गर्ने,
(६) समुदाय र उद्यमीहरूलाई कानुन बमोजिम वन्यजन्तु पालन तथा प्रजनन गर्न प्रोत्साहन गर्ने,
(७) वन्यजन्तु पालन र पर्यापर्यटन मार्फत स्थानीय समुदायमा रोजगारी र सबल अर्थतन्त्रको विकास गर्ने,
(८) समुदायमा आधारित साना तथा मझौला चिडीयाखाना तथा प्राणी उद्यान सञ्चालन गर्ने,
(९) प्राकृतिक रुपमा रहेको वन जंगलमा पर्यापर्यटन गराउँदा यथोचित शुल्क लिने व्यवस्था गर्ने,

## ५.१.९ मानव-वन्यजन्तु सहअस्तित्व

वन संरक्षणको सफलता स्वरुप वन्यजन्तुको संख्यामा अत्याधिक वृद्धि भएको पाइन्छ। फलस्वरुप विभिन्न वन्यजन्तुहरुबाट खेतीबाली, घरपालुवा जीवजन्तु तथा जनधनको हानी नोक्सानीमा बृद्धि भएको छ। बाँदर, बँदेल, चितुवा, हिउँचितुवा, ध्वाँसे चितुवा, बाघ, हात्ती, भालु, ब्वाँसो, जङ्गली कुकुर, मगर गोही, अजिङ्गर तथा अन्य जङ्गली जनावरहरुले जीउ धनको नोक्सानी गर्ने र मानिसहरुले पनि बदला स्वरुप यी वन्यजन्तुलाई मार्ने तथा घाइते बनाउने क्रियाकलापहरु लाई न्यूनीकरण गर्न ***"मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी सहअस्तित्व निर्माण गर्ने"*** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) वन्यजन्तुको वासस्थान एवं प्रजाति संरक्षण तथा कार्यान्वयन योजना तर्जुमा तथा लागु गर्ने,
(२) वन्यन्तुबाट मृत्यु भएका मानिसका परिवारलाई तत्कालै राहत रकम प्रदान गर्ने व्यवस्था गर्ने,
(३) संघ तथा स्थानीय तहको समन्वयमा वन्यजन्तुबाट भएको क्षतिको मूल्याङ्कन गरी राहत वितरण गर्ने प्रक्रियालाई थप सहजिकरण गर्ने,

(४) संघसँगको समन्वयमा वन्यजन्तुको वाहन क्षमता अध्ययन गरी निश्चित प्रजातिको लागि पालनको व्यवस्थापन गर्ने,

(५) वन्यजन्तुबाट मानव तथा जीउधनको क्षति सम्बन्धी राज्यको भार कम गर्न समुदायमा आधारित बिमा कार्यक्रम लागू गर्ने,

(६) वन्यजन्तु-मानव द्वन्द्व न्यूनीकरणका लागि द्रुत प्रतिक्रिया (Quick response) र अनुगमनको कार्यमा प्रविधिको प्रयोग गर्ने,

(७) वन्यजन्तुले मन पराउने कृषी बालीको खेति प्रवर्धन गर्ने,

(८) वन्यजन्तु-मानव द्वन्द्व स्थान, समुदाय र जनावर अनुसार फरक-फरक पर्ने हुँदा स्थान विशेष वन्यजन्तु-मानव द्वन्द्व कम गर्न सहभागीतामुलक योजना तयार गरी लागु गर्ने,

(९) संघसँगको समन्वयमा अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन प्रदेश सरकारले गर्ने व्यवस्था गर्ने।

## ५.२ अन्तर निकायगत सम्वन्धित क्षेत्र

वन व्यवस्थापनको कार्य वनसँग सम्बन्धित निकायहरुसँग मात्र नभई पछिल्ला वर्षमा वन मन्त्रालय भन्दा बाहिरका निकायहरु र क्षेत्रहरुसँग समेत अप्रत्यक्ष रुपमा सम्बन्धित हुँदै गएको छ। यसका लागि वनसँग सम्वन्धित मन्त्रालय मातहतका कार्यालयका साथै विभिन्न तहका सरकारहरु, समुदाय, सामाजिक संघ संस्था तथा निजी क्षेत्रको सहयोग र समन्वयमा यसको कार्यान्वयनलाई अगाडि बढाउनु पर्ने भएको छ। सबै सरकारहरु र सबै समाज (Whole of the Governments and Whole of the Society) को अवधारणामा काम गर्नु पर्दछ र स्थानीय सरकारलाई जिम्मेवार बनाउनु पर्दछ।

### ५.२.१ शहरी वन प्रवर्धन तथा व्यवस्थापन

**"स्वच्छ, सुन्दर, सफा र बसोबासयोग्य शहर निर्माणका लागि शहरी वन तथा हरियाली प्रवर्धन गर्ने"** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) प्रदेश भित्र रहेका शहरी तथा सार्वजनिक वन, खाली स्थान, पार्क एवं सम्पदा, रुखहरुको तथ्याङ्क संकलन र वैज्ञानिक अभिलेख व्यवस्थापन गर्ने,

(२) शहरी हरियालीको विकास, विस्तार र व्यवस्थापनका लागि स्पष्ट कानून र नीतिगत व्यवस्था गर्ने,

(३) "एक घरः दुई बिरुवा" को अवधारणा अनुरुप प्रदेश अन्तर्गतका प्रत्येक घरले अनिवार्य रुपमा दुइवटा रुख लगाउने व्यवस्था गर्ने,

(४) शहरको प्राकृतिक र भौगोलिक अवस्था एवं समुदायको माग र उपयुक्तताको आधारमा उपयुक्त प्रजाति छनौट, वृक्षारोपण र दिगो व्यवस्थापन गर्ने,

(५) शहरी हरियाली प्रवर्धन का लागि पुँजी र लगानी एवं समुचित प्रविधिको व्यवस्था र वृद्धि गर्ने,

(६) शहरी हरियाली प्रवर्धन र व्यवस्थापनमा समुदाय र सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्ने,

(७) वृक्षारोपण गरिएका विरुवाहरुको संरक्षण, काँटछाँट, आर्किटेक्चर र उचित ब्यवस्थापन गर्ने,
(८) डिभिजन वन कार्यालय र स्थानीय पालिकाहरुमा शहरी वन प्रवर्धन शाखा स्थापना गरी वृक्षारोपण एवं शहरी वन व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान तथा सिपको विकास गर्ने,
(९) शहरी ल्याण्डस्केपिङ र ट्रि आर्किटेक्चर विषयमा प्राविधिक जनशक्ति विकास गर्ने,
(१०) सडक जस्ता भौतिक पूर्वाधार निर्माण गर्दा समुचित वृक्षारोपण र व्यवस्थापन सुनिश्चित गर्ने,
(११) पालिकाहरुमा शहरी हरियाली प्रवर्धन सहितको भौतिक पूर्वाधारको एकिकृत गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने,
(१२) बुढा पुराना, ऐतिहासिक, महत्वपूर्ण र विशेष रुखहरुको पहिचान, संरक्षण र अभिलेख व्यवस्थापन गर्ने,
(१३) जनसहभागिता र अपनत्व अभिवृद्धिका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
(१४) निजी तथा सामुदायिक वन नर्सरीहरुको क्षमता र गुणस्तर वृद्धि गर्ने,
(१५) वर, पिपल, समी जस्ता ऐतिहासिक बोटलाई उपयुक्त स्थानमा लगाई हुर्काउने र भएका चौतारालाई संरक्षण गर्न ऐनको कार्यान्वयन गर्ने।

## ५.२.२ ताल तलैया तथा सिमसारको संरक्षण, विकास र उपयोग तथा व्यवस्थापन

गण्डकी प्रदेश विभिन्न ताल, नदी नाला तथा सिमसारको उपलब्धताको दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ। रामसार सूचीमा सूचिकृत पोखराका फेवाताल लगायतका अन्य  नौ वटा तालहरु देखि लिएर संसारको सबैभन्दा उच्च स्थानमा रहेको तिलिचो ताल समेत यसै प्रदेशमा रहेको छ।

यसका लागि **तालतलैया तथा सिमसार क्षेत्रको दिगो व्यवस्थापन गर्ने** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) गण्डकी प्रदेशमा रहेको सम्पूर्ण सिमसारहरुको तथ्याङ्क तथा अभिलेख तयार गर्ने,
(२) वातावरण क्षेत्रलाई अविछिन्न राख्न सम्बन्धित सरोकारवालाहरुसँगको समन्वयमा “वातावरणीय सेवा भुक्तानी” को व्यवस्था कार्यान्वयन गर्ने,
(३) सिमसार क्षेत्रसँग जोडिएको जलाधार क्षेत्रमा अतिक्रमण, खोरिया फडानी, पानीको मुहान खलबल्याउने कार्यलाई दण्डित गर्ने व्यवस्था गर्ने,
(४) सिमसार क्षेत्रको दीर्घकालिन अस्तित्व जोगाउन सरोकारवालासँगको समन्वयमा भूगोल अनुसारको छुट्टाछुट्टै कार्ययोजना तयार गरी लागु गर्ने,
(५) सिमसार क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापनका लागि रामसार सूचना सिट (Ramsar Information Sheet) तयार गरी रामसार सचिवालयमा सङ्घीय सरकार मार्फत नियमित पेश गर्ने,
(६) सिमसार क्षेत्रमा विभिन्न तरिकाबाट हुने अतिक्रमण, थिग्रीकरण तथा मिचाहा प्रजाति नियन्त्रण गर्न उपयुक्त कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,

(७) सिमसार क्षेत्रको पर्यावरणीय निष्ठा (Ecological Integrity) कायम गर्ने विधि, प्रक्रिया र कार्यक्रमहरु अवलम्बन गर्ने,
(८) सिमसार संरक्षण तथा यसका पारिस्थितिकीय प्रणालीको अध्ययन गर्ने तथा अक्षुण्ण राख्न सङ्घीय निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने।

## ५.२.३ कृषि-वन प्रणालीको विकास र विस्तार

बसाईसराई र वैदेशिक रोजगारका कारण हाल प्रदेशमा करीब २५ प्रतिशत भन्दा बढी कृषियोग्य भूभाग बाँझो रहेको छ। यस्तै मानिसको काठ, दाउरा लगायत वन पैदावरको साथै कृषिको मागलाई परिपूर्ति गर्न, **जग्गाको उत्पादकत्व बढाउन र दिगो व्यवस्थापन गर्न प्रदेशमा कृषि-वन प्रणालीलाई प्राथमिकताका साथ सञ्चालन र विस्तार** गर्ने रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) बसाईसराई र आप्रवसनको कारणले बाँझो रहेको निजी र सार्वजनिक जग्गाहरुमा उपयुक्त कृषि वन प्रणाली विकास र विस्तार गर्ने,
(२) भौगोलिक अवस्था र स्थान विशेषको उपयुक्त कृषि वन प्रणाली विकास गर्ने,
(३) आम्दानी र आयआर्जनमा वनलाई जोड्ने कार्यक्रमको आयोजना गर्ने,
(४) वन र कृषिको माध्यमबाट रोजगारी र पर्यटनको विकास गर्ने,
(५) कृषि कार्यको लागि उपयुक्त नभएका बाँझो, पर्ति जग्गामा गैरकाष्ठ वन पैदावर खेती गर्न निजि क्षेत्रलाई प्रोत्साहन गर्ने,
(६) राष्ट्रिय कृषि-वन नीति, २०७६ लाई प्रादेशिक विशेषता अनरुप प्राथमिकता प्रदान गरी प्रादेशिक तवरमा कार्यान्वयन गर्ने,
(७) स्थानीय तहसँग समन्वय गरी कृषि वन कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने।

## ५.२.४ जलवायू परिवर्तन अनुकूलन र न्यूनीकरण

जलवायु परिवर्तनको दुष्प्रभावका दृष्टिकोणले समग्र नेपाल जस्तै गण्डकी प्रदेश पनि अत्यन्तै जोखिमयुक्त रहेको छ। जलवायू परिवर्तनका प्रभावले अतिवृष्टि, अनावृष्टि, सुख्खा, प्रचण्ड गर्मी, खडेरी, हिउँताल फुट्ने, हिउँ पग्लने, बाढी पहिरो जस्ता विपद् बढिरहेको छ। वनस्पति र वन्यजन्तुको उच्च भाग तिर सर्ने प्रक्रिया (Tree species shifting towards higher altitude), वनस्पतिको ऋतु अनुसारको परिवर्तन (Phenological Changes), वन डढेलोको वृद्धि, मिचाहा प्रजातिको फैलावट, विभिन्न हानिकारक रोग तथा किराको प्रकोप वृद्धि जस्ता नकरात्मक प्रभावलाई कम गरी ***वन तथा स्थानीय समुदायलाई जलवायु उत्थानशीलता अभिवृद्धि गरी सक्षम र समृद्ध समाज निर्माणमा योगदान गर्ने*** रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति कार्यान्वयन गरिनेछः

(१) जलवायु परिवर्तनको संवेदनशीलताका आधारमा प्राथमिकता प्राप्त जलाधारहरुमा जलवायु अनुकूलन योजना तयार गरी कार्यान्वयन गर्ने,

(२) जलवायु उत्थानशील वन र वनस्पतिहरुको पहिचान गरि वृक्षारोपण तथा विकास गर्ने,

(३) वन क्षेत्रमा आधारित सबै समुदायलाई जलवायु उत्थानशील, अनुकूलन तथा न्यूनीकरणका असर, प्रभाव र प्रविधिको बारे जनचेतना अभिवृद्धि गर्ने,

(४) सबै किसिमको वन र वनमा आश्रित समुदायको जलवायु उत्थानशीलता अभिवृद्धि र प्राकृतिक विपदसँग लड्न सक्ने क्षमता अभिवृद्धि गर्ने,

(५) जलवायु उत्थानशील र स्थानीय हावापानी एवं परिस्थिति अनुकूल प्रजाति वृक्षारोपण गर्न स्थानीय तहलाई प्रोत्साहन गर्ने,

(६) स्थानीय बिउ तथा प्रजातिहरु जलवायु परिवर्तनका प्रभावसँग जुध्न सक्ने भएको हुँदा यसको संरक्षण र विकास गर्ने,

(७) संघसँगको समन्वय र सहकार्यमा प्रदेशका सबै भौगोलिक क्षेत्रहरुमा जलवायु मापन केन्द्रहरु स्थापना गर्ने,

(८) संघसँगको समन्वय र सहकार्यमा जलवायु जोखिम, चरम घटना (Extreme Events) र विपद्को पूर्वसूचना प्रणाली विकास र विस्तार गर्ने,

(९) जलवायु परिवर्तनको असरले सबैभन्दा बढी संवेदनशील र जोखिममा रहेका समुदाय लाई क्षमता अभिवृद्धि र सचेतनाको कार्यक्रम सञ्चालन गर्ने,

(१०) स्थानीय, प्रदेश र सङ्घीय स-सर्तका कार्यक्रमहरुलाई जलवायुजन्य जोखिम र अनुकुलन सँग जोडेर कार्यान्वयन गर्ने,

(११) जलवायु परिवर्तनको प्रभाव, जोखिम र अनुकुलनका विषयहरुमा अध्ययन , अनुसन्धान, ज्ञान, सीप, अन्तरक्रिया, अभिलेखीकरणका कार्यहरु गर्ने,

(१२) प्रदेश जलवायु परिवर्तन समन्वय समितिलाइ सक्रिय पार्ने,

(१३) संघसँगको समन्वय र सहकार्यमा राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयन गर्ने ।

## ५.२.५ जलवायुजन्य विपद् व्यवस्थापन

पछिल्लो दशकमा जलवायु परिवर्तनबाट सिर्जित प्राकृतिक विपद्को संख्या, आवृत्ती र प्रभाव व्यापक हुँदै गएको छ। ***विपद्लाई राष्ट्रिय तथा प्रादेशिक समस्याको रुपमा लिई सबै तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज, गैरसरकारी सघसंस्थाको सहयोग र सहकार्यमा निरोधात्मक तथा उपचारात्मक उपायका*** साथै राहतका निम्न कार्य सञ्चालन गरिनेछ।

(१) प्राकृतिक विपद् व्यवस्थापनका लागि सेण्डाई फ्रेमवर्क (Sendai Framework) लाई राष्ट्रिय परिवेश अनुरुप बनाई कार्यान्वयन गर्ने,

(२) संवेदनशील स्थल पहिचाहन गरि सो स्थानहरुमा विपद् व्यवस्थापन कार्ययोजना बनाई लागु गर्ने,

(३) स्थानीय तहहरू सँगको समन्वय र सहकार्यमा नदी उकास क्षेत्र तथा पर्ति जग्गामा वृक्षारोपण गरी वन विकास मार्फत नदी नियन्त्रण गर्ने,

(४) वन समूहहरुलाई विपद् व्यवस्थापन सम्बन्धी जनचेतना र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

## ५.२.६ कार्वन उत्सर्जन न्यूनिकरण तथा कार्वन व्यापार

प्रदेशले दिगो वन व्यवस्थापनबाट थपिएको कार्वनलाई संघसँगको समन्वय र सहकार्यमा कार्बन क्रेडिट विक्री गर्ने व्यवस्था गरिनेछ। ***कार्वन व्यापार मार्फत प्राप्त रकमको पारदर्शी र सहभागितामूलक तरिकाले सदुपयोग गर्ने*** रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति कार्यान्वयन गरिनेछः

(१) वनको दिगो व्यवस्थापन, वन डढेलो नियन्त्रण तथा वन विनाश तथा क्षयीकरण नियन्त्रण गरी वनमा कार्वन सञ्चितीलाई वृद्धि गर्ने,

(२) सामुदायिक वन तथा समुदायमा आधारित अन्य वन कार्यक्रमहरूमा वन कार्बनको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्ने,

(३) विद्यालय र समुदायमा वन कार्बन व्यवस्थापनबारे शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(४) वन कार्बन भण्डारणका नवीनतम प्रविधिहरू र विधिहरूको विकास र प्रयोग गर्ने,

(५) कार्वन विक्रीबाट प्राप्त आम्दानीको कम्तीमा ८० प्रतिशत स्थानीय समुदायमा जाने व्यवस्था गर्ने,

(६) प्लाष्टिक प्रदूषण न्यूनीकरण गर्ने विधि सहितको सचेतनामुलक कार्याक्रम सञ्चालन गर्ने।

## ५.२.७ वातावरणीय सेवाको भुक्तानी

वनबाट विभिन्न किसिमका वातावरणीय बस्तु र सेवाहरुको उत्पादन हुन्छ। यसको उत्पादन तथा बढोत्तरीमा स्थानीय समुदायको लगानी परेको हुन्छ भने वातावरणीय सेवाहरुमा प्रत्यक्ष रुपमा लगानी र श्रम नगर्ने टाढाको समुदायहरुले पनि प्रत्यक्ष रुपमा उपभोग गरिरहेका हुन्छन्। ***वातावरणीय सेवा उपभोग गर्ने समुदायले वातावरणीय सेवा उत्पादन गर्ने समुदायलाई प्रत्यक्ष तथा अप्रत्यक्ष तवरले लगानी र भुक्तानी गर्ने*** रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति सञ्चालन गरिनेछः

(१) वनवाट प्राप्त हुने विभिन्न वातावरणीय सेवाले अर्थतन्त्रमा पुर्याउने योगदानको आँकलन गरी कूल उत्पादनमा वन क्षेत्रको योगदानलाई अंकमा उल्लेख गर्ने,

(२) तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तरसम्बन्ध झल्किने गरी जलाधार क्षेत्रको व्यवस्थापन तथा जलीय स्वच्छता र सेवाको मुल्याङ्कन गर्ने र कार्यान्वयन गर्ने,

(३) स्थान विशेषको वातावरणीय सेवा भुक्तानीको उपयुक्त प्रणाली विकास गरी लागु गर्ने,

(४) प्रादेशिक कानूनमा वातावरणीय सेवा भुक्तानीको प्रावधान र प्रक्रिया सुनिश्चित गर्ने,

(५) वातावरणीय सेवाहरु (PES) को पहिचान गरी त्यस्ता सेवा प्रवाह गर्न र आर्थिक लाभ अभिवृद्धि गर्न प्रोत्साहन गर्ने।

## ५.२.८ निजी वन प्रवर्द्धन र विस्तार

प्रदेशमा हाल पनि काठ दाउराको सबैभन्दा बढी उत्पादन र आपूर्ति निजी वन तथा नम्बरी आवादिमा भएका रुखहरुबाट भइरहेको छ। वन क्षेत्र वाहिर रहेका रुख (Trees outside forest) ले पनि काठ दाहुरा र अन्य उत्पादनमा सहयोग पुराइरहेको सन्दर्भमा यस्ता रुख विरुवा हरुलाई पनि उचित संरक्षण सम्वर्धन र बिकाश विस्तार गर्न वान्छनिय हुन्छ। प्रदेशमा ***निजी वन विकास गरी स्वच्छ वातावरणका साथै कृषकको आम्दानी बढोत्तरी गर्ने*** रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति सञ्चालन गरिनेछः

(१) निजी वन लगाउन चाहने कृषकलाई आवश्यक गुणस्तरीय विउ तथा विरुवाहरु निःशुल्क उपलब्ध गराउने,

(२) निजी वन विकास गर्न चाहने परिवारलाई सरकारले बिरुवा खरिद/उत्पादनमा अनुदान सहयोग उपलब्ध गराउने,

(३) प्रदेशमा निजी वन दर्ता प्रक्रियालाई अभियानकै रुपमा सञ्चालन गर्ने,

(४) स्थान विशेष हेरी हाल प्रचलनमा रहेको निजी वनको लागी स्वीकृति भएको रुख प्रजातिको संख्यामा थप गर्ने,

(५) निजी जग्गामा वृक्षारोपण र निजी वनको व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गर्ने,

(६) स्थानीय तहको प्राविधिक क्षमता बृद्धि गरी निजी वन दर्ता र व्यवस्थापनमा सहजीकरण गर्ने,

(७) निजी वन तथा कृषकका निजी जग्गामा भएका रुखहरुलाई आफूखुसी कटान, ओसारपसार र विक्री वितरण गर्न सक्ने कानूनी व्यवस्था गर्ने,

(८) निश्चित क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गरी निजी वन दर्ता गर्ने निजी वन धनीलाई सङ्घसँगको समन्वय र सहकार्यमा कार्बन ब्यापारमा समावेश गर्ने,

(९) निश्चित क्षेत्रफल भन्दा बढी निजी वन दर्ता गर्ने धनीलाई अनुदान दिने, तिरो तथा अन्य करमा छुट दिने,

(१०) बाँझो जग्गामा कृषि वा वन वा कृषि वन लगाउन Contract Farming को व्यवस्था गर्ने र मालपोत, कर आदिमा निश्चित प्रतिशत छुट दिने।

## ५.२.९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

वनमा महिला, दलित, जनजाति, विपन्न तथा बञ्चितीकरणमा परेका समुदायको सहभागिता वृद्धि गर्न र उनीहरुलाई वन व्यवस्थापनबाट बढि भन्दा बढि लाभान्वित गर्नका लागि ***"वनमा लैंगिक समानता***

***तथा सामाजिक समावेशीकरण सुदृढ गर्ने*** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) प्रदेशमा वनक्षेत्रमा लैङ्गिक समानता तथा समावेशीकरण नीति बनाई लागू गर्ने,
(२) वन संरक्षण, व्यवस्थापन, नेतृत्व विकास र अन्य विकास कार्यमा महिला, दलित, जनजाति, आदिवासी, विपन्नहरुको सहभागिता र नेतृत्वलाई प्रोत्साहन गर्ने,
(३) महिला, दलित, जनजाति, आदिवासी, विपन्न र अल्पसंख्यक समुदायहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम, गोष्ठी तथा सिप अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,
(४) समुदायमा आधारित वन व्यवस्थापन समूहहरुको कार्यकारी नेतृत्वमा महिलाको सहभागिता गुणोत्तर वृद्धि गर्ने,
(५) वन सम्बन्धी सरकारी तथा गैरसरकारी संघ संस्थाहरुमा महिलालाई कार्यकारी भूमिकामा वृद्धि गर्ने।

## ५.२.१० वन सुशासन प्रवर्धन र विस्तार

यस रणनीतिको पूर्ण प्राप्तिका लागि वन सुशासन अत्यन्तै महत्वपूर्ण हुन्छ। वन प्रशासन, राजनीतिज्ञ, वनमा काम गर्ने नागरिक समाज, वन समूह, सञ्जाल, महासंघ, निजी क्षेत्र र गैर सरकारी संघ संस्थाहरुको समग्र र समष्टिगत सुशासन नै वनको सुशासन हो। **वनका सबै सरोकारवालाहरुमा सहभागिता, पारदर्शिता, कानूनको शासन, लगायतका सबै क्षेत्रमा समष्टिगत सुधार ल्याउने** रणनीति प्राप्तिका लागि देहायका कार्यनीतिहरुको कार्यान्वयन गरिनेछः

(१) वन सम्बन्धी कार्यक्रम तथा बजेट निर्माणमा तल देखि माथि सम्म (Bottom up planning) प्रणाली निरन्तर अवलम्बन गर्ने,
(२) वन सम्बन्धी नीति नियमहरु पारदर्शी र सहभागिता मूलक तरिकाले निर्माण गर्ने र कार्यान्वयन गर्ने,
(३) नीतिगत स्थिरतालाई प्राथमिकता प्रदान गर्ने,
(४) प्रदेश सरकारले प्रदेशको वन सम्बन्धी वृहत् जनशक्ति व्यवस्थापन योजना (Human Resource Development Plan) निर्माण गरी कार्यान्वयन गर्ने,
(५) कर्मचारीको सरुवा, बढुवा तथा परिचालनलाई
(६) सुशासनयुक्त, पारदर्शी र भविष्यवाणी गर्न सक्ने बनाउने,
(७) प्रदेशको वन कर्मचारीहरुको कर्मचारी आचारसंहिता र यसका सरोकारवालहरुको आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने,
(८) वन पैदावार बिक्री वितरण गर्दा इ-बिडिङ्गको व्यवस्था गरी पारदर्शी र सुशासनयुक्त गर्ने।

## ५.२.११ अध्ययन, अनुसन्धान, प्रविधि विकास र प्रसार

वनको उत्पादन तथा उत्पादकत्व वृद्धिमा अध्ययन, अनुसन्धान तथा समुचित प्रविधि विकासको महत्वपूर्ण भूमिका हुन्छ। यसका लागि **"वन अनुसन्धान, प्रविधि विकास तथा प्रसारण गर्ने"** रणनीति प्राप्तिका लागि देहायका कार्यनीति तथा क्रियाकलापहरु प्रस्तावित गरिएको छः

(१) प्रदेशमा रहेको वनको प्रकार अनुरुप वन संवर्धन प्रणालीको छनौट गर्न सङ्घीय तथा प्रादेशिक शैक्षिक तथा प्राज्ञिक संस्थाहरुसँग सहकार्य गर्ने, वैज्ञानिक अध्ययन प्रसार गर्ने,

(२) घर आदि निर्माणको लागि उपयुक्त देखिएको (चिलाउने, कटुस, खस्रु, खोटेसल्लो, गोब्रेसल्लो आदि) स्वदेशी काठ प्रजातिहरुको गुणस्तर, बलियोपना, टिकाउपना (Durability) को वैज्ञानिक अध्ययन गरी प्रचारप्रसार गर्ने,

(३) वनको उत्पादन, उत्पादकत्व, उपयोग र दिगोपना सम्बन्धी अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाहरुलाइ अनिवार्य रुपमा वन कार्य योजनामा समावेश गरी लागु गर्ने,

(४) वन अनुसन्धान तथा विद्यार्थीको क्षमता अभिवृद्धिका लागि वन विज्ञानमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिपमा लगाउने व्यवस्थालाई विस्तार गर्ने,

(५) वन सम्बन्धी अध्ययन र अध्यापनका विषयमा संघिय वन सम्बन्धी निकायहरु, विश्वविद्यालय तथा प्राज्ञिक निकायहरको पहिचान गरी समन्वय र सहकार्यलाई अभिवृद्धि गर्ने।

## ५.२.१२ वन सूचना प्रणाली विकास तथा संचालन

नेपालमा तथ्यमा आधारित नीति नियम बनाउन आवश्यक वन सम्बन्धी तथ्याङ्क र सूचना प्रणालीको अभाव छ। यस प्रदेशमा पनि वन सम्बन्धी अत्यावश्यक सूचनाहरु पनि एकिकृत रुपमा प्राप्त गर्न गाह्रो छ। यसबाट प्रदेशका नीति निर्माता र सर्वसाधारणलाई वन सम्बन्धी यथार्थ र सामयिक सूचना प्रदान गर्न सकिएको छैन भने संघलाई समय समयमा आवश्यक तथ्याङ्क सहितको प्रतिवेदन पठाउन सकिएको छैन। यसलाई सम्बोधन गर्न गण्डकी प्रदेशको **वन सूचना प्रणाली विकास गर्ने र अद्यावधिक गर्ने** रणनीति अन्तर्गत देहायका कार्यनीति सञ्चालन गरिनेछः

(१) प्रादेशिक वन सूचना प्रणालीको वेवपोर्टल तयार गर्ने र सञ्चालन सम्बन्धमा तालिम प्रदान गर्ने,

(२) संघले सञ्चालन गर्ने राष्ट्रिय वन सूचना प्रणालीसँग प्रादेशिक प्रणालीलाई आबद्ध गर्ने,

(३) प्रदेश मातहतका कार्यालयहरुलाई नियमित रुपमा प्रादेशिक वन सूचना पोर्टलमा तथ्याङ्क समाविष्ट गर्न बाध्यकारी व्यवस्था गर्ने,

(४) वनक्षेत्रबाट प्रदेशको कूल गार्हस्थ उत्पादन र पर्यावरणीय तथा समृद्धिमा पुर्याएको योगदान निक्यौंल गरी प्रचार प्रसार गर्ने।

## ५.२.१३ वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र तथा प्राणी उद्यानको व्यवस्थापन

गण्डकी प्रदेश भित्र स्वःस्थानिय र परस्थानिय बोटबिरुवा (insitu and exsitu) एवं क्षेत्रको संरक्षण र विस्तार गर्ने उद्देस्यले स्थापना गरिएको महत्वपुर्ण वन संरक्षण क्षेत्र (पन्चासे), संरक्षण क्षेत्रहरु (अन्नपुर्ण र मनास्लु) तथा प्राणी उद्यान (पचभैया र भानु) को व्यवस्थापन गर्न संघ, प्रदेश र स्थानिय

सरकार बीच आवश्यक समन्वय गर्नुपर्ने देखिन्छ। यसलाई सम्बोधन गर्न गण्डकी प्रदेशको **वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र तथा प्राणी उद्यानको व्यवस्थापन गर्ने** रणनीति अन्तर्गत देहायका कार्यनीति सञ्चालन गरिनेछः

- वन संरक्षण क्षेत्रलाई दिगो रुपमा योजना बनाई प्रजाति, भू-परिधि, पारिस्थितिकीय सन्तुलनलाइ अक्षुण राख्ने,
- प्राणी प्रजनन् केन्द्रलाई बढावा दिने,
- निजि क्षेत्र तथा उद्यमी हरुलाइ प्राणी उद्यानमा कार्य गर्न प्रोत्साहन दिने,
- पर्यापर्यटनको विकास, विस्तार गर्न स्थानीय तहलाई प्राविधिक ज्ञान सीप उपलब्ध गराउने।

# खण्ड ६: रणनीतिको कार्यान्वयनमा संघ, प्रदेश, र स्थानीय तहको भूमिका र समन्वय

यस रणनीतिको सफलतापूर्वक कार्यान्वयन र लक्षित उद्देश्यहरु प्राप्ति गरी प्रदेश अन्तर्गत वनको दिगो व्यवस्थापन गरी प्रदेशको समृद्धिमा योगदान गर्न संघ, प्रदेश र स्थानीय तहका साथै समाजका सबै वर्ग, तह तप्का, निजी क्षेत्रसँग समन्वय, सहकार्य र समझदारीका साथ अगाडि बढाउनु पर्ने हुन्छ।

## ६.१ संघको भूमिका र समन्वय

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा वन, वातावरण, जैविक विविधता संरक्षण, वन संरक्षण, संरक्षण क्षेत्र व्यवस्थापन, प्रदेशको राष्ट्रिय वन व्यवस्थापन लगायतका विषयमा अधिकार र दायित्वको बाँडफाड गरेको छ। संघको प्रमुख भूमिकाको रुपमा वन नीति निर्माण, कार्वन व्यापार, वैदेशिक समन्वय र सहकार्य, राष्ट्रिय निकुञ्ज, आरक्ष/संरक्षण क्षेत्र, अन्तर प्रादेशिक वन व्यवस्थापन, वनको जग्गा तथा सिमसार व्यवस्थापन लगायतका कार्यहरु तोकिएको भएता पनि प्रदेशका वन सम्बन्धी निकायहरुलाई प्राविधिक सहयोग गर्नुका साथै संघयताको भावना र मर्म अनुसारका ऐन, नियम तथा नीति नियम बनाएर सहयोग गर्नु पर्ने देखिन्छ। यसका साथै प्रदेशलाई आवश्यक बजेट, कार्यक्रम र क्षमता अभिवृद्धिका क्रियाकलापमा सहयोग गर्ने भूमिकामा संघ महत्वपूर्ण स्थानमा छ। संविधानतः राष्ट्रिय वन प्रदेशको एकल अधिकार भएतापनि वन व्यवस्थापनबाट प्राप्त राजश्व प्रदेशले संकलन गरेता पनि संघ, प्रदेश र स्थानीय तहको ५०% : २५% : २५% का दरले बाँडफाँड गर्ने व्यवस्था, सशस्त्र वन रक्षक संघ मातहत रहेको, वन नीति तथा मापदण्ड संघबाट निर्माण हुने, प्रदेशको वन सचिव संघबाट खटिएर जाने भएको हुँदा प्रदेशको यस वन नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न संघको देहायको भूमिका अपेक्षित गरिएको छः

(१) संघियताको मर्म र भावना अनुसारको ऐन, नियमावली तथा अन्य नीति र कानून बनाई प्रदेशलाई सशक्त गर्ने,
(२) प्रदेशलाई सशर्त र वित्तीय समानीकरण अनुदान मार्फत प्रदेशमा पर्याप्त बजेट र कार्यक्रम उपलब्ध गर्ने,
(३) प्रदेश वन सचिवको स्थायित्वको व्यवस्था गर्ने,
(४) प्रदेशका कार्यालयहरुको भौतिक साधन, स्रोत तथा भवनहरुको लागि थप स्रोत जुटाउने,
(५) वैदेशिक सहयोग र आयोजनाहरुको समन्वय गर्ने,
(६) संघीय वन ऐन, २०७६ को व्यवस्था कार्यान्वयन गर्न आवश्यक कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था गर्ने,
(७) वन सम्बन्धी संघीय प्रदेशमा अवस्थित कार्यालयहरु जस्तै- संरक्षित क्षेत्र, वन, वीउ तथा जलाधार सम्बन्धी कार्यालयहरुलाई प्रदेशका कार्यालयहरुसँग समन्वयमा कार्य गर्ने।

## ६.२ प्रदेशको भूमिका र समन्वय

संघीयताको मर्म बमोजिम यस रणनीतिको कार्यान्वयमा प्रदेश सरकार र वन वातावरण सम्बन्धी मन्त्रालय तथा कार्यालयहरुको भूमिका महत्वपूर्ण हुन्छ। विशेष गरी वन सम्बन्धी तथ्याङ्कहरु, वार्षिक प्रतिवेदनहरु, वनको जग्गाको भोगाधिकार लगायतका संघका अन्य अधिकारहरुको परिपालनको सन्दर्भमा प्रदेशको भूमिका प्रभावकारी सकारात्मक र सहयोगी हुनु उपयुक्त हुनुपर्दछ। पारदर्शिता, सहभागिता र जवाफदेहीता सहित संघका वन मन्त्रालयसँग छिटो, छरितो, सरल र प्रभावकारी समन्वय र सहकार्य प्रदेशको तर्फबाट हुन आवश्यक छ। वन व्यवस्थापनका सिकाई तथा प्राप्त उपलब्धिका साथै संघका कार्यालयहरुलाई आवश्यक पर्ने तथ्याङ्क तथा प्रतिवेदन नियमित रुपमा संघमा पठाउदा समन्वय, सहकार्य र सहअस्तित्वलाई बढावा पुग्दछ।

प्रदेशले आफ्नो कार्यक्षेत्र भित्रका स्थानीय तहको वन सम्बन्धी क्षमता अभिवृद्धि, र प्राविधिक सहयोग र सहजीकरण गर्नु पर्दछ।

## ६.३ स्थानीय तहको भूमिका र समन्वय

यस रणनीति कार्यान्वयमा स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको छ। शहरी हरियाली र सार्वजनिक जग्गामा वन विकासमा स्थानीय तहलाई वन ऐन तथा नियमावलीले अधिकार सम्पन्न गरेको छ। यस्तै गरी निजी वन तथा नम्बरी जग्गामा भएका साइटिस प्रजाति भन्दा बाहेकका रुख कटान तथा ओसारपसारमा स्थानीय तहको भूमिका अपेक्षित छ। सामुदायिक वनको वार्षिक कार्यक्रम सञ्चालनमा सहजिकरण र समन्वय स्थानीय तहले गर्न सक्दछ। आफ्नो पालिका भित्र भएको वन सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी राख्ने र सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कनका साथसाथै आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रमहरू स्थानीय तहले सञ्चालन गर्नु उपयुक्त हुन्छ। स्थानीय तहले

आफ्नो कार्यालयमा वन, वातावरण तथा दिगो व्यवस्थापन शाखा स्थापना गरेर उल्लेखित कार्यलाई अगाडी बढाउन सक्दछ।

## ६.४ अन्तर निकाय समन्वय

वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता राष्ट्रिय सम्पत्तिको रुपमा रहेको छ। यसको संरक्षण सबैको दायित्वको रुपमा रहेको छ। नेपालको संविधानको धारा ४३ अनुसार प्रत्येक नागरिकले सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकको कर्तव्य हुने व्यवस्था गरेको छ। यसका साथै वनको संरक्षण, संवर्धन र विकासमा प्रदेशका सुरक्षा निकायहरु, अन्य मन्त्रालय र तालुक कार्यालयहरुसँग अन्तर निकायगत समन्वय र सहकार्य आवश्यक पर्दछ। जिल्ला प्रशासन कार्यालयबाट अन्तरनिकायगत समन्वय र सहजिकरणमा डिभिजन वन कार्यालयलाई सहयोग गर्न सक्दछ। प्रदेशको वन निर्देशनालयले मातहतका डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको अनुगमन, मूल्याङ्कन लगायतका कार्यहरुमा प्रदेशको वन सम्बन्धी मन्त्रालयलाई सहयोग गर्नु पर्दछ।

## ६.५ अन्तर प्रादेशिक वन

नेपाल सरकार (मन्त्रिस्तर) बाट हालै (२०८१/चैत्र १२) मा राष्ट्रिय वनको एकीकृत रणनितिक योजना २०८१-२१०० स्वीकृत भएको छ। उक्त रणनीतिक योजनामा सम्पूर्ण अन्तर प्रादेशिक वनको व्याख्या गरिएको पाइन्छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् २०२४ मा गरेको अध्ययन अनुसार सन् २०२२ मा गण्डकी प्रदेशको क्षेत्रफ़ल जम्मा २१,८९,९१६ हेक्टर रहेको देखिन्छ। गण्डकी प्रदेशमा लुम्बिनी र बागमती प्रदेशसंग जोडिएका अन्तर प्रादेशिक वन छन् जसमा प्रदेशको कुल वन क्षेत्रको १५.५% अर्थात् १,४३,२०५ हेक्टर वन क्षेत्र अन्तर प्रादेशिक वन रहेको पाइन्छ।

सम्पूर्ण राष्ट्रिय वनलाई व्यवस्थापन गर्ने सम्बन्धमा त्यस्ता वनहरुको व्यवस्थापन कार्ययोजना तयार गरी तोकिएको निकायबाट स्वीकृत गरेर पछि मात्र कार्यन्वयन गर्नुपर्ने प्रावधान रहेको परिपेक्षमा प्रस्तुत रणनीतिक योजना  कार्यन्वयन गर्न पनि प्रत्येक वन क्षेत्रको छुट्टा छुट्टै वन व्यवस्थापन योजना तयार गरी तोकिएको निकाय बाट स्वीकृति पश्चात कार्यन्वयन गर्नु पर्ने हुन्छ। त्यस्ता वन क्षेत्रको व्यवस्थापन सम्बन्धित प्रदेश सरकार मातहत रहेका डिभिजन वन कार्यालयहरुले गर्न सक्ने व्यवस्था भएको हुनाले सोहि बमोजिम वन व्यवस्थापन योजना बनाई लागु गर्नु पर्दछ।

# खण्ड ७: संस्थागत तथा कानूनी संरचना

प्रदेशको वन सम्बन्धी रणनीति कार्यान्वयनमा प्रदेशको वन तथा वातावरण मन्त्रालयको महत्वपूर्ण भूमिका रहन्छ। यसमा विभागीय मन्त्रीको राजनीतिक नेतृत्व र वन सचिवको प्रशासकीय नेतृत्वमा प्रदेशको वन रणनीति कार्यान्वयन हुनेछ।

प्रदेशको वन व्यवस्थापनका लागि देहायको कानूनी व्यवस्था रहेको छः

## ७.१ संस्थागत संरचना

हाल विद्यमान प्रदेशको वन मन्त्रालयको मातहतको प्रदेश वन निर्देशनालय र यसको साथसाथै ११ वटा डिभिजन वन कार्यालयहरु, ६४ वटा सवडिभिजन वन कार्यालयहरु, २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन अनुसन्धान तथा तालिम केन्द्र, ताल संरक्षण तथा विकास प्राधिकरण रहेका छन्। प्रदेशका संस्थाहरु साथै बृहत जलाधार व्यवस्थापन केन्द्र, विश्व शान्ति वनस्पति उद्यान, वन वीउ प्रयोगशाला तथा भण्डारण क्षेत्र सङ्घीय निकायहरु रहेका छन् भने यस प्रदेशमा ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्र यस प्रदेशमा रहेका सङ्घीय निकाय अन्तर्गत रहनेछन्। वन, जलाधार तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा संघीय वन तथा वातावरण मन्त्रालयको संयोजनमा केही आयोजनाहरु समेत सञ्चालनमा रहेका छन्।

यस रणनीतिको कार्यान्वयन गरी लक्षित उपलब्धी हासिल गर्नमा संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय, सहकार्य र सहभागितामा नीति, रणनीति, नियम तथा कानूनहरु सञ्चालन गर्न उपयुक्त देखिन्छ। र मौजुदा संस्थागत संरचनामा आवश्यक फेरबदल गर्नुपर्ने हुन्छ।

## ७.२ संघीय नीति तथा कानूनहरुः

वन व्यवस्थापन, संरक्षण तथा सम्बर्धन को लागि थुप्रै नीति, कानुनहरु, निर्देशिकाहरु, मापदण्ड छन्। केहि संघिय नीति तथा कानुनहरु निम्नाबमोजिमका छन्।

### ७.२.१ नीति, रणनीति, कार्यविधि तथा मापदण्ड

- राष्ट्रिय वन नीति, २०७५
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय कृषि वन नीति, २०७६
- सिमसार नीति, २०६९
- जडिवुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१
- National Ramsar Strategy and Action Plan, Nepal 2018-2024

- Forestry Sector Strategy (2016- 2025)
- राष्ट्रिय बृहत् जलाधार व्यवस्थापन रणनीति, २०८०
- प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि, २०८०
- व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०
- वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८
- वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३
- संरक्षण क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८०,
- मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८०,
- पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०
- वन्यजन्तुबाट भएको क्षतीको राहत वितरण निर्देशिका, २०८०
- राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना (२०१८-२०२४)

### ७.२.२ ऐन तथा नियमावलीहरु

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- भू तथा जलाधार संरक्षण ऐन, २०३९
- भू तथा जलाधार संरक्षण नियमावली, २०४२
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- वन ऐन, २०७६
- वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६
- वातावरण संरक्षण नियमावली, २०७७
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७७
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०

## ७.३ प्रादेशिक नीति, नियम तथा कानूनहरु

- प्रदेश वन ऐन, २०८०
- वन, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५
- गण्डकी प्रदेश वन तथा जलाधार व्यवस्थापन नीति, २०७५
- प्रदेश वातावरण संरक्षण ऐन, २०७६
- प्रदेश वातावरण संरक्षण नियमावली, २०७९
- ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५
- ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६

- वन तथा जलाधार व्यवस्थापन नीति, २०७५
- प्रदेश वन नियमावली, २०८१
- दोस्रो पञ्चवर्षीय योजना ( आ. व. २०८१/८२ — २०८५/८६)

# खण्ड ८: रणनीति कार्यान्वयन, अनुगमन, मूल्यांकन र पुनरावलोकन

गण्डकी प्रदेशको वन सम्बन्धी रणनीति मूलतः गण्डकी प्रदेशका वन सम्बन्धी निकायहरुले कार्यान्वयन गर्नेछन्। संघ, प्रदेश र स्थानीय तहहरुको सहअस्तित्व, सहकार्य, साझेदारी र समन्वयमा यस रणनीतिको कार्यान्वयन हुनेछ। प्रदेशको वन सम्बन्धी मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयका साथै स्थानीय वन समूहहरुका साथै निजी क्षेत्रहरुले यसका विभिन्न कार्यनीति र क्रियाकलापहरु सञ्चालन गर्नेछन्। यस रणनीतिको कार्यान्वयन देहाय बमोजिम गरिनेछ।

## ८.१ कार्यान्वयन रणनीति

यस वन सम्बन्धी रणनीति कार्यान्वयन लामो अवधिको लागि तयार (Envision) गरिएको छ। यस रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको आँकलन गरिनेछ। यसका लागि आवश्यक पर्ने थप बजेट र कार्यान्वयनका लागि संघसँगको समन्वयमा बजेट बढाइने छ। संघसँग छलफल र अन्तर्क्रिया गरी सशर्त र समानीकरण अनुदानको रकम बढाइनेछ। निजी क्षेत्रको लगानी वृद्धि गरिनेछ।

यसको कार्यान्वयनका लागि प्रदेशको वन सम्बन्धी मन्त्रालयले समयावधि सहितको क्रियाकलापहरु निर्धारण गरी कार्ययोजना (Work Plan) तथा कार्य पात्रो(Work Calendar) निर्माण गरी सञ्चालन गरिनेछ।

प्रदेशको विभागीय मन्त्रीज्यू र सचिव, सचिव र वन निर्देशक, वन निर्देशक र मातहतका कार्यालयका कार्यालय प्रमुखहरुको वस्तुनिष्ठ कार्य सम्पादन करार गरिनेछ। प्रचलित कानून बमोजिम कर्मचारीहरुको स्थायित्वको व्यवस्था गरिनेछ। मुख्यमन्त्री कार्यालय र प्रदेशको वन मन्त्रालयबाट निश्चित अवधि पुरा नहुँदै र आर्थिक वर्षको अन्त नहुँदै विशेष परिस्थितिमा बाहेक कर्मचारीको सरुवा गरिने छैन। सुशासन, पारदर्शिता र सहभागितामूलक वन प्रशासन परिचालन गरिनेछ।

## ८.२ मानव संसाधन व्यवस्थापन

यस रणनीति कार्यान्वयनका लागि प्रदेश सरकारमा मानव संसाधनको महत्वपूर्ण भूमिका रहन्छ। प्रदेशस्थित वन सेवाका डिभिजनल वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, प्रदेश वन निर्देशनालय र मन्त्रालयमा रहेका प्राविधिक तथा अन्य सेवाका कर्मचारीहरुको यस रणनीति कार्यान्वयनका लागि अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ। प्रदेशमा हाल अनुभवी र दक्ष जनशक्तिहरु रहेको भएतापनि बदलिदो परिवेश र प्रविधिहरुले गर्दा कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसका साथै हाल रिक्त रहेका दरबन्दीहरुलाई प्रदेश लोकसेवा आयोगबाट विज्ञापन गरी पूर्ति गरिनेछ। वन संरक्षण र अतिक्रमण नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गरिरहेका संघीय सशस्त्र वन रक्षकहरुलाई संघसँगको समन्वय र सहकार्यमा परिचालन गरिनेछ।

मुख्यमन्त्री कार्यालयबाट मन्त्रालयको समन्वय र सहकार्यमा प्रदेशका वन मन्त्रालय र मातहतका निकायहरुको ३ वर्ष भित्र वस्तुनिष्ठ संगठन संरचना (O&M) गरी दक्ष, सुशासनयुक्त र अनुभवी संस्था तथा संगठनको निर्माण गरिनेछ।

## ८.३ रणनीति सञ्चार योजना

प्रदेशको वन सम्बन्धी रणनीतिका सरोकारवाला तथा लाभग्राही समुदायको ठूलो संख्या र परिधि रहेको छ। यसका फाइदा, सम्भावित जोखिमहरु, व्यवस्था, क्रियाकलापहरु, स्रोत साधनको आँकलन तथा प्रविधिहरुको बारेमा संगठित र प्रभावकारी सञ्चार योजना बनाएर सूचना तथा जानकारीहरुलाई सञ्चार गर्नु पर्दछ। सूचना, सन्देश तथा जानकारीहरुलाई उपयुक्त माध्यमबाट लक्षित समुदायमा उपयुक्त समयमा सञ्चार गर्ने गरी सञ्चार योजना तयार र सोही बमोजिम कार्यान्वयन गर्नु पर्दछ। यसमा सञ्चार तयार गर्ने, प्रवाह गर्ने, यसबाट परेको प्रभावको मूल्याङ्कन र आँकलन गर्ने जिम्मेवार व्यक्ति तोक्नु पर्दछ र उसलाई आवश्यक साधन र स्रोत उपलब्ध गराउनु पर्दछ। यस रणनीतिका मुख्य मुख्य व्यवस्थाहरुलाई स्थानीय पत्रपत्रिका, रेडियो, एफएमका साथै पोष्टर पम्पलेट निर्माण र वितरण, बैठक, तालिम गोष्ठी तथा विभिन्न प्रसार सामग्रीहरु बनाई सरोकारवालाहरुलाई वर्षेनी सुसूचित गरिनेछ। प्रदेश वन मन्त्रालय तथा निर्देशनालयहरुले यसका लागि स्रोत निकायको रुपमा कार्य गर्नेछन्।

## ८.४ अनुगमन र मूल्याङ्कन रणनीति

क) संघीय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० र प्रादेशिक कानूनहरु बमोजिम यस रणनीति कार्यान्वयनको निरन्तर र आवधिक रुपमा निगरानी, निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सहितको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

ख) यसको अनुगमन र मूल्याङ्कनमा आवश्यकता अनुसार स्वतन्त्र, निष्पक्ष र तेस्रो पक्षलाई सहभागी गराइनेछ।

ग) अनुगमन र मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतको पूर्ण व्यवस्था गरिनेछ।

घ) रणनीतिको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य, स्वीकृत वार्षिक कार्यक्रम, योजनाको डिजाइन, लाभ र लागत, वातावरणीय पक्ष, अपेक्षित उपलब्धी प्राप्ति भए नभएको, लैङ्गिक समता तथा सामाजिक समावेशिता आदि प्राप्त भए नभएको, अनपेक्षित परिणाम उत्पादन भए नभएको, स्रोतको उपलब्धता र पर्याप्तता समेतको आधारमा यसको अनुगमन र मूल्याङ्कन गरिनेछ।

ङ) अनुगमन र मूल्याङ्कनलाई रणनीति सुधार र परिमार्जनका लागि आधारको रुपमा विकसित गरिनेछ।

## ८.५ रणनीतिको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

यस रणनीति कार्यान्वयनको नियमित अनुगमन, मुल्याङ्कन तथा आवधिक समीक्षा गरिनेछ। यसको अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश वन निर्देशनालय र प्रदेश वन मन्त्रालयलाई अधिकार र स्रोतसाधन सहितको जिम्मेवारी प्रदान गरिनेछ।

प्रदेश वन मन्त्रालयले यसको अनुगमन तथा मूल्याङ्कनका लागि सबै सरोकारवालाहरुको सहभागितामा वस्तुपरक सूचक (Indicator) हरु सहितको अनुगमन योजना दुई वर्ष भित्र बनाउने छ। अनुगमन योजनाको आधारमा जिम्मेवारी र अधिकार सहितको निकायलाई रणनीति, कार्यनीति तथा कार्यक्रम सञ्चालनको अनुगमन गर्न र अनुगमनका आधारमा सुधारका लागि आवश्यक सुझाव संकलन गर्ने व्यवस्था गरिनेछ। कार्यसञ्चालन गर्ने कार्यालयबाटै स्वःअनुगमन अर्धवार्षिक र वार्षिक रुपमा गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन प्रदेश वन निर्देशनालयमा पेश गर्नु पर्नेछ। प्रदेश वन निर्देशनालयले प्राप्त प्रतिवेदनमा स्थलगत अनुगमन आफैले गरी वा गराई यसको वस्तुनिष्ठता र यथार्थता सहित सुधार गर्नुपर्ने विवरण सुधार गर्नका लागि कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई तत्काल निर्देशन दिने र नीतिगत सुधारका लागि आवश्यक सुझाव तालुक मन्त्रालयमा पेश गर्ने व्यवस्था प्रभावकारी रुपमा गरिनेछ। सुझावहरुलाई तोकिएको समय भित्रै अवलम्वन तथा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

प्रदेश वन मन्त्रालयले यस रणनीतिले लक्षित उपलब्धी प्राप्त गर्न सके नसकेको र यसको कार्यान्वयनको अवस्थाको बारेमा ५ वर्षको अवधिमा सबै सरोकारवालाहरु सँगको सहभागितामा समीक्षा गर्नेछ। समीक्षाबाट प्राप्त सुझावहरुलाई समावेश गरी रणनीतिको मध्यावधि परिमार्जन समेत गर्न सकिनेछ।

डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट कार्यान्वयनको प्रगति प्रतिवेदन र सुझाव निर्देशनालयमा पठाउने र निर्देशनालयबाट गरिएको स्थलगत निरीक्षण, अनुगमन, मूल्यांङ्कन साथै मन्त्रालय मातहतका निकायबाट प्राप्त प्रतिवेदनका आधारमा एकीकृत प्रतिवेदन तयार गरी आवधिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था गरिने छ।

## ८.६ जोखिम व्यवस्थापन

यस रणनीति कार्यान्वयनका खासै ठूला जोखिमहरु देखिँदैनन्। यसले वनक्षेत्रको समग्र विकास र पर्यावरणीय सुधारमा प्रभावकारी भूमिका निर्वाह गर्ने देखिन्छ। यस रणनीतिले संघ, प्रदेश र स्थानीय तह संविधानले निर्धारण गरेको अधिकारक्षेत्रको पूर्ण पालना र कार्यान्वयन गर्ने, राजनितिक स्थिरता रहने, तीनै तहका सरकार र सरोकारवालाहरु बीच समधुर समन्वय र सहकार्य हुने र आवश्यक पर्ने वित्तीय स्रोत र आवश्यक जनशक्तिको प्रवन्ध हुने मान्यता राखेको छ। साथै, वन ऐन २०७६ बमोजिम राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना (२०८१-२१००) संघले तयार गरि लागु भएको

हुनाले सोहि अनुरुप यो रणनीतिक योजना पनि कार्यान्वयन हुने भएकोले जोखिमहरू कम हुने देखिन्छ।

यद्यपि, यसमा राखिएका लक्ष्य, उद्देश्य र क्रियाकलाप सञ्चालनमा अहिले प्राप्त बजेटको तुलनामा अत्याधिक रकमको आवश्यकता पर्दछ। प्रदेश तथा संघीय सरकारबाट अपेक्षित बजेट प्राप्त नभएमा यस रणनीति कार्यान्वयनको पूर्ण कार्यान्वयनमा जोखिम रहन्छ। यसका साथै राजनीतिक अस्थिरता र कर्मचारीहरुको छिटोछिटो हुने सरुवाका साथै निम्न तह तथा मध्यम तहका कर्मचारीहरुको एकै स्थानमा लामो समयसम्म सरुवा नभइ बसि राख्ने परिपाटी समेत रणनीति कार्यान्वयनको जोखिमको रुपमा रहेको छ।

यस रणनीतिले परिलक्षित गरेका क्रियाकलाप सञ्चालनमा बाधा पुग्ने गरी कुनै नयाँ नीति, रणनीति, कार्यक्रम, मापदण्ड कार्यविधि तथा परिपत्रहरु जारी गरेमा यसको कार्यान्वयनका लागि जोखिम रहन्छ।

जलवायु परिवर्तनले ल्याउने प्राकृतिक विपद्, वन्यजन्तु र वनस्पतिको बसाइँसराइ, आदिले स्वीकृत कार्यक्रमको कार्यान्वयनको कार्यपात्रो (Timeline) को परिवर्तनले समेत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको प्राथमिकता परिवर्तन भई यस रणनीतिको कार्यान्वयनमा कम ध्यान पुग्न सक्ने जोखिम रहन्छ।

यसैगरी तीनै तहको सरकारहरु बीच अधिकार क्षेत्रको हानथाप र एक आपसमा असहयोग भएमा पनि यस रणनीतिको कार्यान्वयमा जोखिम सिर्जना गर्दछ।

तसर्थः यसका लागि जोखिम क्षेत्रहरुलाई पहिचान गरी यसको व्यवस्थापनका लागि आवश्यक रणनीति, कार्यनीति तथा कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट रणनीति कार्यान्वयनमा देखिने जोखिम कम हुने अपेक्षा गर्न सकिन्छ।

# खण्ड ९: रणनीतिक कार्यान्वयनको वित्तीय व्यवस्था

यस रणनीतिले तोकेका कार्यनीति तथा क्रियाकलापहरु कार्यान्वयन गर्न र यसले अपेक्षा गरेको उपलब्धिहरु हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, वन समूहहरु र नीजि क्षेत्रले ठूलो मात्रामा लगानी गर्नुपर्ने हुन्छ। संघले संघीय ससर्त अनुदानहरुबाट लगानी गर्नेछ भने प्रदेश सरकारले बजेट तथा कार्यक्रम मार्फत लगानी गर्नेछ। हाल प्रदेशको वन सम्वन्धी मन्त्रालयलाई प्राप्त हुने वार्षिक बजेट तथा कार्यक्रमको रकम (९३ करोड) लाई अनुमानित ५ अर्ब पुर्याउनु पर्ने हुन्छ।

संघीय सरकारको समन्वय, सहयोग र सहजिकरणमा विभिन्न दातृराष्ट्र तथा निकायहरुबाट प्राप्त आर्थिक र प्राविधिक सहयोगलाई प्रदेशको यस रणनीतिमा उल्लेखित कार्यक्रम र नीतिहरुको कार्यान्वयन तथा उद्देश्य प्राप गर्नमा लगाइनेछ। जलवायु जोखिम कम गर्ने स्थापित हरित जलवायु कोष (Green Climate Fund), वैश्विक वातावरणीय सुविधा (Global Environmental Facility: GEF) तथा यस्तै अन्य स्रोतबाट समेत आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गरिनेछ। नेपाल सरकारको कार्वन ब्यापारबाट प्राप्त रकम र वन विकास कोषलाई समेत यस रणनीतिको कार्यान्वयनका लागि परिचालन गर्न सहजिकरण गरिनेछ। वन उद्यम विकासमा नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

हाल प्रदेशमा गण्डकी जलाधार जलवायु उत्थानशिल आयोजना (३२.७१५ मिलियन अमेरिकी डलर), दिगो वन व्यवस्थापन मार्फत जलवायु परिवर्तन अनुकूलन योजना (३० मिलियन अमेरिकी डलर) सञ्चालित छन्। त्यस्ता आयोजनाहरुलाई यस रणनीति कार्यान्वयन गर्ने चरणमा समावेश गर्दै लैजानु पर्ने हुन्छ। साथसाथै RECOFTC नेपाल जस्ता अन्य गैह्र सरकारी दातृ निकायहरुको पहिचान गरी रणनीति कार्यान्वयनमा थप रकम जुटाउनु पर्ने हुन्छ।

# खण्ड १०: अपेक्षित उपलब्धि

यस रणनीतिको कार्यान्वयन पश्चात निम्न उपलब्धिहरु हासिल हुने अपेक्षा गरिएको छ।

(१) गण्डकी प्रदेशको सम्पूर्ण वनक्षेत्रको वनको प्रकार, व्यवस्थापनको पद्धति, उपभोक्ताको चाहना र भौगोलिक अवस्थाको अनुकुलता अनरुप वन व्यवस्थापन कार्ययोजना निर्माण गरी व्यवस्थापन हुनेछ।

(२) हाल प्रदेशको सामुदायिक वन, साझेदारी वन तथा चक्ला वन र निजी जग्गाबाट उत्पादन हुने गरेको वार्षिक करीब २० लाख घनफिट काठ उत्पादन भई बजारमा विक्री वितरण हुने गरेको सन्दर्भमा यसबाट प्रदेशको वन तथा निजी जग्गाको उत्पादकत्वमा कम्तीमा शतप्रतिशत भन्दा बढी वृद्धि भई कम्तीमा ४० लाख घनफिट उत्पादन हुने अनुमान गरिएको छ। प्रदेश काष्ठजन्य वन पैदावारमा आत्मनिर्भर भई प्रदेश बाहिर समेत निकासी गर्न सक्षम हुनेछ।

(३) यस प्रदेशका संरक्षित क्षेत्रहरुमा पर्यटकहरुको संख्या कम्तीमा ५ लाख पुग्नेछ। पर्यटकहरुको बसाई अवधि र दैनिक खर्च रकम हालको तुलनामा वृद्धि हुनेछ।

(४) हालको काठको उत्पादन (१५४३० क्यू.मि.) बाट हाल हस्तान्तरण भएको सबै (१०९ वटा) सामुदायिक वनबाट मात्रै काठको मोटामोटी उत्पादन ५६२,१३२ क्यू.मि. र दाउरा १९५५ क्यू.मि. उत्पादन हुनेछ।

(५) निजी क्षेत्रबाट काठको उत्पादन हालको (१४५ क्यू.मि. प्रति हेक्टर) बाट वृद्धि हुने छ।

(६) यसका अतिरिक्त लामो समयदेखि नवीकरण हुन नसकेका सम्पूर्ण सामुदायिक वनहरुलाई कार्ययोजना अध्यावधिक गरी नवीकरण गरी क्रियाशिल बनाइनेछ। यस अवधिमा कम्तीमा ९० प्रतिशत सामुदायिक वनहरु नवीकरण भई कार्यान्वयन भएको हुनेछ।

(७) लघु वन पैदावार सम्बन्धित उद्योगबाट मात्रै ५ ओटा उद्योगले ९१२५० जनालाई रोजगारी उपलब्धी गराउने अपेक्षा छ।

(८) प्रदेशका सबै जिल्लाहरुमा सरकारी नर्सरीहरुबाट मात्रै वार्षिक १,१०,००० विरुवा तयार हुने छन् र १८१५ जनाले रोजगारी पाउनेछन्।

(९) जनघनत्व हेरी प्रत्येक जिल्लामा काठको सहज आपूर्तिको लागि कम्तिमा २५ वटा काठका डिपोहरु सञ्चालनमा आउनेछन् र यसबाट थप ३०११२५ रोजगारीको सिर्जना हुनेछ।

(१०) यसबाट वन अतिक्रमण नियन्त्रण, वन डढेलोमा कमी, मिचाहा प्रजातिको प्रकोप र फैलावटमा नियन्त्रण हुनका साथै उपभोक्ताहरुको काठ दाउरा लगायतका वन पैदावारको आवश्यकताको सरल आपूर्ति हुनेछ।

(११) हाल भएका कूल वन अतिक्रमणको क्षेत्रमा कम्तीमा २५% खाली गराई वृक्षारोपण गरी वन क्षेत्र कायम हुनेछ।

(१२) मिचाहा प्रजातिको फैलावट कम हुनेछ।

(१३) प्रदेशमा बाँझो रहेको, नदी उकास क्षेत्र भूभागमा कृषि वन स्थापना भएको हुनेछ।

(१४) प्रदेशका वनहरुमा उल्लेखनीय रुपमा कार्वन सञ्चिती बढनेछ।

(१५) प्रदेशमा सञ्चालनमा रहेका वनजन्य उद्यमहरुले सरल र नियमित रुपमा कच्चा पदार्थ प्राप्त गर्नेछन्। यसका साथै प्रदेशमा निजी क्षेत्रको लगानी अभिवृद्धि भई वनमा आधारित उद्योगहरुको विकास र विस्तार हुनेछ।

(१६) वनबाट स्थानीय रोजगारी र समृद्धिमा योगदान पुग्नेछ। वनका विभिन्न क्रियाकलाप तथा गतिविधिहरुबाट वर्षेनी कम्तीमा ५० हजार मानिसहरुलाई थप रोजगारी प्राप्ति हुनेछ।

(१७) जलवायुजन्य जोखिममा कमी आउनेछ। समुदायको जलवायु उत्थानशीलता बढ्नेछ। स्थानीय समुदायहरुको जलवायु अनुकूलन क्षमता बढ्नेछ।

(१८) मुख्य वन्यजन्तु र मानव बीचको द्वन्द्वबाट हुने जीउ धन तथा कृषि नोक्सानीमा कमी हुनेछ।

(१९) वन व्यवस्थापन र लाभको बाँडफाड लगायतको विषयमा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय, सहकार्य र सहयोगमा वृद्धि भई समधुर सम्बन्ध कायम हुनेछ।

(२०) कृषि वनको विकास, विस्तार भई कृषकहरु प्राथमिक वन पैदावार (काठ, दाउरा, घाँसपात आदि) मा आत्मनिर्भर भई लाभाम्वित हुनेछन्।

# सन्दर्भ-सामाग्री


- **गण्डकी प्रदेश वन तथा जलाधार व्यवस्थापन नीति,(२०७५).** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, नेपाल
- **गुराँस संरक्षण कार्य योजना, २०७७-२०८०.**वन तथा भूसंरक्षण विभाग, काठमाडौं, नेपाल
- नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार, २०७१।
- **नीति तथा योजना आयोग, गण्डकी (२०८०),** दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२-२०८५/८६), गण्डकी प्रदेश सरकार, पोखरा, नेपाल।
- **प्रदेश राजपत्र,** गण्डकी प्रदेश सरकार, खण्ड ०६, पोखरा, २०८० (अतिरिक्ताङ्क १६)
- **प्रदेश वन ऐन, २०८०.** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश सरकार
- **भू तथा जलाधार संरक्षण ऐन, २०३९.** नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **भू तथा जलाधार संरक्षण नियमावली, २०४२.**नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **भू तथा जलाधार संरक्षण विभागको कार्यविधि, २०६१.**भू तथा जलाधार संरक्षण विभाग, वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल
- राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना, २०८१-२१००
- **वन ऐन, २०७६.**नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **वन नियमावली, २०७९.** नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **वर पिपल तथा समी संरक्षण ऐन, २०७५.** आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश सरकार, कास्की, नेपाल
- **वातावरण संरक्षण ऐन, २०७६.** नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **वातावरण संरक्षण नियमावली, २०७७.** नेपाल कानुन आयोग, काठमाडौं, नेपाल
- **वार्षिक प्रगति पुस्तिका (वन तथा वातावरण मन्त्रालय)** आ.व. २०७८/०७९, २०८०. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, नेपाल
- **सुवेदी, पुर्णेस्वर (२०८०).** सतुवा खेती प्रवर्धन एक जानकारी, गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय डिभिजन वन कार्यालय, लमजुङ्ग, बेसीशहर, आ व २०७९/८०
- **सुवेदी, पुर्णेस्वर (२०८०).** ओखर खेती प्रवर्धन एक जानकारी, गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय डिभिजन वन कार्यालय, लमजुङ्ग, बेसीशहर, आ व २०७९/८०
- राष्ट्रिय योजना आयोग, नेपालको सोह्रौं पन्चवर्षीय योजना (आ.व. २०८१/८२-२०८५/८६), सिंहदरबार, काठमाडौं।
- **सुवेदी, पुर्णेस्वर (२०८०).** टिमुर खेती प्रवर्धन एक जानकारी, गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय डिभिजन वन कार्यालय, लमजुङ्ग, बेसीशहर, आ व २०७९/८०

- **Baral R., Subedi A. & Yadav S.K. (Compilers), (2019)**. Wild Mammals of the Annapurna Conservation Area. National Trust for Nature Conservation, Annapurna Conservation Area Project, Pokhara, Nepal
- **DFRS, (2015).** State of Nepal's Forests. Forest Resource Assessment (FRA) Nepal, Department of Forest Research and Survey (DFRS). Kathmandu, Nepal.
- **Division Forest Office, (2022).** A review of DPR for the operation of Pachbhaiya Wildlife Rescue Center and establishment of Pachbhaiya Zoological Park. Division Foret Office, Kaski, Pokhara.
- **Division Forest Office, (2022).** Pachbhaiya Zoological Park. Actional Plan and Business Plan, 2022. Ministry of Forests, and Environment and Soil Conservation, Gandaki Pradesh, Pokhara, Nepal.
- **FRTC (2022).** National Land Cover Monitoring System of Nepal. Forest Research and Training Centre (FRTC). Kathmandu, Nepal.
- **FRTC. (2022**). Demand and Supply of Forest Products in Gandaki Province. Forest Research and Training Center (FRTC), Gandaki Province.
- **JICA (2020).** Report on Forest. FRTC-Nepal, ICIMOD, WWF-Nepal (2010-2015).
- **Rajbhandari, K.R., Rai, S.K., Joshi M.D., Khatri, S. Bhatta, G.D. and Chhetri, R. (2021).** Endemic Flowering Plants of Nepal: Status and Distribution. Integrating Biological Resources for Prosperity, 2021, 23-72.
- **Sapkota, C.M. (2017).** Medicinal Plants of Dhaulagiri Himalayan Region. P. 357.
- **Subedi, P., Kumar, S., Baral, H.S., Garson, P.J., Ramesh, K. (2005).** Status and distribution of cheer pheasant *Catreuswallichi* in Dhorpatan Hunting Reserve, Nepal. Pp. 93-101 in: Fuller, R.A. & Browne, S.J. (eds) 2005. Galliformes 2004. Proceedings of the 3rd International Galliformes Symposium. World Pheasant Association, Fordingbridge, UK.
- **Subedi, P. (2013).** Monitoring Survey of Himalayan Musk Deer *(Moschus chrysogaster*) Annapurna Conservation Area, Lower Mustang, Nepal Unit Conservation Office Jomsom, Mustang District.

## अनुसूची १: प्रदेशको वन क्षेत्रको विभाजन विवरण

| क्षेत्र | क्षेत्रफ़ल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| जल | ७४०३ | ०.३४ |
| हिमनदी | १६९३४३ | ७.७३ |
| हिउ | १२२३४५ | ५.५९ |
| वन | ८३१६९४ | ३७.९८ |
| नदि किनार | २४२७६ | १.११ |
| निर्मित क्षेत्र | ५४६२९ | २.४९ |
| वाली जमिन | २३६४२९ | १०.८ |
| खुल्ला माटो | १०४२ | ०.०५ |
| खुल्ला चट्टान | १७३०२३ | ७.९ |
| घाँसे मैदान | ४८२०७७ | २२.०१ |
| अन्य जंगल जमिन | ८७६५५ | ४.० |

# अनुसूची २: जिल्लाअनुसार वन क्षेत्रको विवरण

| जिल्ला | वनक्षेत्र (१००० हे.) | वनक्षेत्र (प्रतिशत) | बुट्यानक्षेत्र (१००० हे.) | बुट्यानक्षेत्र (प्रतिशत) |
|---|---|---|---|---|
| बागलुङ्ग | ९२.६७ | ५०.४८ | ९०.९१ | ४९.५२ |
| गोरखा | १३२.११ | ३६.२४ | २३२.४७ | ६३.७६ |
| कास्की | ९३.४४ | ४५.२१ | ११३.२५ | ५४.७९ |
| लम्जुङ्ग | ९२.०६ | ५५.३८ | ७४.१८ | ४४.६२ |
| मनाङ्ग | २७.८९ | १२.०२ | २०४.१५ | ८७.९८ |
| मुस्ताङ | २८.४९ | ८.०० | ३२७.८८ | ९२ |
| म्याग्दी | १०८.४१ | ४७.४५ | १२०.०७ | ५२.५५ |
| नवलपरासी | ८३.५४ | ५८.४९ | ५९.२८ | ४१.५१ |
| पर्वत | २७.६५ | ५१.०६ | २६.५१ | ४८.९४ |
| स्याङ्गजा | ४७.९८ | ४६.२५ | ५५.७६ | ५३.७५ |
| तनहुँ | ८३.०५ | ५२.८४ | ७४.१३ | ४७.१६ |
| जम्मा | ८१७.२९ | ३७.२२ | १३७८.५९ | ६२.७८ |

स्रोत : वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०१४

# अनुसूची ३: स्थानीय तहअनुसार वन क्षेत्रको विवरण

| जिल्ला | स्थानीय तहको नाम | जिल्लाको कूल क्षेत्रफल (हे.) | वन क्षेत्रको कूल क्षेत्रफल (हे.) |
|---|---|---|---|
| बागलुङ | बडिगाड | १७,८२३ | १०,०३१ |
| | बरेङ | ७,५१२ | ३,५७७ |
| | काठेखोला | ८,२७१ | ३,०३७ |
| | निसीखोला | २४,३६८ | ११,६१६ |
| | तमान खोला | १७,७५७ | ११,६४० |
| | तारा खोला | १२,९२३ | १०,०२८ |
| | बागलुङ | ९,८७१ | ३,२१५ |
| | ढोरपाटन | २२,२२६ | १३,३७७ |
| | गलकोट | १९,३९४ | १२,९०३ |
| | जैमुनी | ११,८४६ | ३,३२८ |
| | | **१५१,९९१** | **८२,७५२** |
| गोर्खा | आरुघाट | १६,०३७ | ८,९३६ |
| | अजिरकोट | १९,७५७ | ९,७२८ |
| | भिमसेन | १०,१०० | ३,९४८ |
| | चुमनुब्री | १६४,४३३ | ३८,३६३ |
| | धार्चे | ६४,९७२ | ३४,८६६ |
| | गण्डकी | १२,३५६ | ५,०९० |

| | | | |
|---|---|---|---|
| | सहिद लखन | १४,८६२ | ५,४६८ |
| | सिरानचोक | १२,१३८ | ४,५८९ |
| | सुलिकोट | २०,०१३ | ११,८१७ |
| | गोरखा | १३,१५६ | ४,३४६ |
| | पालुङतार | १५,८२७ | ४,३०५ |
| | | **३६३,६५१** | **१३१,४५६** |
| कास्की | अन्नपूर्ण | ४१,७०३ | १६,८७५ |
| | माछापुच्छ्रे | ५४,३७६ | २२,७०६ |
| | मादि | ५६,२०८ | ३०,२४६ |
| | रूपा | ९,४६५ | ५,४८५ |
| | पोखरा लेखनाथ | ४६,३५५ | १९,४८५ |
| | | **२०८,१०७** | **९४,७९७** |
| लमजुङ | दोर्दी | ३५,०१६ | १६,७५६ |
| | दुधपोखरी | १५,२९८ | ९,०९७ |
| | खोलाश्वर | १७,५०६ | १२,८३० |
| | मर्साङ्ङ्दी | ५९,६०४ | ३५,२१६ |
| | बेशीसहर | १२,७३९ | ६,६६५ |
| | मध्यनेपाल | ११,३६५ | ५,६४७ |
| | रैनास | ७,१८२ | २,६४७ |

| | | | |
|---|---|---|---|
| | सुन्दरबजार | ७,१९२ | २,६०५ |
| | | **१६५,९०२** | **९१,४६३** |
| मनाङ | चामे | ७,८७१ | २,१५७ |
| | नर्फु | ८३,६०५ | २,९८८ |
| | नसोङ | ७०,८१४ | १७,५९५ |
| | नश्याङ | ६९,५९३ | ५,३४७ |
| | | **२३१,८८३** | **२८,०८७** |
| मुस्ताङ | बाह्रगाउ | ८८,४१४ | २,९५१ |
| | डालोमे | १३४,५२० | ५,३८४ |
| | घरपजोङ | ३१,६२९ | ५,८०१ |
| | लोमानथाङ | ७२,२९४ | २,२३० |
| | थासाङ | २८,८९५ | १२,०५६ |
| | | **३५५,७५२** | **२८,४२२** |
| म्याग्दी | अन्नपूर्ण | ५५,५३८ | २८,३२२ |
| | धौलागिरी | ८५,६६० | ३५,५७१ |
| | मालिका | १४,६८३ | ९,३३७ |
| | मंगला | ८,८६४ | ५,४४५ |
| | रघुगंगा | ३७,८३२ | २२,१७८ |
| | बेनी | ७,६४१ | २,८७४ |

| | | | |
|---|---|---|---|
| | | **२१०,२१८** | **१०३,७२७** |
| नवलपरासी | विनय त्रिवेणी | २८,७६० | १९,९५९ |
| | बुलिनतार | १४,७४२ | ७,८५६ |
| | बुङ्दिकाली | ९,१७४ | ५,००५ |
| | हुप्सेकोत | १८,८९३ | ११,७१६ |
| | देवचुली | ११,२५१ | ५,९५७ |
| | गैडाकोट | १५,९६४ | ९,७३३ |
| | कावासोती | १०,८१७ | २,९३० |
| | मध्यविन्दु | १३,३०१ | १३,३३७ |
| | | **१२२,९०२** | **७६,४९३** |
| पर्वत | विहादी | ४,४७१ | १,४४९ |
| | जलजला | ८,२१० | ४,४४४ |
| | महाशिला | ४,९३० | २,०४२ |
| | मोदी | १४,३३४ | ९,८०५ |
| | पैयू | ४,२५६ | १,३५० |
| | कुश्मा | ९,३०० | ४,१५३ |
| | फलेवास | ८,५५४ | ४,२३७ |
| | | **५४,०५५** | **२७,४८०** |
| स्याङ्जा | आँधीखोला | ६,९५० | ३,६०२ |

| | | | |
|---|---|---|---|
| | अर्जुनचौपारी | ५,७१२ | २,२११ |
| | बिरूवा | ९,५६५ | ४,१९० |
| | हरिनास | ८,७३५ | ४,४६७ |
| | कालीगण्डकी | ७,३३६ | ३,९०३ |
| | फेदीखोला | ५,६६३ | ३,९९० |
| | भिरकोट | ७,८०९ | ३,००१ |
| | चापाकोट | 12,039 | ४,५४५ |
| | गल्याङ | १२,२४७ | ५,३०१ |
| | पुतलीबजार | १४,६९७ | ८,४३० |
| | वालिङ्ग | १२,८१६ | ४,८८० |
| | | **१०३,५६९** | **४८,५२०** |
| तनहुँ | आँबुखैरेनी | १२,७७२ | ७,७४९ |
| | बन्दीपुर | १०,१३४ | ४,६४८ |
| | देवघाट | १५,९१३ | ११,६८४ |
| | घिरिङ | १२,६१६ | ६,४०५ |
| | म्याग्दे | ११,५१७ | ८,५२३ |
| | ऋषिङ्ग | २१,४६९ | १२,३२५ |
| | भानु | १८,३९२ | ६,९१५ |

| | | | |
|---|---|---|---|
| | भिमाद | १२,९१० | ५,८०९ |
| | ब्यास | २४,७२८ | १२,४८० |
| | शुक्लागण्डकी | १६,४५१ | ८,७११ |
| | | **156,902** | **85,249** |
| | जम्मा | **2,124,932** | **798,446** |

स्रोतः वन अनुसन्धान तथा सर्वेक्षण विभाग वन क्षेत्र सर्वेक्षण प्रतिवेदन, २०१५

# अनुसूची ४: रणनीति कार्यान्वयनका सूचकहरु

| रणनीति | कार्यनीति तथा क्रियाकलापहरु | सूचक | समय सीमा (वर्षमा) | सम्बन्धित निकाय |
|---|---|---|---|---|
| ५.१दिगो वन व्यवस्थापन विषयगत क्षेत्र (वन सँग प्रत्यक्ष सरोकार रहने) | प्रदेशमा रहेको समस्त वनस्रोतको प्रादेशिक तथ्याङ्क अद्यावधिक गर्ने | प्रदेशमा रहेको समस्त वन स्रोतको सर्वेक्षण भएको हुने | २० | प्रदेश सरकार |
| ५.१.१.१सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन | सबै किसिम र व्यवस्थापन पद्धतिका वनहरूमा व्यवस्थापन योजना तयार गरी लागू गर्ने | व्यवस्थापन योजना लागू हुने | १५ | प्रदेश सरकार |
| | वन व्यवस्थापनको लागि आवश्यक आधुनिक प्रविधि र उपकरणको व्यवस्था गर्ने | उपकरण खरिद | १० | प्रदेश सरकार |
| ५.१.१.२ समुदायमा आधारित वनको व्यवस्थापन | सामुदायिक वनको कार्ययोजना समयमै नवीकरण गर्ने | सबै कार्ययोजना नवीकरण हुने | २ | प्रदेश सरकार |
| | वन पैदावार बिक्रि वितरणको सरल र पारदर्शी प्रक्रिया को बिकास र अवलम्बन गर्ने | नीति आएको हुने | २ | |
| | सामुदायिक वनलाई स्थायी लेखा नं. (प्यान) मा दर्ता गर्ने प्रक्रियालाई कर प्रणालीमा सम्बद्ध गर्ने | कर प्रणालीमा आबद्ध भएको हुने | ३ | सङ्घीय सरकारसँगको समन्वयमा |
| | वन व्यवस्थापन विषयमा तालिम, भ्रमण अभिमुखीकरण | तालिमको संख्या, भ्रमणको संख्या | ४ | प्रदेश सरकार |
| ५.१.२ वन संरक्षण र सदुपयोग | प्रदेश भित्रको वनको नक्सांकन गरी नियमित अनुगमन गर्ने | नक्सा तयार भएको हुने | ११ | प्रदेश सरकार |
| | नयाँ अतिक्रमणलाई तत्काल हटाई तारवार गरी वृक्षारोपण गर्ने | वृक्षारोपण क्षेत्र (हेक्टरमा) | ९ | प्रदेश सरकार |
| | वन अतिक्रमण, वन डढेलो नियन्त्रणमा खटिने कर्मचारीको जीवन बिमा गर्ने | संख्या | ७ | प्रदेश सरकार |
| | वन कर्मचारीले १५ रोजा बुझाउने | संख्या (निरन्तर) | १ | प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| **मिचाहा प्रजातिको नियन्त्रण** | मिचाहा प्रजातिको जानकारी/ अभिलेख तयार गर्ने र अध्ययन अनुसन्धान पश्चात मात्र आयात गर्न दिने | अभिलेख तयार भएको हुने | १० | प्रदेश सरकार |
| **वन डढेलो नियन्त्रण** | आगलागीको जोखिम स्थानहरू सङ्केत गरी वन नक्सा तयार गर्ने | नक्सा तयार भएको हुने | ८ | प्रदेश सरकार |
| | वन समूहहरुको क्लस्टर बनाई वन डढेलो नियन्त्रणका लागि दस्ता निर्माण गरी तालिम तथा औजार प्रदान गर्ने | तालिमको संख्या, औजारको प्रकार | ७ | प्रदेश सरकार |
| **५.१.३ वन्यजन्तु संरक्षण र जैविक विविधता व्यवस्थापन** | जैविक विविधता हटस्पट (biodiversity hotspot) हरुको पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्ने | हटस्पटहरुको पहिचान हुने, संख्या | १३ | प्रदेश सरकार |
| | वन्यजन्तुको वासस्थान व्यवस्थापन तथा घाँसे मैदान व्यवस्थापन गर्ने, | संख्या | १३ | प्रदेश सरकार |
| | महत्वपूर्ण वनस्पति तथा वन्यजन्तु प्रजाति संरक्षण गर्ने, | संख्या | १३ | प्रदेश सरकार |
| | संघसँगको समन्वयमा प्रदेशका वनस्पति (Flora of Gandaki Province) प्रकाशन गर्ने | Flora of Gandaki Province प्रकाशन हुने | १८ | प्रदेश सरकार |
| | पंक्षी संरक्षण तथा महत्वपूर्ण पंक्षी क्षेत्र पहिचान गर्ने | संख्या तथा क्षेत्र पहिचान | १० | प्रदेश सरकार |
| | ताल तलैया तथा नदीहरुमा प्रदूषण नियन्त्रण गर्ने | संख्या | १२ | प्रदेश सरकार /ताल प्राधिकरण |
| | वनमा आधारित आदिवासी जनजाति समुदायको प्रथाजनित अभ्यास तथा प्रणालीहरुको संरक्षण र सम्वर्धन | संख्या | १० | प्रदेश सरकार |
| **५.१.४ जडीबुटी र गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन र खेती विस्तार** | महत्वपूर्ण गैरकाष्ठ वन पैदावर प्रजातिहरुको सूची, चिनारी, उपयोग र बजारको विवरण सरल भाषामा तयार गरी खेती प्रविधी विकास र विस्तार गर्ने, | गैरकाष्ठ वन पैदावर प्रजातिहरुको सूची संख्या | ५ | प्रदेश सरकार |
| | गैरकाष्ठ वन पैदावरको दिगो व्यवस्थापन गर्दै प्रदेश स्तरको "प्रमाणीकरण प्रमाण पत्र" उपलब्ध गराउने, | "प्रमाणीकरण प्रमाण पत्र" उपलब्ध, भएको हुने, संख्या | १४ | प्रदेश सरकार |
| | महत्वपूर्ण गैरकाष्ठ वन पैदावरलाई प्रशोधन गरी मुख्य वस्तु विदेश निकासीको सम्भावना | मुख्य वस्तु विदेश निकासीको सम्भावना प्रतिवेदन | ५ | प्रदेश सरकार |
| | गैरकाष्ठ वन पैदावरको "सारतत्व" विक्री वितरण गर्ने उद्योग स्थापना | उद्योग स्थापना, संख्या | १८ | प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | काष्ठ तथा गैरकाष्ठ वन पैदावारको राजश्व तथा कर सुधार | प्रतिवेदन | १६ | संघ, प्रदेश सरकार |
| **५.१.५ जलाधार व्यवस्थापन (नदी प्रणालीमा आधारित)** | जलाधारको वर्गीकरण | संख्या | ९ | प्रदेश सरकार |
| | पानीका मूलहरुको संरक्षण गर्ने, पोखरी निर्माण गर्ने र जमिन कटान रोक्नको लागि उपयुक्त प्रजातिको वृक्षारोपण | क्षेत्र (हेक्टरमा) | १२ | प्रदेश सरकार |
| | नदी किनारको दुबै छेउमा नदीको चौडाइको दोब्बर खुला क्षेत्रको रूपमा छोड्ने व्यवस्था गरी नदीको प्राकृतिक वहावलाई कायम राख्ने | नीति तयार हुने | ५ | प्रदेश सरकार |
| | संघीय कानून बमोजिम जलविद्युत आयोजना निर्माण गर्दा छोड्नुपर्ने जवप्रवाह (E-flow) अनिवार्य रुपमा छोड्नुपर्ने बाध्यकारी व्यवस्था गर्ने | जलविद्युतको नाम, संख्या | ५ | संघीय सरकारसँग समन्वय गर्ने |
| | एकीकृत जलाधार संरक्षणका कार्यक्रमहरु कार्यान्वयन<br>नदीको ढुङ्गा गिट्टी र बालुवा झिक्न वा निकाल्न बैज्ञानिक आधार र तरिका को निर्माण गर्ने | २० लाख श्रम दिन रोजगारी सिर्जना भएको हुनेछ।<br>आधार र तरिका तयार हुने | २०<br>५ | संघीय सरकारसँग समन्वय गर्ने |
| **५.१.६ वन पैदावारमा आधारित उद्यम विकास र वन पैदावारको आपूर्ति** | सरकारी सेवामा रहेका राजपत्रांकित प्रथम र विशिष्ठ श्रेणीका कर्मचारीहरू र प्रदेश सभा सदस्यज्यूहरूले प्रदेशमा उत्पादित अल्लोको कपडा अनिवार्य प्रयोग गर्ने | औपचारिक कार्यक्रममा पोशाक लगाएको चित्र | १२ | प्रदेश सरकार |
| | सरकारी भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा स्वदेशी काठ प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था लागु गर्ने | कानून लागु भएको हुने | २ | प्रदेश सरकार |
| | "एक पालिका: थुप्रै वन उद्यम" कार्यक्रम सञ्चालन गरी स्थानीय रोजगारी र आय वृद्धि गर्ने | रोजगारीको संख्या | ३ | प्रदेश सरकार |
| | स्वदेशी उद्योगलाई आवश्यक पर्ने काष्ठ तथा गैरकाष्ठ वन पैदावार कच्चा पदार्थ सरल रुपमा उपलब्ध गर्ने | डिपोको संख्या | ३ | प्रदेश सरकार |
| | काठको आयु र टिकाउपना बढाउन उपयुक्त सिजनिङ्ग तथा ट्रिटमेण्ट उद्योग स्थापना र सञ्चालन गर्न आवश्यक ज्ञान, सिप, क्षमता र लगानी उपलब्ध | उद्योगको संख्या | १५ | प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| | वन नर्सरी स्थापना तथा उत्पादित विरुवा विक्री वितरणका लागि निजी क्षेत्रलाई आवश्यक तालिम उपलब्ध गराउने र सहजिकरण गर्ने | तालिमको संख्या | वर्षेनी सञ्चालन गर्ने | प्रदेश सरकार |
| | सङ्घीय सरकार मातहतमा भएको वनस्पति विभाग, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी एवं सिंहदरबार बैद्यखानाहरु सँग समन्वय र सहकार्य गरी जडीबुटी उत्पादन र खेती विस्तार गर्ने | MOU को खाका तयार हुन | ४ | सङ्घीय सरकारसँग समन्वय |
| **५.१.७ पर्यापर्यटन, वन्यजन्तु पालन र प्रजनन** | सामुदायिक वन र नीजि क्षेत्रको लगानीमा सामुदायिक वनहरु भित्र पर्यापर्यटनको अवसर सिर्जना गर्ने | संख्या | १२ | प्रदेश सरकार |
| | पर्यापर्यटन उद्यम विकासको लागि सस्तो र सहुलियत ब्याजदरमा ऋण प्रवाह गर्ने | ऋणको रकम | ५ | प्रदेश सरकार |
| | समुदाय र उद्यमीहरूलाई कानुन बमोजिम वन्यजन्तु पालन तथा प्रजनन गर्न प्रोत्साहन गर्ने | संख्या | ५ | प्रदेश सरकार |
| | समुदायमा आधारित साना तथा मझौला चिडीयाखाना तथा प्रणाली उद्यान सञ्चालन गर्ने | संख्या | ८ | प्रदेश सरकार |
| **५.१.८ मानव-वन्यजन्तु सहअस्तित्व** | वन्यजन्तुको वासस्थान एवं प्रजाति संरक्षण | प्रजातिसंख्या | १५ | प्रदेश सरकार |
| | वन्यन्तुबाट मृत्यु भएका मानिसका परिवारलाई तत्कालै राहत रकम प्रदान | रकम | आवश्यकता अनुसार | संघसँगको समन्वय |
| | निश्चित प्रजातिको वन्यजन्तुको शिकारको व्यवस्था गर्ने | कानुन निर्माण | १५ | संघसँगको समन्वय |
| | विमाको व्यवस्था | संख्या, रकम | १५ | प्रदेश सरकार |
| **५.२ अन्तर निकायगत सम्वन्धित क्षेत्र**<br>**५.२.१ शहरी वन पवर्द्धन तथा व्यवस्थापन** | शहरी तथा सार्वजनिक वन, खाली स्थान, पार्क एवं सम्पदा रुखहरुको तथ्याङ्क संकलन र वैज्ञानिक अभिलेख व्यवस्थापन गर्ने | अभिलेख तयार हुने | १० | प्रदेश सरकार |
| | “एक घरः दुई बिरुवा” लगाउने व्यवस्था गर्ने | नीति तयार हुने | ६ | संघ, प्रदेश सरकार |
| | शहरी वन प्रवर्धन शाखा स्थापना शहरी वन व्यवस्थापन | संख्या | ३ | प्रदेश सरकार |
| | निजी तथा सामुदायिक वन नर्सरीहरुको क्षमता र गुणस्तर वृद्धि गर्ने | संख्या | २ | प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| **५.२.२ ताल तलैया तथा सिमसारको संरक्षण, विकास र उपयोग** | सिमसारहरुको तथ्याङ्क तथा अभिलेख तयार गर्ने | अभिलेख तयार हुने | ५ | प्रदेश सरकार |
| | सिमसार संरक्षण तथा यसका पारिस्थितीकीय प्रणालीको अध्ययन तथा अक्षुण्ण राख्न सङ्घीय निकायहरुसँग समन्वय | MOU तयार हुने | ६ | सङ्घीय निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने, |
| | रामसार सूचना सिट (Ramsar Information Sheet) तयार गरी रामसार सचिवालयमा सङ्घीय सरकार मार्फत नियमित पेश गर्ने | प्रतिवेदन पेश गरेको प्रमाण | निरन्तर | सङ्घीय निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने, |
| | "वातावरणीय सेवा भुक्तानी" को व्यवस्था कार्यान्वयन गर्ने | मिति तयार हुने | ७ | प्रदेश सरकार |
| **५.२.३ कृषि-वन प्रणालीको विकास र विस्तार** | बाँझो रहेको जग्गाहरुमा उपयुक्त कृषि वन प्रणाली विकास र विस्तार | संख्या, क्षेत्रफल (हेक्टर) | ११ | प्रदेश सरकार |
| | आम्दानी रआयआर्जनमा वनलाई जोड्ने कार्यक्रमको आयोजना गर्ने | संख्या | वार्षिक कार्यक्रम | प्रदेश सरकार |
| | वन र कृषिको माध्यमबाट रोजगारी र पर्यटनको विकास गर्ने | संख्या | प्रत्येक २ वर्ष | प्रदेश सरकार |
| | बाँझो, पर्ति जग्गामा गैरकाष्ठ वन पैदावर खेती | संख्या | ७ | प्रदेश सरकार |
| | राष्ट्रिय कृषि-वन नीति, २०७६ लाई प्रादेशिक तवरमा कार्यान्वयन गर्ने | खाका तयारी | २ | प्रदेश सरकार |
| **५.२.४ जलवायू परिवर्तन अनुकूलन र न्यूनीकरण** | जलवायु उत्थानशिल वन र वनस्पतिहरुलाई वृक्षारोपण तथा विकास गर्ने | क्षेत्र निर्धारण | ३ | प्रदेश सरकार |
| | जनचेतना अभिवृद्धि गर्ने | संख्या | वार्षिक कार्यक्रम | प्रदेश सरकार |
| | जलवायु उत्थानशील एवं परिस्थिति अनुकूल प्रजाति वृक्षारोपण गर्ने | संख्या | ३ | प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| **५.२.५ जलवायुजन्य विपद् व्यवस्थापन** | नदी नियन्त्रण गर्ने (नदी उकास क्षेत्र तथा पर्ति जग्गामा वृक्षारोपण) | क्षेत्र, संख्या | ५ | प्रदेश सरकार |
| **५.२.६ कार्वन उत्सर्जन न्यूनिकरण तथा कार्वन व्यापार** | वनमा कार्वन सञ्चितीलाई बृद्धि गर्ने | नीति योजना तयार हुने | ९ | प्रदेश सरकार |
| | वन कार्बन भण्डारणका नवीनतम प्रविधिहरू र विधिहरूको विकास र प्रयोग | प्रविधिको नाम, संख्या | ९ | संघीय सरकारको समन्वयमा |
| | कार्वन विक्रीबाट प्राप्त आम्दानीको निश्चित रकम स्थानीय समुदायमा जाने व्यवस्था गर्ने | नीति नियम तयार हुने | १८ | संघीय सरकारको समन्वयमा |
| **५.२.७ वातावरणीय सेवाको भुक्तानी** | वातावरणीय सेवा भुक्तानीको उपयुक्त प्रणाली विकास गर्ने | प्रणाली, संख्या | १६ | प्रदेश सरकार |
| | विभिन्न वातावरणीय सेवाले अर्थतन्त्रमा पुर्याउने योगदानको आँकलन गर्ने | प्रतिवेदन तयार हुने | ६ | प्रदेश सरकार |
| | तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तरसम्बन्ध झल्किने गरी जलाधार क्षेत्रको व्यवस्थापन | योजना कार्यक्रम तयार हुने | ६ | प्रदेश सरकार |
| **५.२.८ निजी वन पवर्द्धन र विस्तार** | निजी वन लगाउन चाहने कृषकलाई आवश्यक गुणस्तरीय विउ तथा विरुवाहरु निशुल्क उपलब्ध गर्ने | संख्या | साल बसाली | प्रदेश सरकार |
| | निजी वन विकास गर्न चाहने परिवारलाई सरकारले बिरुवा खरिद/उत्पादनमा अनुदान सहयोग उपलब्ध गर्ने | अनुदान रकम | साल बसाली | प्रदेश सरकार |
| | प्रदेशमा निजी वन दर्ता प्रक्रियालाई अभियानकै रुपमा सञ्चालन, | संख्या | साल बसाली | प्रदेश सरकार |
| | निजी जग्गामा वृक्षारोपण र निजी वनको व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध | अनुदान रकम | साल बसाली | प्रदेश सरकार |
| | स्थानीय तहको प्राविधिक क्षमता बृद्धि गरी निजी वन दर्ता र व्यवस्थापनमा सहजीकरण गर्ने | तालिम/गोष्ठी, संख्या | साल बसाली | प्रदेश सरकार |
| | निश्चित क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गरी निजी वन दर्ता गर्ने निजी वन धनीलाई संघसँगको समन्वय र सहकार्यमा कार्बन ब्यापारमा समावेश गर्ने | नीति तयार हुने | १८ | संघसँगको समन्वय र सहकार्य |

| | | | | |
|---|---|---|---|---|
| **५.२.९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | दलित, जनजाति, आदिवासी, विपन्नहरुको सहभागिता र नेतृत्वलाई प्रोत्साहन गर्ने | सहजीकरण गोष्ठी | साल बसाली | प्रदेश सरकार |
| | विभिन्न तालिम, गोष्ठी तथा शीप अभिवृद्धिका कार्यक्रम | सहजीकरण गोष्ठी | साल बसाली | प्रदेश सरकार |
| | समुदायमा आधारित वन व्यवस्थापन समूहहरुको कार्यकारी नेतृत्वमा सहभागिता | सहजीकरण गोष्ठी | साल बसाली | प्रदेश सरकार |
| **५.२.१० वन शुसासन प्रवर्द्धन र विस्तार** | Bottom up planning प्रणाली अवलम्बन गर्ने | योजना गोष्ठी | साल बसाली | प्रदेश सरकार |
| | वन पैदावार विक्री वितरण गर्दा इबिडिङ्गको व्यवस्था गर्ने | इबिडिङ्गको व्यवस्था तयारी | साल बसाली | प्रदेश सरकार |
| **५.२.११ अध्ययन, अनुसन्धान,प्रविधि विकास र प्रसार** | वनको प्रकार अनुरुप वन संवर्धन प्रणालीको छनौट गर्न सङ्घीय तथा प्रादेशिक शैक्षिक तथा प्राज्ञिक संस्थाहरुसँग सहकार्य | वन संवर्धन प्रणालीको छनौट हुने | १२ | सङ्घीय तथा प्रादेशिक शैक्षिक तथा प्राज्ञिक संस्थाहरुसँग सहकार्य |
| | निर्माणको लागि साल प्रजाति बाहेक अन्य स्वदेशी काठ प्रजातिहरुको आवश्यक गुणस्तर, बलियोपना, टिकाउपना (Durability) को बैज्ञानिक अध्ययन गरी प्रचार प्रसार | अध्ययन प्रतिवेदन | १५ | प्रादेशिक शैक्षिक तथा प्राज्ञिक संस्थाहरुसँग सहकार्य |
| | अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाहरुलाइ अनिवार्य रुपमा वन कार्ययोजनामा समावेश गरी लागु गर्ने | नतिजा प्रकाशन | निरन्तर | प्रदेश सरकार |
| | विधार्थीको क्षमता अभिवृद्धिका लागि वन विज्ञानमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिपमा लगाउने व्यवस्थालाई विस्तार गर्ने | क्षमता अभिबृद्धि | साल बसाली | प्रदेश सरकार |
| **५.२.१२ वन सूचना प्रणाली विकास तथा संचालन** | वन सूचना प्रणालीको वेभपोर्टल तयार गर्ने र सञ्चालन सम्बन्धमा तालिम प्रदान गर्ने | वेभ पोर्टल तयार हुने | १ | प्रदेश सरकार |
| | संघले सञ्चालन गर्ने राष्ट्रिय वन सूचना प्रणालीसँग प्रादेशिक प्रणालीलाई आबद्ध गर्ने | एकीकृत सूचना प्रणाली तयार हुने | ३ | संघ, प्रदेश |
| | वनक्षेत्रबाट प्रदेशको कूल ग्राहस्थ उत्पादन र पर्यावरणीय तथा समृद्धिमा पुर्याएको योगदान निक्यौंल गर्ने | प्रतिवेदन तयार हुने | २ | प्रदेश सरकार |

# शब्दावली

| | | |
|---|---|---|
| क्यू मिटर | : | क्यूविक मिटर (१ क्यूविक मिटर = ३५.३१ क्यूविक फिट) |
| खर्क | : | प्राकृतिक रुपमा उच्च क्षेत्रमा रहेको चरण क्षेत्र, घासे मैदान एवं झाडी बुट्यान क्षेत्र भन्ने बुझिन्छ। |
| गैरकाष्ठ वन पैदावर | : | मुख्य काठ बाहेकका अन्य (बोक्रा, फल फुल, पात, जरा आदि) वन पैदावर। |
| जडिबुटी | : | वन क्षेत्रमा प्राकृतिक रुपमा वा घरायशी रुपमा पनि उपलब्ध हुने औसधि जन्य पैदावार। |
| जलवायु | : | प्राकृतिक रुपमा देखिने / अनुभव गरिने मौसमी प्रणाली |
| जलवायु परिवर्तन | : | लामो समय (३०-४० वर्ष भन्दा अघि) को अन्तरालमा प्राकृतिक वा मानवीय क्रियाकलाप का कारणले मौसम प्रणालीमा आएको परिवर्तन। |
| जैविक विविधता | : | वनस्पति तथा प्राणीको परिस्थितिकिय, प्रजातीय तथा अनुवंसिक विविधता। |
| तलैया | | ताल भन्दा सानो आकारको प्राकृतिक रुपमा वनेको जल सतह |
| ताल | : | प्राकृतिक रुपमा बनेको जाल सतह |
| द्रुत प्रतिकार्य टोलि (Quick Response Team) | : | कुनै कार्य तत्काल नियन्त्रणको लागि तालिम प्राप्त तयार जनशक्ति |
| प्रमाणीकरण प्रमाण पत्र | : | सरकारी / अर्ध सरकारी / अन्तर्राष्ट्रिय निकायले दिने प्रमाणपत्र |
| मिचाहा प्रजाति | : | वनस्पतिको आफ्नो प्राकृतिक दायरा भन्दा बाहिर हुर्की बढी अन्य जैविक विविधतालाई नकारात्मक असर गर्ने रुख बिरुवाका प्रजातिहरू। |
| वन डडेलो | : | वन क्षेत्रमा लाग्ने आगो |
| वन व्यवस्थापन | : | : वन क्षेत्रबाट प्राप्त हुने वस्तु तथा सेवालाई सतत् रुपमा निरन्तर प्राप्त गर्न अपनाउने क्रियाकलापहरु |
| वन पैदावर | : | : वन क्षेत्रबाट प्राप्त हुने सवै प्रकारका वस्तुहरु |
| वन | : | रुख तथा अन्य वनस्पति बिरुवाहरुले ढाकेको छेत्र। (कम्तिमा ०.५ हेक्टर क्षेत्र ओगटेको, १०% रुखको छत्र ले ढाकिएको क्षेत्र ) |

| | | |
|---|---|---|
| वन संरक्षण | : | प्राकृतिक प्रकोप वा मानवीय क्रियाकलापवाट उत्पन्न क्षेती वाट वन जंगल जोगाउन अवलम्वन गरिने कार्य। |
| वन सम्वर्धन | : | वैज्ञानिक पद्दति अपनाई समग्र रुपमा वन सम्पदाको विकास गरिने कार्य। |
| सहरी वन | : | सहरी क्षेत्रमा प्राकृतिक रुपमा उम्रेको / वृक्षारोपण गरि लगाइएको बनको किसिम। |
| संरक्षित क्षेत्र | : | निकुन्ज, आरक्ष, संरक्षण एवं मध्यवर्ती क्षेत्र हरु जनाउने। |
| सारतत्व | : | बोट विरुवामा भएको सार तत्व |
| श्रोत सर्वेक्षण | : | प्राकृतिक श्रोत (वन जंगल) हरुको पहिचान गर्ने प्रकृया |
| हेक्टर | : | जमीनको नापको इकाई (१ हेक्टर भन्नाले १०,००० वर्ग मीटर जनाउदछ) |
| Bottom-up Planning | : | कार्यक्रम तथा बजेट निर्माण गर्न चालिने कदम |
| Ecological Integrity | : | परिस्थितिकिय सन्तुलन /पर्यावरण प्रति प्रतिबद्धता जनाउने |
| E-Flow | : | कानूनले तोके बमोजिम छोड्नु पर्ने जल प्रवाह |
| Forest Health Monitoring | : | वन क्षेत्रमा लाग्ने वा लागेको रोग व्याधिको अनुगमन |
| Giga gram | : | वस्तुको इकाई नाप्ने तरिका (एक गिगा ग्राम बराबर १,०००,०००,००० ग्राम) |
| Superior Genotype | : | उच्च आनुवंशिक गुण भएको विरुवा |
| Tissue Culture | : | रुख विरुवाको तन्तुका माध्यमबाट तयार पारिएको नयाँ स्वरुप |
| Yield Regulation | : | काठ उत्पादन र कटानीको मात्रा तय गर्ने प्रकृया |